परिचय :

बागमती प्रदेश अन्तर्गत पर्ने खैरहनी नगरपालिका चितवन जिल्लाको सदरमुकाम भरतपुरबाट करिब २२ कि.मी. पूर्वमा अवस्थित छ। नेपाल सरकारको मिति २०७१/०१/२५ को निर्णयानुसार गठन भएको चितवन जिल्लाको चैनपुर, खैरहनी र कुमरोज गरी तीन वटा गाउँ विकास समिति समावेश भई यस नगरपालिका गठन भएको हो। नेपाल सरकारको मिति २०७२/०६/०१ को निर्णय अनुसार कठार गाउँ विकास समिति समेत यस नगरपालिकामा समावेश भए पछि साविकका चार गाँउ विकास समितिहरुको संयुक्त रुप नै खैरहनी नगरपालिका हो। शुरुमा सानो ग्रामीण बजारको अवधारणाबाट अगाडी आएको यो पूर्व पश्चिम राजमार्गको निर्माण पश्चात द्रुत गतिमा शहरीकरण भै रहेको छ। यस नगरको प्रमुख बजारको रुपमा पर्सा बजारलाई लिन सकिन्छ। यो बजार खास गरी चैनपुर, भण्डारा, कठार, कुमरोज, विरेन्द्रनगर, पिठुवा तथा अन्य नजिकका बस्तीहरुको प्रमुख व्यापारिक केन्द्र पनि हो। खैरहनी नगरपालिका नामाकरण कसरी भयो भन्ने सम्बन्धमा विविध खाले किम्बदन्तीहरु पाइन्छ। प्राचिन कालमा सो क्षेत्रमा प्रसस्त खयर घारीले भरिएकाले तत्काल खयरघारीको नामले परिचित रहेको खयरघारी शब्द अपभ्रंस भई खैरहनी भएको भन्ने भनाई रहेको छ। सोही नामबाट खैरहनी गाँउ विकास समितिको नामाकरण भई सो खैरहनी गाउँ विकास समिति समेत गरी नगरपालिका गठन भएकोले यस नगरपालिकाको नाम खैरहनी नगरपालिका नामाकरण भएको हो।

१.२ भौगोलिक अवस्थिति, सिमाना एवम् प्रशासनिक विभाजन :

समुद्री सतह देखि करिब १९० मी. उचाईमा रहेको यस नगरपालिकालाई पूर्व पश्चिम राजमार्गले उत्तर र दक्षिण दुई भागमा बरावरी बाँडिएको छ। यस नगरपालिकाले उत्तरमा कालिका नगरपालिका, पूर्वमा राप्ती नगरपालिका र पश्चिममा रत्ननगर नगरपालिका छ भने दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज अवस्थित छ। दक्षिण तर्फ प्राकृतिक सिमानाको रुपमा बुढी राप्ती नदीले खैरहनीलाई छुट्याएको छ।

नियमित रुपमा राप्ती नदी र यसका शाखा नदीहरुले बगाएर ल्याएका कृषि योग्य मलिलो माटोको कारण यो क्षेत्र कृषिको लागि निकै उपयुक्त छ। राजनैतिक आधारमा यस नगरलाई १३ वटा वडाहरुमा विभाजन गरी स्थानीय जनताहरुलाई प्रशासनिक सेवा सूविधा पुर्याउदै आएको यस नगरपालिकाले ८५.५७ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ। निर्वाचन क्षेत्रको हिसावले प्रतिनीधि सभाको लागि चितवन जिल्लामा तिन वटा निर्वाचन क्षेत्र कायम गरीएकोमा खैरहनी नगरपालिका १ नम्बर निर्वाचन क्षेत्रमा पर्दछ। त्यस्तै गरी प्रतिनीधि सभाको क्षेत्र नं. १ मा प्रदेश सभाको लागि कायम भएका २ निर्वाचन क्षेत्र मध्ये यो नगरपालिका दुवै निर्वाचन क्षेत्रमा परेको छ। जस अनुसार प्रदेश सभा निर्वाचन क्षेत्र नं. १(क) अन्तर्गत वडा नं. ३, ६, ७, ८, ९, १० र ११ गरी ७ वटा वडा पर्दछन् भने १(ख) अन्गार्तत वडा नं. १, २, ४, ५, १२ र १३ गरी ६ वटा वडा पर्दछन्। वि.सं. २०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ६७३८५ रहेको छ। जसमा ३५०५३ महिला र ३२३३२ जना पुरुष रहेकाछन्।

| क्र.सं. | साविक गाविसका वडाहरु | साविक न.पा.का वडाहरु | हाल कायम भएका वडाहरु | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी) |
|---|---|---|---|---|---|
| १ | चैनपुर १ र २ | १ | १ | ६६५५ | ४.०१ |
| २ | चैनपुर ३ र ७ | २ | २ | ६१२८ | ८.५८ |
| ३ | चैनपुर ४, ५ र ६ | ३ | ३ | ४५२० | ९.८७ |
| ४ | चैनपुर ८ र ९ | ४ | ४ | ४३८८ | ७.१२ |
| ५ | खैरहनी ८ र ९ | ५ | ५ | ३०१७ | ४.४८ |
| ६ | खैरहनी ६ र ७ | ६ | ६ | ५९४३ | २.१७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | खैरहनी ३ र ५ | ७ | ७ | **३४८१** | ४.०८ |
| ८ | खैरहनी ४ | ८ | ८ | **७४४६** | ९.१९ |
| ९ | खैरहनी १ र २ | ९ | ९ | ५८०२ | ५.८५ |
| १० | कठार १,२,३,४,५,६ र ७ | १४ र १५ | १० | **७४६४** | १०.६२ |
| ११ | कठार ८ र ९ | १६ | ११ | ३३९१ | ६.३६ |
| १२ | कुमरोज ५,६,७,८ र ९ | १० र ११ | १२ | ४२३० | १०.१६ |
| १३ | कुमरोज १,२,३ र ४ | १२ र १३ | १३ | ४९२० | ११.०८ |
| जम्मा | | | | **६७३८५** | १०० |

खैरहनी नगरपालिकाको नक्शा :



**" कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मुल आधार"**

**खैरहनी नगरपालिकाको तेह्रौं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को**

**वार्षिक नीति तथा कार्यक्रम**

यस तेह्रौं नगरसभा अधिवेशनमा उपस्थित नगरका उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नगरसभाका सचिव, नगर शिक्षा अधिकारी, कर्मचारी साथीहरु, सञ्चारकर्मी मित्रहरुलाई मेरो व्यक्तिगत तर्फबाट तथा खैरहनी नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

आ.व २०७९/८० को कार्यक्रम सञ्चालनमा हामीलाई विभिन्न तह र तप्कामा रही सहयोग गर्नुहुने सम्पूर्ण संघसंस्था तथा व्यक्तित्वहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अब म यस खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सभाका सदस्यज्यूहरु,**

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र स्वतन्त्र जन जीविकाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । त्यस्ता आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको योगदानको पुन: स्मरण गर्न चाहन्छु ।

नगरपालिका स्थापनाकालदेखिनै यहाँका राजनैतिक दल, समाजसेवी, पुर्वजनप्रतिनिधि तथा नगरपालिकाका वर्तमान जनप्रतिनिधिहरुले नेतृत्व गरेदेखि बिगतको अथक प्रयासबाट हासिल भएको उपलब्धिहरुको जगमा टेकेर आगामी दिनमा विगतका हाम्रा भोगाई र सिकाईका साथै विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझाबहरुको आधारमा विकासको यात्रालाई तीब्रताका साथ अगाडि बढाइने छ । विगत वर्षहरुमा गरिएको संस्थागत स्व:मुल्याङ्कनमा हाम्रो नगरपालिका चितवनमा प्रथम हुन सफल भएकोछ भने नेपाल नगरपालिका संघले यसै वर्ष गरेको मुल्याङ्कनमा आर्थिक अनुशासानको विधामा नेपालकै प्रथम स्थान हाँसिल गर्न सफल भएको छ । नगरपालिकाले यस नतिजा प्रप्तिको लागि नगरपालिकाको कार्यसम्पादनमा सुझाव, सल्लाह र सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी, यस क्षेत्रका सङ्घीय तथा प्रदेशका माननिय सांसद, जिल्ला समन्वय समितिका प्रमुख, राजनीतिक दल, सामाजिक संघ, संस्था, उप प्रमुख, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, कार्यालयका सम्पूर्ण कर्मचारीहरु साथै पत्रकार मित्रहरु प्रति धन्यवाद सहित आभार प्रकट गर्दछु । साथै आगामी दिनमा समेत सल्लाह, सुझाब र सहयोगको अपेक्षा गरेको छु ।

**सभाका सदस्यज्यूहरु,**

**<u>आर्थिक वर्ष २०८०/८१ को लागि वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिइएका आधारहरु :</u>**

- नेपालको संविधानको मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु,
- संङ्घीय सरकारले अंगिकार गरेका पन्ध्रौं आवधिक योजना (२०७६/७७ - २०८०/८१) ले निर्धारण गरेको लक्ष्य र नीतिहरु,
- सन् २०१६ देखि सन् २०३० सम्मको लागि निर्धारण गरिएका दिगो विकासका लक्ष्यहरु,
- नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट, नीति तथा कार्यक्रम,
- बागमती प्रदेश सरकारको आवधिक योजना
- खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ देखी २०८२/८३ को आवधिक योजना
- बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट, नीति तथा कार्यक्रम
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरु,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५,
- संङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरु,
- खैरहनी नगरपालिकाको आर्थिक सर्वेक्षण, २०७९/८०
- माननिय सांसदज्यूहरु, विभिन्न राजनैतिक दलहरुबाट प्राप्त सुझाबहरु,
- सरोकारबालाहरुबाट प्राप्त राय सुझाबहरु,

- विगत वर्षहरुमा सम्पन्न भएका नगर सभाहरुबाट पारित भएका निर्णयहरु,
- स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझाबहरु,
- लेखापरीक्षण प्रतिवेदन, लैङ्गीक परीक्षण, सामाजिक परीक्षण लगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझाबहरु ।

**नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ देखि अवलम्वन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रमहरु निम्नानुसार रहेकाछन् :**

## १) आर्थिक विकास :

### क. कृषि विकास :

- "कृषि उत्पादनको मूल आधार, सिचाई प्रणालीमा सुधार" भन्ने भावनालाई मध्यनजर गरी सुख्खा तथा बाझो कृषि योग्य भूमिमा वर्षै भरी सिचाई पुर्याई उत्पादन वृद्दि गर्न सिचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषिमा निजी क्षेत्रको लगानी वृद्विको उचित वातावरण सिर्जना गर्न एकीकृत कृषि उपज, माछा, मासु बजार निर्माण कार्यक्रम शुरु गरिनेछ ।
- कृषि क्षेत्रमा युवाहरुलाई आकर्षित गरि कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाई कृषि उत्पादन र उत्पादकत्वमा वृद्वि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरणबाट आय आर्जन बढाउनको लागि कृषक, कृषक समूह, समिति र सहकारीको सहकार्यमा मेयरसंग कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।
- तुलनात्मक लाभ र उच्च मूल्य प्राप्त हुने विदेशबाट बढी आयात हुने बाली तथा वस्तुको उत्पादन वृद्धि गर्नका लागि कृषि सहकारीको सहकार्यमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुचको वृद्धि गर्न बिपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कम्तिमा **"एक वडा एक कृषि सहकारी"** को अवधारणामा रहेर कृषि यान्त्रीकरण, कृषि बजार, भुमि बैंक, कृषि आधुनिकीकरणका लागि श्रोत केन्द्रका रुपमा "खुल्ला सदस्यता" अवलम्वन गरेका कृषि सहकारीसंग सहकार्य गरि कृषि कार्यक्रमको सुरुवात गरिनेछ ।
- खेतियोग्य जग्गा नहुने बिपन्न तथा गरिब किसानलाई व्यवसायिक खेतीमा आकर्षित गरि कृषिमा दिगोपन ल्याउन जग्गा भाडामा अनुदान दिने कार्यक्रमको शुरुवात गरिनेछ ।
- कृषि पूर्वाधारको विकास, साना तथा मझौला कृषि उद्यमशिलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्नका लागि कृषि सहकारीको सहकार्यमा कृषिजन्य उद्योग सञ्चालन गरिनेछ ।
- स्थानीय सम्भाव्यताको आधारमा उत्पादनशील कृषकहरुको प्राविधिक, व्यवसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै उनीहरुको सहकार्यमा आधुनिक कृषि सिकाई केन्द्र सञ्चालन कार्यक्रमको सुरुवात गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कृषि प्राविधिक क्षमता अभिवृद्धि गरी एक व्यवसायिक कृषकको रुपमा विकास गर्न सहयोग तथा सहजीकरण गर्ने कार्यक्रमको शुरुवात गरिनेछ ।
- बिषादी र बीउ बिक्रेताहरुलाई नियम र कानूनको परिधि भित्रमात्र कारोबार गराउन अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ बाली उत्पादन वृद्धि गर्न माटो परीक्षण, माटोको अम्लिय र क्षारियपनलाई निर्मूल पार्न कृषि चुन वितरण, बाली रोग परीक्षण शिविर, वर्षै भरि बाली अनुगमन, बिषादीमुक्त तरकारी उत्पादन गर्न आई.पी.एम. कार्यक्रम तथा बिषादी प्रयोग सचेतना तालिमलाई निरन्तरता दिइनेछ ।
- कृषि क्षेत्रमा लागत कम गर्न र कृषिलाई आधुनिकीरण तर्फ उन्मुख गर्न नयाँ प्रविधिमा आधारित औजार – उपकरण र कृषि सामग्री वितरण गरिनेछ ।
- कृषि क्षेत्रमा हुने जोखिमलाई बीमाको माध्यमबाट न्यूनीकरण गरी बिमा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- किसानद्वारा उत्पादित महको गुणस्तरको सुनिश्चितता संग संगै महको उचित मुल्यमा बिक्रि वितरण गर्ने वातावरण सिर्जना गरिनेछ ।

- किसानद्वारा उत्पादित उपजको भण्डारण र बजारमा उच्च मूल्य पाउने गरी बिक्रि गर्न शित भण्डार सञ्चालनमा ल्याइनेछ र किसानलाई त्यसतर्फ आकर्षित गरिनेछ ।
- व्यवसायिक रुपमा केरा खेती गरी यसको उत्पादकत्व तथा उत्पादन वृद्धिबाट आन्तरिक माग पूर्ति गर्दै आयात प्रतिस्थापन गर्न केरा खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- बजार मागको आधारमा कृषि व्यवसाय प्रवर्द्धन गर्न, जनशक्ति विकास गर्न जोड दिनुका साथै वडास्तरमा तालिम दिईनेछ र कृषि क्षेत्रमा लाग्ने रोग, कीराको बारेमा जानकारी एवंम् नयाँ प्रविधिको बारेमा अवगत गराउन टोल/वस्तिस्तरीय किसान अभिमुखीकरण कार्यक्रमको शुरुवात गरिनेछ ।
- नगरभित्रको कृषिको वस्तुगत स्थिति र अवस्थाको तथ्यांक प्राप्त गर्न किसान सूचीकरण कार्यक्रम बाँकी सबै वडामा सञ्चालन गरिनेछ ।
- नयाँ तथा उन्नत जातका बीउ बिजनको प्रयोगलाई बढावा दिने र बजारमा बीउ बिजनको मुल्यमा एकरुपता ल्याउनका हेतुले खाद्यान्न बालीको उन्नत बीउ उपभोगमा अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- धानबाली तथा मकैबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- खाद्यान्न बालि धान र गहुँको उन्नत बिउ उपयोगमा अनुदान उपलब्ध गराईनेछ ।
- आर्थिक वर्ष २०७९/८० मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**ख. उद्योग तथा बाणिज्य :**

- उद्योगी व्यावसायीहरुको अवस्था, समस्या र सोको समाधानका लागि नगरमा उद्योग व्यवसाय क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- उद्योग बाणिज्य क्षेत्रको प्रवर्द्धन र विकासका लागि उद्योग बाणिज्य संघ खैरहनी, चितवन उद्योग संघ इकाई खैरहनी र नेपाल चेम्वर अफ कमर्स खैरहनीको सहकार्यलाई अगाडी बढाइनेछ ।
- बजार अनुगमन, गुणस्तरीयता परीक्षणको कार्यलाई सरोकारवालाहरु सबैको सहभागितामा प्रभावकारी तथा नियमित रुपले अगाडी बढाइनेछ ।
- उद्योग कलकारखाना तथा व्यवसायको यथार्थ विवरण संकलन गरी वर्तमान आर्थिक मन्दीको अवस्थालाई समेत आधार बनाइ उद्योग व्यवसायको करलाइ आवश्यकता र औचित्यता समेतका आधारमा कर छुट गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकामा दर्ता नभइ सञ्चालनमा रहेको व्यवसायलाई दर्ता नविकरण तथा व्यवसाय कर संकलनको लागि घरदैलो कार्यक्रम तीब्र रुपमा अघि बढाइनेछ ।
- नगरपालिकामा दर्ता भएका उद्योग व्यवसायहरुको अभिलेख व्यवस्थित गर्न प्रयोगमा ल्याईएको व्यवसाय दर्ता व्यवस्थापन प्रणालीमा सुधार गरी थप व्यवस्थित बनाईनेछ । साथै व्यवसाय दर्ताको अभिलेख व्यवस्थापन वडा कार्यालयमा पनि व्यवस्थित गर्दै लगिनेछ ।
- मध्यवर्ति क्षेत्र र राष्ट्रिय निकुञ्ज आसपासका क्षेत्रमा सञ्चालन हुने उद्योग तथा व्यवसायको सहजरुपमा दर्ताका लागि चितवन राष्ट्रिय निकुञ्जसंग समन्वय गरी सहजीकरण गरिनेछ ।
- उद्योग तथा कल कारखानामा काम गर्ने मजदुर तथा रोजगारदाता बीचको द्व व्यवस्थापन तथा रोजगारदाताहरुको हकहित संरक्षणको पक्षमा उद्योगी व्यवसायीहरुसँग आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ ।
- व्यवसायको तथ्यांक संकलन तथा दर्ता र नविकरण कार्यका लागि व्यवसाय घुम्ती शिविर सञ्चालन गरिनेछ साथै अनुगमन कार्यलाइ तिव्रता दिइनेछ ।

**ग. पर्यटन, प्रवर्द्धन तथा संस्कृति विकास :**

- खैरहनी नगरपालिकाको दक्षिणी क्षेत्रलाई सौराहाको पर्यटन व्यवसायसँग आवद्यता गर्न कार्यक्रमहरु ल्याइनेछ ।
- नगरक्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरुको विकासका लागि मागका आधारमा थप योजना सहित पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरु अगाडि बढाइनेछ ।
- थारु, दराइ, मगर तथा अन्य जातजातिको संग्रालयको व्यवस्थापन गरी पर्यटकहरुलाइ आकर्षित गरिनेछ ।

- साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङ्क संकलन गरी आर्थिक विकासमा टेवा पुर्याउन सक्ने सम्पूर्ण सम्पदा तथा सँस्कृति झल्काउने स्थान र समुदायको संरक्षण र स्थापनामा जोड दिइनेछ।
- ऐतिहासिक धार्मिक तथा पुरातात्विक मठ, मन्दिर, गुम्बा, मस्जिदको संरक्षण तथा उपयोगमा विशेष जोड दिइनेछ।
- होमस्टे (घरबास) को विकास मार्फत ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरिनेछ। होमस्टे सञ्चालकलाई स्थानीय कला, संस्कृति, भेषभूषा, मौलिकता, परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- असल पर्यटन अभ्यास (**Good Tourism Practice**) को मापदण्ड निर्धारण र कार्यान्वयन गर्न सक्षमता विकासको लागि उपयुक्त कार्य गरिनेछ।
- नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको मौलिकता, कला संस्कृति, पहिचान झल्कने श्रोत सामग्रीको प्रदर्शनी (Exhibition) गर्नुका साथै स्थापना भएका सङ्ग्रालयहरुको स्तरोन्नति गरिनेछ।
- नगरक्षेत्रभित्रका पर्यटकीय सम्भावना बोकेका स्थलहरुको सूचना र जानकारी सार्वजनिकीकरण गर्न पालिकाको Web site, Mobile App र Social Site मार्फत सचित्र प्रचारप्रसार गर्ने कार्यको शुभारम्भ गरिनेछ।
- पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत पर्यटन विकासको साथै पर्यटन व्यवसायीहरुलाई सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- दलित होमस्टे सञ्चालनको लागि प्रोत्साहन गरिनेछ। साथै अन्य होमस्टे कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- वातावरण सरक्षंण तथा तटबन्धन जस्ता कार्यहरु गर्दा पर्यटन विकासको सम्भावनालाई समेत मध्यनजर गरिनेछ।
- कुमरोज सामुदायिक वन, अजिंगरे सामुदायिक वन, चिसापानी सामुदायिक वन तथा खै.न.पा १० स्थित देवीस्थान मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा प्रबर्धन गरिनेछ।
- कंकालि कोटमा पैदल मार्गबाट जानको लागि एक सिंढी एक व्यक्तिको अवधारणा अनुसार निर्माण गर्नुका साथै कंकाली सामुदायिक वनमा देविको मूर्ति स्थापना गर्न तामाको संकलन गरी निर्माण कार्यलाई अगाडि बढाईने छ।
- खैरहनी ५ मा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- पर्यटन विकास समिति गठन गरी सोको व्यवस्थापन गरिनेछ।

## घ. सहकारी विकास :

- सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाइ सहकारी क्षेत्रको समुचित व्यवस्थापनका लागि नियमन, प्रवर्द्धन र प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गर्दै सुशासन र वित्तीय व्यवस्थापनलाई सुदृढ गर्न नियमीत अनुगमनको व्यवस्था मिलाइनेछ।
- सहकारी संस्थाले दिगो आर्थिक विकासमा पुर्याएको योगदानको मुल्याङ्कन गरी सहकारीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रेरित गर्दै रोजगारीको अवसर सृजना गर्न जोड दिइनेछ।
- उत्पादन र रोजगारीलाई सहकारीसंग आवद्ध गराई बढी रोजगारी सृजना गर्ने सहकारीलाई प्रोत्साहन गरी सम्मान गरिनेछ।
- सहकारीहरु प्रति आम जनताको विश्वास बढाउन क्षमता विकास सम्बन्धी कार्यहरु गरिनेछ भने प्रचलित सहकारी सम्बन्धी कानूनहरुको पालना नगर्ने तथा नियमानुसारको प्रगति प्रतिवेदनहरु नियामक निकायमा पेश नगर्ने सहकारीहरुलाई कानून अनुसार कार्वाही गरिनेछ ।

## ङ. जलश्रोत, खानेपानी तथा सिंचाई :

- नगरभित्रका सबैघरधुरीमा स्वच्छ खानेपानीको पहुँच र प्रयोग हुनेगरि खानेपानी आयोजनाहरु सञ्चालनमा आवश्यक सहयोग गरिनेछ।
- खैरहनी नगरपालिका वडा नं. १० र ११ मा स्वच्छ खानेपानीको विस्तार गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- जलपर्यटनको सम्भावता रहेका क्षेत्रमा जलस्रोतको उचित व्यवस्थापन हुनेगरी आवश्यक योजनाहरुलाई प्राथमिकता दिइनेछ।
- सिंचाइमा देखिएका समस्याहरुलाई समाधानका लागि सिंचाइको लागि प्रयोग हुने सबै किसिमका प्रविधिहरुको आवश्यकता अनुसार प्रयोग गरी योजनाहरु सञ्चालनमा ल्याइनेछ जसले गर्दा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने विश्वास लिइएको छ।

## च. पशुपछीं विकास :

- पशुपालन व्यवसायलाई व्यवसायिक रुपमा विस्तार गर्न कृषकलाई प्रोत्साहन गर्न गोठ सुधारमा अनुदान दिईने छ।
- उत्पादन लागत कम गर्न घाँसमा आधारित पशु आहारमा आत्मानिर्भर गर्न ऊन्नत घाँसको बीउ/बेर्ना वितरणलाई निरन्तरता दिईनेछ।
- कम लगानीमा छिटो आम्दानी हुने बंगुरपालन व्यवसायलाई खैरहनी नगरपालिका वडा नं. २, ३ र ४ लाई बंगुर हवको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
- विपन्न समुदायको आर्यआर्जन गर्न समुह मार्फत स्थानीय खरी बाख्रा बीउ पुँजीको रुपमा वितरण गरी बाख्रापालन विस्तार गर्ने र नश्लसुधारको लागि उन्नत नश्लको बोका अनुदानमा वितरण गरिनेछ।
- पशुको उत्पादन, उत्पादकत्व वृद्धि गर्न पशु स्वास्थ्यको चेतना फैलाउन दीर्धरोगी पशुको उपचार र प्राविधिक सेवा एकैथलोमा उपलब्ध गराउन पशु स्वास्थ्य शिबिर सञ्चालन तथा पशु प्रजनन् बिकृति सम्बन्धी ऊपचार र निवारणको लागि धुम्ति प्राविधिक सेवा उपनब्ध गराईने छ।
- माछा पोखरी विस्तार गर्न ५ कठ्ठा भन्दा कम क्षेत्रफलमा साना माछापोखरी खन्न अनुदान उपलब्ध गराईने छ।
- आकस्मिक माहामारि रोग खोरेत, पि.पि.आर, स्वाईन फिभर, लम्पि स्किन रोगको लागि कृषकको घरदैलोमा गई खोप लगाई रोगको रोकथाम गर्ने व्यवस्था मिलाईनेछ।
- शहरिकरणको विकास संगै कुकुरको संख्यामा वृद्धि भई रेबिजको प्रकोप समेत बढेकाले निशुल्क रेबिज खोप लगाउने र वडा भित्र रेबिज खोप शिबिर सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।
- कृत्रिम गर्भाधान मार्फत दुधको उत्पादनमा वृद्धि गर्न र उत्पादनशिल बाच्छी र पाडापाडी उत्पादन गर्न गोठ गोठमा पुगि कृत्रिम गर्भाधानलाई प्रोत्साहन गर्ने नीति र लक्ष्य लिइएको छ।
- पशुपन्छीको स्वास्थ्य उपचारको लागि पशु सेवा शाखामा प्रयोगशाला व्यवस्थित रुपमा सञ्चालन गर्ने र गोबर परीक्षण, दुध परीक्षण, रगत परीक्षण र माछापोखरीको पानीको गुणस्तर परीक्षण गरी पशुपन्छीलाई निशुल्क उपचार तथा औषधी वितरण गरिने छ।
- पशुपन्छीको प्रजनन् सम्बन्धी समस्या पहिचान तथा प्रजनन् रोग निदानको लागि U.S.G. मेसिन खरिद गरी सेवा सञ्चालन गरिने छ।
- पशुमा देखिने Milk Fever, Ketosis र Downers Cow Syndrome लागेको पशुको उपचारको लागि पशुलाई उभ्याउन काउ लिफ्टर मेसिनको साथै व्यवसायिक पशुपालनलाई टेवा पुग्ने गरी कृषकलाई ऊद्यमी बनाउन काउम्याट, थुनेलोकिट अनुदानमा वितरण गरिनेछ।
- कृषकहरुलाई व्यवसायिक पशुपालन तर्फ उन्मुख गराउन वडा वडामा सिप तथा सचेतनामुलक तालिम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई विस्तार, व्यवसायिकरण गर्न आवश्यक आधुनिक कृषि यान्त्रिकरण अनुदानमा वितरण गरिने छ।
- नगर भित्रको माछा, मासु पसललाई व्यवस्थित गर्न मासु तथा माछा पसल सुधार साथै पशु वध गर्ने वधशाला निर्माण गर्न प्रोत्साहन गरिने छ।
- गाई तथा भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- माछा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

**छ. राजश्व सम्बन्धी नीति :**

- महिलाका नाउँमा दर्ता हुने उद्योग तथा व्यवसायीक फर्मलाई दर्ता शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- खैरहनी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरी सकीएकोछ। नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई, बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न उक्त कार्ययोजना बमोजिमका सुधारका कार्यहरु अगाडी बढाइनेछ।

- नगरबासीलाई आफ्नो करप्रतिको जिम्मेवारी र कर्तव्य बोध गराउन करदाता शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ। यस्ता किसिमका कार्यक्रममा उद्योग बाणिज्य संघ खैरहनी चितवन, चितवन उद्योग संघ खैरहनी ईकाइ र नेपाल चेम्बर अफ कमर्स खैरहनीसंग सहकार्य गरिनेछ।
- नागरिकले आफूले तिर्नुपर्ने करको बारेमा पूर्व जानकारी पाउने प्रणालीको विकास गरी राजश्व संकलन कार्यलाई पूर्वानुमानयोग्य बनाउन शुल्कको बारेमा अग्रीम जानकारी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। साथै सेवाग्राहीको सहजताका लागि कर तिर्न विद्युतीय भुक्तानी (E-Payment) सेवाको विस्तार गरिनेछ।
- यस अघि दिइदै आएको राजश्वमा छुट र सहुलियतको व्यवस्थालाई यथावत राखिनेछ।
- नगरपालिकाले प्रदान गर्ने सेवा, सुविधा, सहायता, अनुदान रकम भुक्तानीलाई क्रमश: राजश्व असुलीसँग अन्तरसम्बन्धित बनाई कडाइका साथ लागु गरिनेछ।
- नगरपालिकाका विभिन्न विधामा कर तिर्ने ठुला करदाताहरुलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ।
- कानूनत नगरपालिकालाई राजस्व तिर्नु बुझाउनु पर्ने दायित्व भएका व्यक्ति संघ सस्थाको राजस्व वक्यौता रहेको वा राजस्वको दायरामा नआएकालाई नगरपालिकाको तर्फबाट कुनै किसिमका सेवा, कार्यक्रम वा योजना उपलब्ध गराइने छैन।
- वडा कार्यालयहरुबाट नै एकीकृत सम्पत्ति कर तथा अन्य राजस्व संकलन गर्ने व्यवस्था मिलाईएको छ साथै यसलाई अझै व्यवस्थित गर्दै लगिनेछ।

**ज. रोजगारी सृजना, स्वरोजगार कार्यक्रम तथा उद्यम विकास :**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा लागत साझेदारी कायम गरिनेछ।
- खैरहनी नगरपालिकामा रहेका विभिन्न रोजगारदाता तथा रोजगारीको अवसरको खोजिमा रहेका व्यक्तिहरुलाई लक्षित गरेर रोजगार मेला कार्यक्रमको आयोजना गरिनेछ।
- स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ। बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ। पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई नगरपालिकाबाट नै प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ। गरिबी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न पहलकदमी चालिनेछ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ। युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।
- रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ। पालिकास्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकतामा दिईनेछ।
- कुनै पनि काम ठुलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्न जनप्रतिनिधि तथा कर्मचारीहरु प्रत्यक्ष रुपमा सरसफाई कार्यमा सहभागि भई "श्रमको सम्मान, राष्ट्रको अभियान" कार्यक्रम सञ्चालन गरिनेछ।
- रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान, समस्याको निदान तथा रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न रोजगार संवाद मञ्च कार्यक्रम सञ्चालन गरिनेछ।
- खैरहनी नगरपालिकाको रोजगार रणनीति तर्जुमा गरिनेछ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व वृद्धि र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनेछ।

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सिर्जना तथा तालिम लिई सकेका उद्यमिलाई आवश्यकताका आधारमा पुर्नताजकि तथा एडभान्स तालिम सञ्चालन गरिने छ ।
- नगरपालिकाबाट उपलब्ध गराईएका विभिन्न सीप विकास तालिमहरुको संरक्षण तथा व्यावसाय सञ्चालनको लागि बिउ पुँजीको रुपमा अनुदान रकम उपलब्ध गराईनेछ ।

## २) सामाजिक विकास

### क. शिक्षा, युवा तथा खेलकूदः

#### १ शिक्षाः

- प्रारम्भिक बालविकास केन्द्रमा पूर्व प्राथमिक उमेरका बालबालिकाको पहुँच सुनिश्चित गरीनेछ । कक्षामा बालबालिकाको टिकाउदरमा वृद्धि गर्दै गुणस्तर सुधारको कार्यक्रम सञ्चालन गरिनेछ । केन्द्रलाई शैक्षिक र खेल सामाग्रीको व्यवस्थापन संगै बालमैत्री केन्द्रको रुपमा स्थापित गरी नमूना बालविकास केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।
- विद्यालयमा विद्यार्थीको पहुँच वृद्धि गर्न बिचैमा कक्षा छाडने र कक्षा दोह्र्याउने दरमा कमी गरी विद्यालयमा विद्यार्थीको नियमिततामा वृद्धि गरिनेछ । विद्यालयमा छात्राको उपस्थिति बढाउन, सेनेटरीप्याड वितरणको कार्यक्रम तथा पूर्व प्राथमिक देखि कक्षा ६ सम्मका बालबालिकालाई दिवाखाजाको कार्यक्रम र निःशुल्क पाठ्यपुस्तकको वितरण तथा छात्रवृत्ति वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्रको सामुदायिक कलेजमा स्नातक तहमा अध्ययनरत थारु, दलित, अपाङ्ग, अल्पसंख्यक तथा अति विपन्न परिवार भित्रका आर्थिक अवस्था कमजोर भएका छात्राहरुको शिक्षामा समान पहुँच कायम गर्न उक्त समूहका छात्राहरु तथा दलित छात्रहरुलाई स्नातक तहसम्मको अध्ययन पुरा गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ । यसका लागि आगामी आ.व. मा कार्यक्रम विस्तार गरी स्नातक तह दोश्रो वर्षमा अध्ययनरत छात्राहरु तथा दलित छात्रहरुका लागि कार्यक्रम उपलब्ध गराइनेछ ।
- कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरुलाई निजी शैक्षिक संस्थाहरुबाट उपलब्ध गराउने छात्रवृत्तिमा सम्बन्धित संस्थाबाट पाँच प्रतिशत र नगरपालिकाबाट पाँच प्रतिशत विद्यार्थी छनौट गरी विद्यार्थीहरुको लागि दश प्रतिशत उपलब्ध हुने छात्रवृत्तिलाई सुनिश्चित गरिनेछ । यसका लागि कार्यविधि संशोधन गरी कार्यान्वयन गरिनेछ ।
- शिक्षकहरुलाई आफुले अध्यापन गर्ने विषय र नविनतम प्रविधिसंग सम्बन्धित तालिमको व्यवस्थापन गरी अध्यापन क्षमतालाई अभिवृद्धि गरिनेछ ।
- परीक्षा र मूल्याङ्कन पद्धतिलाई समयानकुल परिमार्जन गर्दै लगिनेछ । आफुले अध्यापन गर्ने विषयमा विद्यार्थीले प्राप्त गरेको समग्र नतिजामा उच्चतम GPA कायम गराउन सफल शिक्षकहरुलाई “क” र “ख” वर्गमा विभाजन गरी पुरस्कृत गरिने छ । यसको लागि आवश्यक सफ्टवेयर र कार्यविधि निर्माण गरी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गरिनेछ ।
- सामुदायिक विद्यालयमा पूर्व प्राथमिक तहमा विद्यार्थी संख्या र आधारभूत तथा माध्यमिक तहमा विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षक नपुग हुने देखिएमा त्यस्ता विद्यालयहरुमा विषयगत रुपमा युवा स्वयंसेवक शिक्षक व्यवस्थापन गरी पठन पाठनलाई नियमित गरिनेछ ।
- Six To Six कार्यक्रमलाई निरन्तरता दिई आगामी आ.व. मा कक्षा ८ र १० मा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि अतिरिक्त कक्षाको व्यवस्थापन गरिनेछ । उक्त कक्षामा अध्ययनरत अति विपन्न परिवारका विद्यार्थीहरुको लागि आवश्यक देखिएमा विद्यालय र वडा कार्यालयको सिफारीशमा खाना तथा स्टेशनरीको व्यवस्थापन गरिनेछ ।
- आधारभूत तहमा अध्ययनरत दलित, लक्षित वर्ग, सिमान्तकृत समूह तथा अति विपन्न परिवारका विद्यार्थीहरुको अध्ययन क्षमता अभिवृद्धि गर्न त्यस्ता समूहका परिवारको बसोबास रहेको स्थानमा विद्यालय समयको अतिरिक्त समयमा कार्यक्रम सञ्चालन हुने गरी टोल विकास संस्था मार्फत "विद्यार्थी गृहकार्य"(Home Work) को कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रम सञ्चालनको लागि कार्यविधि निर्माण गरी कार्यन्वयनमा ल्याइनेछ ।
- भौतिक अवस्था कमजोर भएका विद्यालयको भवन र निर्माण सम्पन्न गर्न बाँकी रहेको भवन, कक्षाकोठा निर्माण एवंम् मर्मत, खानेपानी, शौचालय, कम्पाउण्डवाल र फर्निचर नपुग भएका विद्यालय, ICT को कार्यक्रम, विज्ञान प्रयोगशाला र पुस्तकालयको कार्यक्रम आवश्यक परेका विद्यालयमहरुमा विद्यालय भौतिक पूर्वाधार विकासको कार्यक्रम मार्फत कार्य सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयका विद्यार्थिहरुको विद्यालयमा गई स्वास्थ्य परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## २ युवा विकासः

क. युवामा स्वयंसेवी भावना तथा सामाजिक जिम्मेवारी बोध गराउन युवा स्वयंसेवक परिचालनमा जोड दिइनेछ । सामाजिक क्रियाकलापमा युवाको संलग्नता बढाउने कार्यक्रम सञ्चालन गरिनेछ । नगर तथा वडास्तरमा गठन भएको युवाक्लवलाई कार्यविधि अनुसार पुनर्गठन गरी परिचालन गरिनेछ । युवा स्वरोजगारमा सहयोग पुग्ने खालका कार्यक्रम छनौट गरी कार्यक्रमलाई अगाडी बढाइनेछ ।

ख. उमेर पुगेका किशोर किशोरीहरुलाई लक्षित गरी लागु औषध प्रयोग तथा यौनजन्य हिंसालाई निरुत्साहित गर्ने कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

## ३ खेलकुद विकासः

क. विद्यार्थी एवम युवाहरुमा खेलप्रति अभिरुचि जगाई खेलमा प्रतिस्पर्धि बन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा प्रदेशस्तरीय खेलमा पदक विजेता खेलाडीलाई पुरस्कार तथा सम्मान प्रदान गरिनेछ । खेलाडीहरुमा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटित गर्न, खेलप्रति प्रतिस्पर्धिको भावना जागृत गराउन विद्यालय तथा नगरस्तरमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, मेयरकप फुटवल प्रतियोगिता विद्यालय खेल प्रतियोगिता तथा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापको कार्यक्रम सञ्चालन गरिनेछ ।

ख. जनप्रतिनिधि र कर्मचारी विचको मित्रतालाई कायम राख्ने गरी सञ्चालन हुदै आएको फुटवल प्रतियोगिता, कवड्डी प्रतियोगिता जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ । शिक्षकहरु बीच सञ्चालन हुने मैत्रीपूर्ण भलिवल खेल प्रतियोगितालाई निरन्तरता कायम गरिनेछ ।

ग. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा खेलप्रतिको अभिरुचि जागृत गर्दै सञ्चालित प्रतियोगितामा प्रतिस्पर्धि हुने वातावरण सृजना गर्न विद्यालयमा खेल सामाग्रीको व्यवस्थापन गरीनेछ । नगर खेलकुद समिति मार्फत खेलकुद प्रशिक्षकलाई प्रशिक्षण दिई विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

घ. नगर खेलकुद विकास समितिको संस्थागत क्षमतालाई सवल बनाईनेछ । विधागत खेललाई खेलकुद समितिमा सुचिकृत गरी समिति मार्फत खेल प्रतियोगिताको कार्यक्रम सञ्चालनमा ल्याइनेछ । जिल्ला, प्रदेश र राष्ट्रियस्तरमा सञ्चालन हुने प्रतियोगितामा सहभागी हुने खेलाडीको छनौट र सहभागिताका सम्बन्धमा नगर खेलकुद समितिलाई जिम्मेवार बनाइनेछ । नगर भित्रका खेलाडीहरुको पहिचान गरी खेलाडीको खेल प्रतिको रुचि र क्षमता अभिवृद्धि गर्ने खालका नगरस्तरीय खेलकुदका कार्यक्रम नगर खेलकुद विकास समिति मार्फत सञ्चालनमा ल्याइनेछ ।

ङ. खेलाडीहरुको खेलका दौरानमा हुनसक्ने दुर्घटनालाई मध्यनजर गर्दै खेलाडीको विमाको व्यवस्था गरिनेछ ।

च. नगरपालिकाको विभिन्न स्थानमा ओपन जिमको व्यवस्था क्रमश: गर्दै लगिनेछ ।

### ख. स्वास्थ्य

- खैरहनी नगर अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी यसै आ.व. बाट २४ घण्टे आकस्मिक सेवा समेत सञ्चालन गरिनेछ ।
- खैरहनी नगर अस्पतालको सेवाको गुणस्तरीयता अभिवृद्दिको लागि आवश्यक भौतिक, प्राविधिक तथा मानव संसाधन विकास गर्दै लगिनेछ ।
- गर्भवती महिलाको प्रोटोकल अनुरुपको स्वास्थ्य जाँचको क्रमका अत्यावश्यक जाँचहरु निशुल्कः रुपमा उपलब्ध गराउन आवश्यक बजेट बिनियोजन गरिनेछ ।
- ६८ वर्ष माथिका जेष्ठ नागरिकलाई **बा आमा स्वास्थ्य कार्यक्रम** अन्तरगत स्वास्थ्यकर्मी घरमै गई स्वास्थ्य जाँच सेवा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- लक्षित वर्गको लागि स्वास्थ्य बिमामा अनुदान कार्यक्रमलाई अझ व्यापक बनाइनेछ ।
- निशुल्क आधारभुत स्वास्थ्य सेवाको पहुँच विस्तारको लागि आधारभुत स्वास्थ्य केन्द्रहरुको भौतिक तथा प्राविधिक पुर्वाधारको निरन्तर विकास तथा सम्वर्द्धन गरिनेछ ।

- कुनै एक स्वास्थ्य संस्थालाई स्वास्थ्य प्रवर्द्धक स्वास्थ्य संस्था (Health Promoting Health Facility) को रुपमा व्यवस्थित गर्न योगा हल र खुला जिम केन्द्र निर्माण तथा सामाजिक व्यवहार परिवर्तन (Social Behaviour Change) लक्षित डिजिटल डिस्प्लेको व्यवस्था गरिनेछ।
- महिलाहरुको प्रजनन् स्वास्थ्य समस्याहरु ( पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, पाठेघर खसेको, यौनजन्य संक्रमण आदि) को खोजपड्ताल तथा उपचारको लागि एकिकृत शिविर सञ्चालन गरिनेछ।
- भविष्यमा स्वस्थ र उत्पादनशिल मानव संसाधनको विकासको लागि सुनौलो हजार दिनमा लगानी भन्ने नारासहित गर्भवती र २ वर्ष मुनिका बालबालिका लक्षित पोषण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ। यस्ता कार्यक्रममा वितरण गरिने पौष्टिक आहारमा यथासम्भव स्थानीय उत्पादनलाई प्राथमिकता दिईने छ।
- नगरपालिकालाई पोषणमैत्री नगरपालिका बनाउनको लागि आवश्यक मापदण्ड पुरा गर्नेतर्फ नगरपालिकाका कार्यक्रमहरू केन्द्रित गरिनेछ।
- स्वास्थ्य संस्थाहरुमा निशुल्कः वितरण हुने औषधीहरुको अभाव नहुनेगरि व्यवस्था मिलाइनेछ।
- घरमा हुने सुत्केरी शुन्यमा झारी मातृशिशु मृत्युदर घटाउन २४ घण्टे सुत्केरी सेवालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ।
- डेङ्गी, जे.ई., मलेरिया, स्क्रब टाइफस जस्ता किटजन्य रोगहरु नियन्त्रणको लागि एकिकृत भेक्टर नियन्त्रण लगायतका प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- आयुर्वेद लगायत वैकल्पिक चिकित्सा सेवाहरुको स्तरोन्नती गरी सेवाको पहुँच समेत विस्तार गरिनेछ।
- विपन्न परिवारका बालबलीकाको पोषणको लागि भत्ता उपलब्ध गराईने छ।
- खोप, पोषण सेवा लगायत अत्यावश्यक बालस्वास्थ्य कार्यक्रमहरुको पहुँच विस्तारको लागि प्रत्येक बालकमा पुग (Reach Every Child) को नीति अवलम्वन गर्दै सोही अनुरुपको सूचना प्रणाली व्यवस्थित गरिनेछ।
- मृगौला रोगको डायलाइसिस गर्न जाने बिरामीहरुलाई उपलब्ध गराउदै आएको यातायात सुबिधालाई निरन्तरता दिइनेछ।
- HIV संक्रमितहरुको लागि पोषण सहयोग स्वरुप मासिक रुपमा रकम उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सबै किसिमका सम्भावित महामारीको नियन्त्रण तथा रोकथाम र उपचारको लागि औषधी, उपकरणहरु तथा सुरक्षा सामाग्रीहरुको अभाव नहुने गरी व्यवस्थापन साथै स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरिनेछ।
- आवश्यकता र औचित्यताको आधारमा आधरभुत स्वास्थ्य केन्द्रहरुको संख्यामा परिमार्जन गरिनेछ। यसरी परिमार्जन गर्दा त्यस्ता केन्द्रबाट नियमीत रुपमा प्रदान गरिने खोप सेवा सोही संस्थाबाट सञ्चालन हुने गरी व्यवस्थापन गरिनेछ।
- गर्भवती तथा सुत्केरी महिलाहरुको लागि पोषणमा बिशेष ध्यान पुर्याउनु पर्ने भएकोले उपप्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रमको सुरुवात गरिनेछ।

**ग. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**

- युवा महिलाहरूलाई लक्षित गरी सीप विकास सम्बन्धी नयाँ किसिमका कार्यक्रम सञ्चालन गरिनेछ।
- समावेशी एवंम् सामाजिक न्याय सहितका विकास नीति तथा कार्यक्रमहरुद्वारा जनताको दैनिक जीवन शैलीमा सकारात्मक रुपान्तरण ल्याउने उदेश्यले दलित महिला वडा सदस्य र एकल महिलाहरुलाई सकारात्मक सोच शक्ति तालिम सञ्चालन गरिने छ।
- खैरहनी नगरपालिका भित्र यौनिक अल्पसख्यकहरुको पहिचान भएका नगरवासीहरुको तथ्यांक संकलन गरि लैगिक समानता र सामाजिक समावेशीकरण कार्यक्रममा सहभागी गराईने छ।
- खैरहनी नगरपालिका क्षेत्रभित्र रहेका अपांगता भएका व्यक्तिहरुको तथ्यांक संकलन गरी “ग” र “घ” वर्गका अपाङ्गता भएका व्यक्तिलाई आय आर्जनका लागि आवश्यक जीवन उपयोगी सिप प्रविधिको साथै विउ पुँजीको समेत व्यवस्था गरिने छ।

- बालमैत्री स्थानीय शासन लागू गरी बालमैत्री नगरपालिका घोषणाको तयारीको लागि कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- नगरपालिकाले जोखिममा परेका हिंसा पिडित महिला, किशोरी, बालिकाहरुको अल्पकालीन संरक्षणको लागि स्थापना गरेको SAFE HOUSE सञ्चालनको लागि व्यवस्था मिलाईने छ।
- खैरहनी नगरपालिका भित्रका ६० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुका लागि जेष्ठ नागरिक संघ गठन गरी जेष्ठ नागरिक विश्राम स्थल सञ्चालनमा ल्याईने छ।
- वडा न. १३ का प्रथम वडा अध्यक्ष स्वर्गीय बालकुमार उप्रेतीको सम्झनामा बालकुमार उप्रेती स्मृति बाल उद्यान निर्माण गरिने छ।
- अपाङ्गता भएका व्याक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

**ग. सामाजिक सुरक्षा तथा संरक्षण :**

- सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुले सहज तरिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरी बैंकहरुसँग समन्वय गरिनेछ ।
- सामाजिक न्याय आवश्यक पर्ने सबैलाई समावेशिताका आधारमा सेवा तथा सुविधाहरु प्रदान गरिनेछ।
- सामाजिक रुपले अशक्त, अपाङ्ग तथा वृद्दवृद्दाहरुलाई सम्मान गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**घ. भूमी व्यवस्था**

- भूमीहिन दलित, भूमीहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको जग्गा नापनक्साको कार्य राष्ट्रिय भूमी आयोगसंगको समन्वयमा सञ्चालन गरिनेछ।

**३) पूर्वाधार विकास :**

**क. यातायात पूर्वाधार**

- नगरपालिका क्षेत्रभित्र विभिन्न स्थानमा हाल सञ्चालनमा रहेका सडकको दुवै तर्फ नाला, पैदलमार्ग सहित अपाङ्गमैत्री बाटोलाई निरन्तरता दिई त्यस्ता सडकहरुलाई अन्य वडा सदरमुकामसंग जोडदै लगिनेछ।
- नगर यातायात गुरु योजनालाई क्रमश लागु गर्दै लगी नगरपालिकाबाट निर्माण हुने शाखा सडकहरुको चौडाइ कम्तीमा ६ मिटर बनाइनेछ।
- नगरका भित्री सडकहरु जहाँ ६ मिटर भन्दा कम चौडाईका बाटोहरु छन् त्यस्ता सडकमा RCC ढलान गरिनेछ।
- यस चालु आ.व. २०७९/८० सम्ममा निर्माण भएका नयाँ ट्र्याकहरुलाई ग्राबेल बाटोमा परिणत गरिनेछ। साथै उच्चस्तरीय ग्राबेल बाटोहरुलाई कालोपत्रेमा स्तरोन्नती गरिनेछ।
- सडक निर्माण गर्दा वातावरणीय पक्षलाई पनि मध्यनजर गरी वातावरण मैत्री सडक निर्माणलाई प्रोत्साहन गरिनेछ।
- नगरबाट निर्माण हुने कुनै पनि सामुदायिक भवन र सरकारी भवनहरुलाई भूकम्प प्रतिरोधी तथा भवन मापदण्ड बमोजिम नक्सापास गरी निर्माण गर्ने नीति अवलम्बन गर्नुका साथै त्यस्ता भवनहरुमा निर्माण हुने पूर्वधार अपाङ्गमैत्री, बालमैत्री र लैङ्गीकमैत्री बनाउने व्यवस्था मिलाइनेछ।
- वर्षातको कारणले डुबान हुने वस्तीहरुमा ढल निकास तथा नाला विस्तार गरिनेछ।
- डिज्नी पार्क नजीक पम्पा खोलाको पुलदेखि पुरानो बाबा ग्याससम्मको खोलाको दुबै साइडमा ड्याक निर्माण, मोटरेवल बाटो र हरियाली पार्क निर्माण तथा मोटर बोट सञ्चालन गर्ने गरी पूर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिईनेछ।
- योजना सम्झौता गर्दा आयोजना स्थलको अवस्था झल्किने फोटो र आयोजना सम्पन्न पश्चात सोको फोटो भुक्तानीको साथ पेश गर्न अनिवार्य गरिनेछ।
- स्वास्थ्य संस्थाहरुको भवन, विद्यालय भवन निर्माण, विभिन्न संघ-संस्था, समुदायलाई प्रदान गरिने तालिम, जेष्ठ नागरिक, अपाङ्ग सम्मान कार्यक्रम र अपाङ्गलाई सहायक सामग्री वितरण गरिने कार्यक्रममा लागत सहभागिता नलाग्ने व्यवस्था मिलाइनेछ। यस्ता योजना बाहेक उपभोक्ता समितिबाट सम्पन्न हुने सबै योजनामा लागत सहभागिता अनिवार्य गरिनेछ।

- योजना सम्पन्न गरी फरफारक गर्दा उपभोक्ता लागत सहभागिताको अंश वापतको रकम बराबरको कार्य सम्पन्न गरेपछि मात्र योजनाको अन्तिम मूल्याङ्कन गरी फरफारक गरिनेछ । यस्तो अंश वापतको नगद रकम दाखिला गर्न लगाईने छैन ।
- सामुदायिक विद्यालयहरुको भवन निर्माण तथा मर्मत संभार सम्बन्धी कार्य गर्दा अनिवार्य रुपमा उपभोक्ता समिति मार्फत योजना सञ्चालन गरिनेछ र योजनाको रकम भुक्तानी गर्दा उपभोक्ता समितिकै नाममा भुक्तानी गरिनेछ ।
- उपभोक्ता लागत सहभागिता समेत गरी तिन लाख रुपैयासम्मका योजनाहरुको सम्झौता वडा कार्यालयमा नै गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरका सडकहरुमा क्रमश Road Marking सहित Traffic Signal, Road Furnising को कार्यहरु गर्दै लगिनेछ ।
- नगरभित्रका सवारी चाप रहेका क्षेत्रहरुमा पार्किंगको उचित व्यवस्थापन गरिनेछ ।
- नगर क्षेत्र भित्र बस तथा साना सवारी साधन (टेम्पो) पार्किङ्गको लागि आवश्यक व्यवस्था गरिनेछ ।

**ख. भवन, आवास तथा शहरी विकास**

- २०७५ साल भन्दा अघि निर्माण भएका भवनहरुको नगरपालिकामा अभिलेख राखि यथावत अवस्थामा कायम गरी घर प्रमाणित गरिनेछ ।
- नगरपालिकामा रजिस्ट्रेसन गरिएका निर्माणकर्मी तथा कन्सल्टेन्सिहरुलाई थप मर्यादित र कानुनी प्रक्रियामा ल्याउन निर्माणकर्मी तथा कन्सल्टेन्सिहरु सम्बन्धी कार्यविधि तथा कानुन निर्माण गरिनेछ ।
- वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मार्गदर्शन-२०७२ बमोजिम भवन निर्माण गर्न स्वीकृति दिईने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- घर नक्सा सम्बन्धी पुराना फाइलहरुलाई व्यवस्थित गर्न Archiving (File Digitalization) System विधि तथा नयाँ भवन नक्शा पास प्रक्रियालाई पूर्ण ONLINE गर्न घर-नक्शा शाखाको WEB PAGE निर्माण तथा निर्माण इजाजत लिएका सेवाग्राहीहरु तथा निर्माणकर्मीहरुलाई STEP BY STEP घर नक्शा प्रक्रिया बारे सूचना प्रदान गर्न MESSAGE ALERT SYSTEM लागु गरिनेछ ।
- ONLINE नक्शा पास सम्बन्धी कार्यबिधि निर्माण गरिनेछ ।
- यस नगरपालिका भित्र निर्माण भएका भवनहरुको HOUSE NUMBERING र STREET NAMING प्रक्रिया गरि ONLINE नक्शा पास प्रकियामा राख्न र घर नक्शा शाखालाई थप व्यवस्थित गरिनेछ ।
- निर्माण भएका भवनहरुको नक्शा पास तथा अभिलेखिकरण गर्दा अनिवार्य GPS (Global Positioning System) र Google Co-ordinate Location पास भएको नक्शाको लोकेसन प्लानमा राखिनेछ ।

३. व**न वातावरण, विपद व्यवस्थापन र सरसफाई क्षेत्र तर्फ**

३.**१ वातावरण संरक्षण** :

- ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन नियमका प्रावधान अवलम्वन गरिने छ ।
- नगर गौरवका सडकहरु निर्माण गर्दा वातावरण संरक्षण सम्बन्धी कार्यलाई समेत लागत अनुमानमा समावेश गर्ने व्यवस्था मिलाईने छ ।
- नगरपालिका क्षेत्र भित्र बग्ने खोलाहरुबाट कटान हुने अवस्था अत्याधिक रहेकोले खोला कटानलाई नियन्त्रण गर्नको लागि तटबन्ध लगायतका कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिकाको विभिन्न वडाहरुको खोला र कुलोमा तटबन्धन, लाईनिग, बैंक प्रोटेक्सन (BANK PROTECTION), ड्याक (DYKE) निर्माण तथा सरसफाई कार्यलाई प्राथमिकताको साथ कार्य गरिनेछ |
- नगरपालिका क्षेत्र भित्रको वातावरण गुणस्तर सूचक ( खानेपानी, वायुस्तर, ध्वनीस्तरको मापन) गर्ने व्यवस्था मिलाइने छ ।
- नगरपालिका क्षेत्र भित्र हुने विपदको घटनाको कारक जलवायु परिवर्तन समेत भएकाले, खैरहनी नगरपालिका क्षेत्रमा जलवायु अनुकुलन पद्दतिको अभ्यास गरिने छ ।

- नगरक्षेत्र भित्रको बाढी पहिरो जोखिम अध्ययन गर्न FLOOD VULNERABILITY ANALYSIS OF RIVERS OF KHAIRAHANI कार्यक्रम सञ्चालन गरिने छ|
- मानव र वन्यजन्तु बिचको सम्बन्धमा समायानुकुल सुधारका लागि आवश्यक पूर्वाधार निर्माण गरिने छ। वन्यजन्तु र मानिसको अनाधिकृत ओहरदोहरलाई नियन्त्रण गर्ने सिमानामा कंक्रिट वाल तथा तारजाली लगाइने छ।
- वृक्षारोपण, सरसफाई, जनचेतनामुलक कार्य गर्ने स्थानीय संघ, संस्था, क्लब र टोल विकास संस्थालाई प्रोत्साहित गरिनेछ र वातावरण तथा सरसफाईको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संस्था वा व्यक्तीलाई पुरस्कारको व्यवस्था गरिनेछ।

## ३.२ विपद तथा प्रकोप व्यवस्थापन

- आगलागी नियन्त्रणको लागि सेवा प्रदान गरिरहेको बारुणयन्त्र सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँच हुने गरी यसलाई थप प्रभावकारी तथा व्यवस्थित गर्दै लगिनेछ ।
- विपद् र प्रकोप पिडितहरुका लागि उद्दार हेतु अत्यावश्यक कार्यक्रम तथा दिईदै आएको राहत र सहयोगलाई निरन्तरता दिइने छ ।
- नगरपालिका क्षेत्रभित्र हुने विपद जन्य घटनालाई सक्दो छिटो न्युनिकरण गर्नको लागि **Local Emergency Operation Centre (LEOC)** स्थापना गरिने छ।
- विपद् व्यवस्थापनका लागि सबै वडाहरुमा रहेको खुल्ला सार्वजनिक स्थलहरुको पहिचान गरी संरक्षणको आवश्यक व्यवस्था गरिने छ।
- वातावरण तथा विपद् व्यवस्थापनका लागि आवश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित गरी परिचालन गरिने छ।
- खैरहनी नगरपालिकाको **स्थानिय विपद तथा जलवायु उत्थानशील योजना र विपद पूर्वतयारी तथा प्रतिकार्य योजना**लाई हरेक योजनासंग जोडेर मुलप्रवाहिकरण गरिने छ।
- खैरहनी नगरपालिकाको विपद जोखिम पहिचान, नक्साङ्कन र जोखिमको विश्लेषण सहितको विपद सूचना व्यवस्थापन प्रणाली– **विपद पोर्टल**लाई थप प्रवाहिकरण गरिने छ।
- विपद र विकासमा युवा परिचालनको नीति लिइने छ। विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सबै वडाहरुमा युवा स्वमंसेवकहरु परिचालन तथा व्यवस्थापन गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ।
- भवितव्य परी आउन सक्ने विपद व्यवस्थापन गर्न विद्यार्थी र नगरवासी बीच विपद पूर्व तयारी प्रतिकात्मक अभ्यास सहितको प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ।
- वन्यजन्तुको आक्रमणबाट घाइते भएकाहरुको उपचारको सुनिश्चितताका लागि आवश्यक समन्वय गरिनेछ।

## ३.३ . फोहोरमैला व्यवस्थापन सरसफाई

- फोहोरमैला व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग, वायोमेडिकल फोहोरको उचित व्यवस्थापन, घरेलु फोहोरलाई स्रोतमै वर्गीकरण र जग्गाको व्यवस्थापन प्रस्तावदाताले नै गर्ने गरी २०८० साल जेठ १ गते देखि फोहरमैला व्यवस्थापनको कार्य भई रहेको छ, यसलाई क्रमश व्यवस्थित गर्दै लगिने छ।
- फोहोरलाई मोहोरमा परिणत गर्न फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग र फोहोर वर्गीकरणमा **3R Principle (Reduce, Recycle र Reuse )** लाई प्रयोगमा ल्याइने छ।
- नगरपालिकाको सुन्दरता र वातावरणीय स्वच्छताका लागि फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाइने छ | फोहोरलाई स्रोतमा वर्गीकरण गर्ने, प्राङगारिक मल बनाउने जस्ता नविनतम प्रविधिलाई आत्मसात गरिने छ|
- नगरक्षेत्र भित्रका विभिन्न संघसंस्था, सामुदायिक विद्यालयहरुलाई आवश्यकताका आधारमा डस्टबिन वितरण गरिनेछ|
- नगरपालिकाका १३ वटा वडाका टोल विकास संस्थाका प्रतिनिधिज्यूहरुलाई घर भित्रको फोहोर व्यवस्थापन अन्तरगत छुट्टाछुट्टै जैविक, अजैविक गरी वर्गिकरण गर्न लगाउने, फोहोर न्यूनीकरण, जैविक फोहोरबाट कम्पोष्ट मल बनाउने कार्य गर्नका लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालनलाई **निरन्तरता** दिइने छ।

- नगरपालिका क्षेत्रको मुख्य बजारक्षेत्रहरुमा फोहोरमैला व्यवस्थापन र  विशेष सरसफाईलाई ध्यानमा राखी दैनिक सरसफाई कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ |

**४. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिहरु :**
**सूचना प्रविधि**

- खैरहनी नगरपालिकाले सम्पादन गरेका कार्यहरुको डाटा (फोटो र भिडियो सहित) व्यवस्थापनार्थ खैरहनी नगरपालिकाको लागि एकीकृत सुचना प्रणाली तयार पारिनेछ, जसमा नगरपालिकाले सम्पादन गरेका प्रत्येक दिनको आम्दानि खर्च, पूर्वाधार निर्माण, स्वास्थ्य, कृषि तथा पशुपालन, घर नक्शा, शिक्षा (शिक्षक र दिवा खाजा समेत समेटिने गरी) शाखागत विवरणहरु अद्यावधिक गरी प्रसारण गरिनेछ र यसलाई तथ्यांक भण्डारणको रुपमा प्रयोग गरिनेछ भने मोबाइल एपको माध्यमबाट दैनिक रुपमा हरेक कार्यहरुको प्रमुख/उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट अनुगमन गरिनेछ ।
- नगरपालिका र वडा कार्यालयले प्रदान गर्ने सेवा, सुविधा, परामर्शहरु सूचना प्रविधिको माध्यमबाट जनसमुदाय/सेवाग्राही समक्ष पुर्याउनको लागि नगरपालिका लगायत सम्पूर्ण वडा कार्यालयमा डिजिटल बोर्डको व्यवस्थापन गरिनेछ ।
- नगरपालिका लगायत वडा कार्यालयबाट तिर्ने कर तथा राजश्व भुक्तानीको लागि Dynamic QR CODE को व्यवस्थापन गरिनेछ । जसको मद्दतले नगद रकम भुक्तानी गर्न असमर्थ हुने अवस्थामा सो QR CODE को मद्दतले Mobile बाटै सिधै नगरपालिकाको खातामा रकम पठाउन सकिनेछ र बक्यौता तिर्न बाँकि रहेका व्यवसायी, सम्पत्ति कर तिर्न बाँकि रहेका सेवाग्राहीहरुलाई Message मार्फत जानकारी गराइनेछ र कर तिरे पश्चात पनि Message मार्फत Confirmation गराइनेछ |
- खैरहनी नगरपालिकाको स्थानीय प्रशासन तथा प्रहरी प्रशासनलाई नियमन गर्न सहयोगको लागि नगरपालिका भित्रका सुरक्षाका दृष्टिकोणले संवेदनशील क्षेत्रहरुमा Surveillance System थप गरी क्यामेरा जडान गरिनेछ |
- नगरपालिका/वडा कार्यालय/स्वास्थ्य क्षेत्रबाट हुने सेवा प्रवाहलाई थप सरल र गुणस्तरीय बनाउनको लागि प्रविधि मैत्री तालिम तथा सूचना प्रविधिमा जोड दिईनेछ |

**सुशासन तथा संस्थागत विकास**

**५. सुशासन, पारदर्शिता तथा संस्थागत विकास**

- नगरपालिकाले नियुक्त गरेका करार कर्मचारीहरुलाई उपलब्ध गराउँदै आएको कर्मचारी संचयकोषमा नगरपालिकाको तर्फबाट थप गरी दिने व्यवस्थालाई खारेज गरिने छ ।
- नगरपालिका अन्तरगत कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारीत प्रोत्साहन कार्यविधिका आधारमा उपलब्ध गराउँदै आएको सबै किसिमका अतिरिक्त भत्ताहरु खारेज गरिने छ । अतिरिक्त भत्तालाई आवश्यकता र औचित्यका आधारमा कार्यविधिमा संशोधन गरी व्यवस्थित गर्दै लगिनेछ ।
- भ्रष्टाचार  र अनियमितताका सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ ।
- नगरपालिकाबाट सम्पादन हुने कार्यक्रम तथा आर्थिक कारोबारको मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुलाई करको दायरामा ल्याईनेछ ।
- नगरभित्रका तथ्यांकहरु व्यवस्थित गर्नको लागि प्राविधिक शाखा मातहत रहने गरी तथ्यांक उपशाखाको स्थापना गरिनेछ ।
- पर्यटन क्षेत्रको विकास, पर्टकीय क्षेत्रको तथ्यांक संकलन, व्यवस्थापन तथा नियमनको लागि पर्यटन प्रवर्द्धन शाखाको स्थापना गरिनेछ ।
- सेवाग्राहीको सहजताका लागि यथासम्भव  सेवाहरु वडा कार्यालयबाट नै प्रवाह गर्ने व्यवस्था मिलाईनेछ । वडाबाट प्रवाह हुने सेवालाई क्रमश: विस्तार गर्दै लगिनेछ ।

**६. न्याय तथा मेलमिलाप**

- शान्ति, न्याय, मानव अधिकार, कानुन र मेलमिलाप सम्बन्धी ज्ञान सिप अभिबृद्धि र प्रवर्द्धन गर्न न्यायिक स्रोत केन्द्रको सञ्चालन, प्रवर्द्धन र सदुपयोगमा जोड दिइनेछ ।
- सामुदायिक सचेतिकरण र विवाद न्यूनिकरणका लागि प्रवर्द्धनात्मक सामाग्री निर्माणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- विद्यालय तहमा कानुनी साक्षरता अभियान सञ्चालन गरिनेछ ।
- कानुनी, न्यायिक तथा मेलमिलाप सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- न्यायिक निरुपणलाई प्रभावकारी बनाउन अनुभव आदानप्रदान, अध्ययन तथा अवलोकन कार्यलाई अगाडि बढाइनेछ ।
- न्यायिक समिति र मेलमिलाप केन्द्रका कृयाकलाप एवम् असल अभ्यासहरुको प्रचारप्रसार तथा सम्प्रेषण गर्नका लागि मिडिया मोबिलाइजेसनको कार्यक्रम अगाडि बढाइनेछ ।
- मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धिको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- समाजमा दिगो शान्ति, न्याय र मेलमिलाप कायम गर्नका लागि प्रज्ञाको माध्यमबाट मनको शान्ति र सकारात्मक सोच एवम् तनाव व्यवस्थापन सम्बन्धी उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गरीब तथा विपन्न परिवार पहिचान भई परिचयपत्र प्राप्त व्यक्तिलाई निःशुल्क कानूनी तथा न्यायिक सहायता कार्यक्रम शुरु गरिनेछ । साथै न्यायिक दस्तुरमा सतप्रतिशत छुटको व्यवस्था गरिनेछ ।

**सभा सदस्यहरु,**

अन्त्यमा यस नगरसभामा उपस्थित हुनु हुने नगरपालिकाका उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकारमित्रहरु प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । नगरपालिकाका सबै किसिमका कार्यक्रमहरु सफलरुपमा कार्यान्वयनमा सबैको साथ सहयोगको आवश्यकता पर्दछ । प्रस्तुत नीति तथा कार्यक्रमहरुलाई पूर्ण रुपमा कार्यान्वयन गरी सफल बनाउन यहाँहरुको सल्लाह सुझाब र मार्गदर्शन अपरिहार्य छ । तसर्थ यस नीति तथा कार्यक्रमलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याई सफल बनाउन यहाँहरुले सकारात्मक र सहयोगात्मक भूमिका निर्वाह गर्नेमा मैले आशा एवम् विश्वास लिएको छु ।

धन्यवाद ! मिति २०८०।०३।१० गते आइतवार ।

**शशी कुमार खनिया**
**प्रमुख**
**खैरहनी नगरपालिका**

**खैरहनी नगरपालिकाको तेह्रौं नगरसभा अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट वक्तव्य**

यस गरिमामय तेह्रौं नगरसभाको अध्यक्षता गरी रहनु भएका सभाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदयज्यूहरु, नगरसभाका सचिव, कर्मचारी मित्रहरु, सञ्चारकर्मी मित्रहरुलाई मेरो व्यक्तिगत तर्फबाट तथा आयोजक खैरहनी नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु।

खैरहनी नगरपालिकाको यस गरिमामय तेह्रौं नगरसभामा नगरको उपप्रमुखको रूपमा आगामी आर्थिक वर्ष २०८०/८१ को राजश्व, आय र व्यय अनुमान बजेट प्रस्तुत गर्न गईरहेको छु। यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। त्यस्ता किसिमका आन्दोलनको नेतृत्व गर्नु हुने अग्रजहरू प्रति सम्मान व्यक्त गर्दछु।

१. विगतका दुइ वर्षमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीले आर्थिक क्षेत्रमा पारेको असरको परिणाम अहिले देशव्यापी रुपमा देखिएकोछ। यसको असर सम्पूर्ण नगरवासी तथा यस नगरपालिकाको आर्थिक क्षेत्रमा समेत परेको छ।

२. जनताका विकासका नियमीत मागहरु तथा आशा एवं अपेक्षालाई सम्बोधन गर्नुपर्ने अवस्था एकातर्फ छ भने अर्कोतर्फ कोभिड-१९ महामारीले सिर्जना गरेको आर्थिक मन्दीको चुनौतीलाई सामना गर्दै सन्तुलित रुपमा विकास प्रक्रियालाई अगाडि बढाउनु पर्ने भएको छ। आगामी वर्षको बजेट आर्थिक क्षेत्रमा देखिएका चुनौतीको सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने गरी केन्द्रित रहने तर्फ परिलक्षीत हुनु पर्छ भन्नेमा हामी सजग छौं। नगरपालिकाको बजेटको ठूलो स्रोत केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त विभिन्न अनुदानहरु रहेको र आगामी वर्षको लागि केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने विभिन्न अनुदानहरुमा कम रकम प्राप्त भएकोले पनि आगामी वर्षको लागि बजेट तर्जुमामा जटिलता थपिएको छ। उपलब्ध सिमित स्रोत साधनलाई अधिकतम उपयोग गरी सबै नगरवासीको जीवन रक्षा गर्ने, विभिन्न क्षेत्रमा उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सृजना गर्ने, स्वरोजगारको लागि अभिप्रेरित गर्ने, आर्थिक अवस्थाको पुनरुत्थान गर्दै विकासको गतिलाई अगाडि लैजाने गरी बजेट तर्जुमा गरिएको छ।

**सभाध्यक्षज्यू !**

३. खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम यसै तेह्रौं नगरसभा अधिवेशनमा प्रस्तुत भई पारित समेत भै सकेकोछ। बजेट तर्जुमा गर्दा स्थानीय तहले योजना तर्जुमा गर्दा अवलम्वन गर्ने प्रक्रिया पुरा गरी वस्तीस्तरबाट आएका नगरवासीहरुका मागहरुलाई स्रोत र साधनले भ्याएसम्म यथासम्भव समेट्ने प्रयत्न गरेकाछौं। बजेट तर्जूमा गर्दा नेपालको संवैधानिक व्यवस्था, विभिन्न ऐन नियमावलीमा भएका व्यवस्था, सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनलाई आधार मानी तर्जुमा भएका योजनाहरुमा बजेट विनियोजन गरिएकोछ।

४. आन्तरिक राजश्वका दरहरु स्थानीय राजश्व परामर्श समितिको सिफारिशलाई आधार मान्दै नगर कार्यापालिकाको बैठकबाट सिफारिश भई आएका दरहरुलाई यस नगरसभामा पेश गरिएकोछ। राजस्वका अधिकांश दरहरु आर्थिक वर्ष २०७४/७५ देखि वृद्धि गरिएका छैनन्। आर्थिक वर्ष २०७९/८० का लागि एघारौं नगरसभाबाट पारित भई लागु गरिएका राजश्वका दरहरुमा सामान्य संशोधन गरी प्रस्ताव गरिएको छ भने स्थानीय राजश्व परामर्श समितिको सिफारिशमा केही नयाँ शिर्षकहरु थप गरिएको छ। हामी विगत देखि नै राजस्व वृद्धिमा राजस्वको दायरा वृद्धिलाई मुख्य आधार मानि आएका छौ। सोही अनुरुप आगामी आर्थिक वर्ष राजश्व अभिबृद्धिका लागि करका दरमा वृद्धि नगरी दायरामा वृद्धि गरी यथासम्भव करको दायरामा आउनु पर्ने कर्तव्य भएका सबै पक्षलाइ समेटेर अगाडी बढीनेछ।

**सभाध्यक्षज्यू !**

**५. अब म आ. व. २०८०/८१ को आय र व्ययको प्रस्तावित बजेट तयार गर्दा लिइएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

- नेपालको संविधानको मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु,
- संङ्घीय सरकारले अंगिकार गरेको पन्ध्रौं आवधिक योजना (२०७६/७७ - २०८०/८१) ले निर्धारण गरेको लक्ष्य र नीतिहरु,
- दिगो विकासका लक्ष्यहरु (सन् २०१६ देखि सन् २०३०),
- नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट, नीति तथा कार्यक्रम,
- बागमती प्रदेश सरकारको आवधिक योजना,
- बागमती प्रदेशको आर्थिक वर्ष २०८०/८१ को बजेट, नीति तथा कार्यक्रम,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरु,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५,
- खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ देखी २०८२/८३ को आवधिक योजना
- संङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरु,
- माननिय सांसदज्यूहरु, विभिन्न राजनैतिक दलहरुबाट प्राप्त सुझाबहरु,
- विगत वर्षहरुमा सम्पन्न भएका नगर सभाहरुबाट पारित भएका निर्णयहरु,
- स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझाबहरु,
- खैरहनी नगरपालिकाको आर्थिक सर्वेक्षण, २०७९/८०
- लेखापरीक्षण प्रतिवेदन, लैङ्गीक परीक्षण, सामाजिक परीक्षण लगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझाबहरु।

**६. अब म आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन्।**

क. सबै प्रकारका रोग तथा महामारीबाट नगरवासीको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने।

ख. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी विकासको गतिलाई तिव्रता दिने।

ग. **"सुखी नगरवासी, सवल र सम्वृद्ध खैरहनी"** लाई आत्मसात गर्दै सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत नगरपालिकाको आर्थिक अवस्थालाई उत्थानशील, समुन्नत, स्वाधीन, समृद्ध बनाउँदै लैजाने।

**७. नगरको हालसम्मको भौतिक तथा अन्य तथ्याङ्कीय विवरणको विश्लेषण :**

क. नगरपालिकाको समष्ठिगत भौतिक पूर्वाधार तर्फ हालसम्म कालोपत्रे सडक १३१.८३ कि.मी., ग्रावेल सडक २७८.७५ कि.मी., माटे कच्ची सडक १०९.५० कि.मी., मोजायक टायल ७.३१ कि.मी. गरी जम्मा ५२७.३९ कि.मी. सडक निर्माण भएको छ। आर.सि.सि. नाला ढलान ३६.२८ कि.मी.तटबन्धन ४४.०७४ कि.मि., कल्भर्ट ६१ वटा र पुल ५ वटा तयार भैसकेकोछ।

ख. स्वास्थ्य तर्फ नगर अस्पताल –१, स्वास्थ्य चौकी – ३, आधारभूत स्वास्थ्य केन्द्र-९, बर्थिङ्ग सेण्टर– १, खोप केन्द्र – १५, खोप केन्द्र भवन – १३, निजी पोली क्लिनिक–४ र मानसिक स्वास्थ्य उपचार केन्द्र-१ रहेकाछन्।

ग. विद्यालय तर्फ आधारभुत सामुदायिक विद्यालय - २१, आधारभूत संस्थागत विद्यालय - ९, माध्यामिक सामुदायीक विद्यालय-६, संस्थागत माध्यमिक विद्यालय - १३ वटा सञ्चालनमा छन्। सामुदायिक आधारभूत विद्यालयको विद्यार्थी संख्या ६२८५ जना, संस्थागत आधारभूत विद्यालयको विद्यार्थी संख्या ७३६४ गरी आधारभूत विद्यालयको विद्यार्थी जम्मा १३,६५५ रहेको छ, भने सामुदायिक माध्यामिक विद्यालयको जम्मा विद्यार्थी १२४३ जना, संस्थागत माध्यामिक विद्यालयको विद्यार्थी संख्या २४१० गरी माध्यामिक विद्यालयको जम्मा विद्यार्थी संख्या ३६५३ रहेको छ। कुल विद्यार्थि संख्या १७,३०८ जना विद्यालयमा अध्ययनरत छन्।

घ. खानेपानी तर्फ ९ वटा खानेपानी आयोजनाबाट करीब ७० प्रतिशत घरधुरीलाई खानेपानी उपलब्ध भएको छ।

ङ. खैरहनी नगरपालिकामा मात्र क्षेत्राधिकार भएका सहकारी संस्थाहरु ७८ वटा छन् भने प्रदेश क्षेत्राधिकार भएका सहकारीको संख्या १७ गरी नगरपालिका क्षेत्रमा हालसम्म जम्मा ९५ वटा सहकारी सञ्चालनमा रहेकाछन् । त्यसमध्ये कृषि सहकारी संस्था -२५ वटा, बचत तथा ऋण सहकारी संस्था - ३२ वटा, दुग्ध उत्पादक सहकारी संस्था - २५ वटा, बहुउद्देश्यीय सहकारी संस्था -६, मत्स्यपालन सहकारी संस्था -३, मौरीपालन सहकारी संस्था -१, तरकारी तथा फलफुल सहकारी संस्था -१, सामाजिक उद्यमी सहकारी संस्था -१ र विशिष्टिकृत सहकारी संघ-१ रहेका छन् ।

च. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक भत्ता पाउने लाभग्राही ३९४५ जना, दलित जेष्ठ नागरिक भत्ता पाउने लाभग्राही १४५ जना, जेष्ठ एकल महिला भत्ता पाउने लाभग्राही ५११ जना, बिधवा भत्ता पाउने लाभग्राही ७९९ जना, पूर्ण अपाङ्गता भत्ता पाउने लाभग्राही १३७ जना, अति अशक्त अपाङ्गता भत्ता पाउने लाभग्राही २९८ जना र दलित बालबालिका सुरक्षा कार्यक्रम अन्तरगत भत्ता पाउने लाभग्राही १९१ जना गरी जम्मा लाभग्राही ६०२६ जना रहेकाछन ।

छ. घटना दर्ता तर्फ यस आर्थिक वर्ष २०७९/८० मा जन्म १५४३, मृत्यु ३६८, बिबाह ६५८, सम्बन्ध विच्छेद ८९, बसाई सरी आएको ११५६ र बसाई सरी गएको ६०० गरी जम्मा ३१७१ वटा घटना दर्ता भएकोछ ।

ज. व्यावसाय दर्ता तर्फ हालसम्म जम्मा ५८११ वटा व्यवसाय दर्ता भएकाछन् भने २६० वटा व्यवसाय खारेज गरिएकोछ ।

झ. गुनासो सुनुवाई तथा सूचना प्रवाह तर्फ हालसम्म विभिन्न व्यक्ति तथा संस्थाबाट जम्मा ११२ वटा सूचना माग भएकोमा:- मोवाईलबाट ४३ वटा, ईमेल मार्फत २५ वटा, मोवाइल एप्लिकेशन मार्फत १२, नगरपालिका फेसबुक मार्फत २६ र हेलो सरकार गुनासो पोर्टलबाट ६ वटा माग भएका छन् भने हालसम्म ११२ वटा सूचनाको जवाफ उपलब्ध गराइसकिएको छ ।

ञ. नक्सापास तर्फ पुराना घरहरुको हालसम्म नक्सा अभिलेखीकरण २७२१ र नयाँ नक्सापास २०१२ गरी जम्मा ४७३३ वटा घर तथा भौतीक संरचनाको नक्सा अभिलेखीकरण तथा पास भएकोछ ।

**सभाध्यक्षज्यू,**

**८. अब म विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

क. नगरपालिकालाई विभिन्न स्रोतहरुबाट प्राप्त हुने अनुदान तथा राजस्व रकममा कमी आएको कारण चालु वर्षको तुलनामा आगामी वर्ष बजेटको आकार पनि घट्न गएको छ । जसको कारण वडाहरुलाई उपलब्ध गराउने बजेटमा पनि कमी आएको छ । आगामी वर्षको लागि प्रत्येक वडालाई १७ करोड २६ लाख बजेट बिनियोजन गरीएकोमा सो रकम मध्ये ८ करोड ६३ लाख सबै वडालाई समान रुपमा बिभाजन गरी प्रत्येक वडालाई ६६ लाख ३८ हजार ४६१, बाँकी ८ करोड ६३ लाखलाई जनसंख्या तर्फ ४० प्रतिशत, भूगोललाई ४० प्रतिशत, पिछडिएको क्षेत्रलाई १० प्रतिशत र राजस्व योगदानलाई १० प्रतिशत भार दिई बजेट बिनियोजन गरिएकोछ । यसरी बजेट बिनियोजन गर्दा सबभन्दा बढी रकम बिनियोजन हुने वडामा १ करोड ६४ लाख ७६ हजार र सबभन्दा कम रकम बिनियोजन हुने वडामा १ करोड ११ लाख ८ हजार बिनियोजन भएको छ । त्यस्तै गरी कुल विकास बजेटलाई पूर्वाधार विकासमा र प्रवर्द्धनात्मक कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाईएको छ । लक्षित वर्गलाई न्यायोचितरुपमा सम्बोधन होस भन्ने हेतुले कुल विकास बजेटबाट उचित संबोधन गरिएको छ । बजेट बिनियोजन गर्दा धेरै योजना साना टुक्रामा बिभाजन नहुन् भन्ने उद्देश्यले प्रत्येक वडाले ४० लाखसम्मका पूर्वाधार तर्फका कम्तीमा ३ वटा योजना छनौट गर्नु पर्ने व्यवस्था गरिएकोछ । बजेट बिनियोजन गर्दा कूल विकास बजेटको ८ दशमलव १२ प्रतिशत आर्थिक विकासमा, ३५ दशमलव ६२ प्रतिशत सामाजिक विकास तर्फ, ३७ दशमलव ५५ प्रतिशत पूर्वाधार विकास, २ दशमलव ५८ प्रतिशत वातावरण तथा विपद् व्यवस्थापन र १२ दशमलव ६७ प्रतिशत संस्थागत विकास र सुशासनमा बिनियोजन गरिएकोछ । २०८० जेष्ठ मसान्त सम्मको चालु खर्च रकम रु. ३३ करोड ४३ लाख ६३ हजार रहेकोछ, जुन अनुमानीत रकमको ६७ दशमलव ३१ प्रतिशत रहेकोछ ।

पुँजीगत बजेट खर्च रकम रु .४५ करोड ८२ लाख ७६ हजार रहेकोछ, जुन अनुमानीत रकमको ५२ दशमलव ९५ प्रतिशत रहेकोछ ।

देशको वर्तमान आर्थिक अवस्थामा श्रोत साधनमा आएको संकुचनले गर्दा सिमित स्रोतसाधनलाई सन्तुलित रुपमा व्यवस्थापन गर्नुपर्ने चुनौति एकातर्फ छ भने अर्को तर्फ विकास निर्माणमा बढदो जन अपेक्षालाई सम्बोधन गर्ने जटिलता हामी माझ विद्यमान

छ। यद्यपी नगरवासीहरुको हित, सुविधा र विकासका अपेक्षाहरुलाई समेटने गरी कृषि, शिक्षा, स्वास्थ्य, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्बन्धमा केहि अनुभूति योग्य कार्य गर्ने प्रयास गरिएकोछ।

**सभाध्यक्षज्यू,**

**९. अब म चालु आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रमको समिक्षा प्रस्तुत गर्दछु :**

**क. आर्थिक विकास :-**

**कृषि**

७५ प्रतिशत अनुदानमा ११,५०० केजी कृषि चुन वितरण गरीएको थियो भने सिंचाई कार्यक्रम (बोरिङ्ग निर्माण तथा कुलो मर्मत) को लागि ११९ जना लाभग्राही छनौट भई कार्य भईरहेको छ। वडा नम्बर २, ५, ९ र १३ मा ४ वटा आई. पि.एम. कृषक पाठशाला संचालन भएकाछन्। ७५ प्रतिशत अनुदानमा नयाँ प्रविधिमा आधारीत मेसिनरी औजार/उपकरण वितरण गरिएको छ। ६९३ जना कृषकलाई ब्याट्रि स्प्रेयर (Rechargeable) वितरण गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाईएको छ। विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको छ। खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तरगत चैते धान बालीको २०४८२ के.जी. उन्नत बीउ वितरण गरिएको र वर्षे धान बालिको उन्नत बिउ १५,३०० केजी अनुदानमा वितरण गरिएको छ। किसान सूचीकरण कार्यक्रम वडा नं. १,२,३ मा शुरु गरिएको छ। आ.व. २०७८/७९ मा स्थापना भएको मौरी पकेट विकास कार्यक्रमको निरन्तरता गरिएको छ। मकै उत्पादन प्रवर्द्धन (बाली विकास) कार्यक्रममा साना सिंचाई तथा कुलो मर्मतको लागि ८५% अनुदान उपलब्ध गराउन, उत्पादनका आधारमा प्रति केजी ५ रुपैयाका दरले मकैमा अनुदान दिन किसान सूचीकरण गरिएको छ। मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रमका लागि खैरहनी नगरपालिका वडा नं. ४ मा मह प्रशोधन प्लान्ट स्थापनाको प्रक्रिया अगाडि बढाईएको छ। साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत २ वटा तरकारी पकेट, एउटा मौरी पकेट, एउटा खोर्सानी पकेट र एउटा केरा पकेट संचालन गरिएको छ।

**(१) पशु सेवा :**

५० प्रतिशत अनुदानमा ४७३० केजी वर्षे घाँस (टियोसेन्टी, बाज्रा, सुडान) वितरण गरिएको छ भने साईलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम अन्तरगत अनुदानको लागि लाभग्राहि छनोट भई सकेकाछन्। मत्स्य मिशन कार्यक्रम अन्तरगत १६ वटा मत्स्य फर्म छनोट भई कार्यक्रम सञ्चालन भई रहेको छ। भैसी प्रवर्द्धन कार्यक्रम अन्तरगत सिद्धिपुर किसान समुह, खै.न.पा -३ छनोट भई कार्य सम्पन्न भई सकेको छ भने गाई पकेट कार्यक्रम अन्तरगत हंशेश्वर महिला कृषक समुह छनौट भई कार्य सम्पन्न भएको छ। चिलिङ्ग सेन्टर स्थापनाको लागि ८ वटा दुध उत्पादक सहकारी संस्था छनौट भई काम सम्पन्न भई सकेको छ। खैरहनी न.पा-१३ मा निशुल्क पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर सञ्चालन भएको जसमा ३२० पशुको स्वास्थ्य परीक्षण गरी औषधी उपचार गरिएको थियो। कृषकको आयआर्जनको लागी ८० प्रतिशत अनुदानमा बँगुरका पाठापाठी वितरण कार्यक्रममा ४० कृषक छनौट भई कार्य सम्पन्न भई सकेको छ। ५० प्रतिशत अनुदानमा यान्त्रिकरण वितरणको लागि २० कृषक छनौट भई कामको प्रकियामा रहेको छ भने बोयर र जमुनापारी बोका वितरणको लागि ९ कृषक छनौट भई कामको प्रकियामा रहेकोछ।

**(२) पर्यटन तर्फ :**

पर्यटन क्षेत्र विकास कार्यक्रम अन्तरगत वडा नं. ४ को कंकाली देवि मन्दिरमा जाने पैदल मार्ग निर्माणको लागि एक व्यक्ति एक सिंढींको अवधारणा अनुसार कार्य गर्ने गरी निर्माण समिति गठन भईसकेको छ भने कंकाली वनमा देविको मूर्ति स्थापनाको लागि तामा संकलन गर्न समेत समिति गठन भई सकेको छ। खैरहनी नगरपालिका वडा नं. ६ को डिज्नी पार्क नजिक पम्पा खोलामा ड्याक निर्माण गरी पानी जम्मा गरेर मोटरेवल डुङ्गा सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्नको लागि निर्माण कार्य भई रहेको छ।

**(३) सहकारी तर्फ :**

सहकारी संस्थाहरुलाई कोपोमिस सम्बन्धी तालिम दिईएको छ भने सहकारिमा कार्यरत कर्मचारिहरुलाई लेखा व्यवस्थापन तालिम सञ्चालन गरिएकोछ। त्यस्तै गरी सहकारी संस्थाहरुलाई विभिन्न क्षेत्रमा सहयोग उपलब्ध गराईएको छ।

## ख. सामाजिक विकास :-

### (१) शिक्षा

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत विद्यालय भवन निर्माण र ICT Lab निर्माणको कार्यक्रम सञ्चालन गरी ४ कोठे भवन २ वटा र ICT Lab २ वटा विद्यालयमा तयार गरिएको छ । राष्ट्रिय योजना आयोगको कार्यक्रमबाट मा. वि. गवैमा ८ कोठे भवन निर्माणाधिन अवस्थामा रहेको छ । तराई मधेश समवृद्धि कार्यक्रमबाट रा. आ. वि. बस्यौलीको ४ कोठे भवन निर्माणाधिन अवस्थामा रहेको छ । विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत Library, Science Lab को कार्यक्रम अन्तरगत विद्यालयमा विज्ञान प्रयोगशाला १ र पुस्तकालय १ तयार गरिएको छ । प्रदेश सरकारको एक विद्यालय एक नर्स कार्यक्रम अन्तरगत चार विद्यालय खैरहनी, कठार, जनजीवन र कंकाली मा. वि.मा स्टाफ नर्सले सेवा प्रदान गरी रहेकाछन् । प्रदेश सरकारको कार्यक्रमबाट दुई कोठे भवन निर्माण, ४ कोठे भवन निर्माण, शौचालय निर्माण र विद्यालय घेराबार गर्ने काम भईरहेको छ । नगरस्तरीय कार्यक्रमबाट ५२ जना युवा स्वयंसेवक शिक्षक व्यवस्थापन गरी कक्षा सञ्चालनलाई निरन्तरता दिईएको छ । खेलकुद कार्यक्रम अन्तरगत पालिकास्तरीय प्रतियोगितामा र प्रदेशस्तरीय खेलकुद प्रतियोगितामा सहभागिता जनाई उत्कृष्ट नतिजा हाँसिल भएको छ । नगर खेलकुद विकास समिति गठन गरी सो समितिले कार्यको शुरुवात समेत गरी सकेको छ । २७ वटा सामुदायिक र २२ वटा संस्थागत विद्यालयको सहभागितामा अतिरिक्त क्रियाकलाप (हाजिरी जवाफ, निवन्ध, वक्तृत्वकला, चित्रकला र नृत्य प्रतियोगिता) को कार्यक्रम सञ्चालन गरिएको छ । विद्यालय भवन मर्मत, खानेपानी व्यवस्थापन, कम्पाउण्डवाल मर्मत, फर्निचर व्यवस्थापन आदि कार्य २३ वटा विद्यालयमा सम्पन्न भएका छन् । ६ जना स्वेच्छिक अवकास लिने ५८ वर्षमुनिका स्थायी शिक्षकलाई प्रोत्साहन अनुदान उपलब्ध गराईएको छ । प्रथम मेयर रनिङ्ग सिल्ड फुटवल प्रतियोगिता सम्पन्न गरिएको छ । स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरिएको छ । कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको लागि अतिरिक्त कक्षा सञ्चालन तथा विपन्न परिवारका विद्यार्थीलाई लक्षित गरी स्टेशनरी वितरण र खाना व्यवस्थापन गरिएको छ । दरवन्दी मिलान प्र. अ. व्यवस्थापन र शिक्षक सरुवा सम्वन्धी कार्यविधि निर्माण गरी ९१ जना शिक्षक सरुवा तथा व्यवस्थापन गरिएको छ । स्नातक तह प्रथम वर्षमा अध्ययनरत छात्राहरुको लागि उच्च शिक्षा छात्रवृत्ति वितरण गरिएको छ । २७ वटा सामुदायिक विद्यालयमा खेल सामाग्री व्यवस्थापन गरिएको छ ।

### (२) स्वास्थ्य :

यस चालु आ.व.कोवैशाख महिनासम्मको आवधिमा नगर अस्पतालबाट २३ जनाले सुरक्षीत प्रसुति सेवा लिनु भएको छ । प्रयोगशाला सेवा निरन्तररुपमा खैरहनी नगर अस्पताल, चैनपुर स्वास्थ्य चौकी र कुमरोज स्वास्थ्य चौकीबाट प्रवाह भइरहेको छ । यसै आव..मा कठार स्वास्थ्य चौकीबाट समेत प्रयोगशाला सेवा सुरुवात गरिएको छ । नगरपालिकाले खरिद गरी खैरहनी नगर अस्पताललाई एम्बुलेन्स हस्तान्तरण गरेपछि अस्पतालमा एम्बुलेन्स सेवा सञ्चालनमा आएको छ । खैरहनी नगर अस्पतालबाट विस्तारित स्वास्थ्य सेवा अन्तर्गत महिला तथा प्रसुती रोग बहिरंग सेवा प्रत्येक बिहिबार, हाडजोर्नी रोग बहिरंग सेवा प्रत्येक मंगलबार र शुक्रबार, भिडियो एक्स रे सेवा प्रत्येक बुधबार र शुक्रबार सञ्चालनमा ल्याईएको छ । वडा नं. ११ र १३ मा पाठेघरको मुखको क्यान्सर खैरहनी नगरपालिका वडा नं ६, र ३ मा Screening VIA Test क्याम्प सञ्चालन गरिएको छ । जसमा ५१४ जना महिला सेवाग्राहीले सेवा लिनुभएको छ । बा आमा स्वास्थ्य सेवा कार्यक्रम अन्तरगत ६८ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्यकर्मीहरु घरघरमा गई स्वास्थ्य सेवा प्रदान गराई रहनुभएको छ । खैरहनी नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ नगरकार्यपालिकाबाट पारित भई कार्यान्वियनमा आएको छ । विपन्न नागरिक तथा लक्षित समूहलाई स्वास्थ्य बिमामा आवद्द गर्न ५० प्रतिशत अनुदान उपलब्ध गराईएको छ । नगरपालिकाका सम्पूर्ण स्वास्थ्यकर्मीहरु तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि बृहत पोषण विशेष प्याकेज सम्बन्धि क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ । स्वास्थ्यकर्मीहरुलाई परिमार्जित स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सम्बन्धी र विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी सोहि अनुरुपको प्रतिवेदन पद्दति लागु गरिएको छ । घरमा हुने सुत्केरी शुन्य बनाउने अभियान अन्तर्गत सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम १० वटा वडामा सम्पन्न भइसकेको छ । नगर पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन भई बहुक्षेत्रिय पोषण योजना सम्बन्धी अभिमुखीकरण समेत सम्पन्न भइसकेको छ ।

**(३) महिला तथा बालबालिका, जेष्ठ नागरिक :**

एकल महिलाका लागि सहभागितात्मक लेखाजोखा विधिवाट व्यवसाय छनौट तथा कार्ययोजना तयारी सम्बन्धी ३ दिने तालिम सञ्चालन भएको छ। वडा नं. ६ र ८ का विपन्न महिलाहरुका लागि ३ दिने करेसावारी, कौसीखेती सम्बन्धी सिप विकास तालिम सम्पन्न गरी महिलाहरुका लागि व्यवसाय स्थापना खर्च अनुदान प्रति व्यक्ति रु १०,०००। का दरले उपलब्ध गराईएको छ। महिला जनप्रतिनिधिहरुलाई ३ दिने नेतृत्व तथा कानुनी शिक्षा तालिम सञ्चालन गरिएको छ। जेण्डर फोकल पर्सन शिक्षक एवं स्कुल नर्सहरुलाई महिला बालबालिकाका कानुनी अधिकार सम्बन्धी ३ दिने तालिम सञ्चालन गरिएको छ। जनप्रतिनिधि र कर्मचारीहरुलाई सकरात्मकसोच शक्ति सम्बन्धी ३ दिने तालिम सम्पन्न भएको छ। महिला पत्रकारिता सम्बन्धी तालिम सम्पन्न भएको छ। विपन्न, दलित, अपाङ्ग र अन्य महिलाहरुका लागि ६० दिने लोक सेवा तयारी कक्षा सम्पन्न भएको छ। यस आ.व.मा क वर्गका - १५, ख वर्गका - २८, ग वर्गका - १३, घ वर्गका -३ गरी जम्मा ५९ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ भने ६० वर्ष पुगेका २४ जना जेष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिएको छ।

**ग) पूर्वाधार विकास :**

यस आर्थिक वर्षमा बाटो कालो पत्रे तयार तथा मर्मत ५९ वटा योजनाबाट १३,६८२ मिटर सम्पन्न गरिएको छ। मोजाइक टायल लगाउने कार्यका १५ वटा योजनाबाट १४९ मिटर सम्पन्न गरिएको छ। नगर क्षेत्रमा उच्चस्तरको ग्राभेल गर्ने १ वटा योजनाबाट १०८७ मिटर सम्पन्न गरिएको छ भने ग्राभेल तथा बाटो मर्मत ३४ वटा योजनाबाट १४२५ मिटर सम्पन्न गरिएको छ। यस आ .व.मा कुल ढल निर्माणका ३५ वटा योजनाबाट ३८८ मिटर सम्पन्न गरिएको छ भने सिचाइ कुलो निर्माणका १६ योजनाबाट १४१ मिटर सम्पन्न गरिएको छ। त्यस्तै गरी पक्की कल्भर्ट निर्माण ११ वटा, ह्यूमपाईप कल्भर्ट निर्माण ५ वटा, भवन ममर्त १८ वटा, जस्तापाता छाउने ३४, तटबन्धन ४ योजनाको ३७४ मिटर र सिंचाइ बोरिङ्ग २ वटा निर्माण सम्पन्न भएका छन्। खानेपानी पाईप वितरणको ४ योजनाको ३३१ मिटर, तारजाली कम्पाउण्ड निर्माण १३७ मिटर सम्पन्न भएको छ। कुलो ढल नाला सरसफाइका १० योजनाबाट १२७९ मिटर सम्पन्न भएकाछन्।

यस अवधिमा पुरानो घरनक्सा अभिलेखीकरण ११२, नयाँ घर नक्सा पास १११ , सम्पन्न भएको घर नक्सा संख्या १३३ वटा रहेको थियो।

**घ) वन वातावरण तथा विपद् व्यवस्थापन :**

नगरपालिका क्षेत्र भित्र बग्ने खोलाहरुबाट कटान हुने अवस्था अत्याधिक रहेकोले खोला कटानलाई नियन्त्रण गर्नको लागि तटबन्ध लगायतका कार्य गरिएको छ। खैरहनी नगरपालिकाको अगुवाई र NDRC, नेपालको प्राविधिक सहयोगमा खैरहनी नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना र विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण कार्य सम्पन्न भएको छ। खैरहनी नगरपालिकाको अगुवाई र YOUTH INNOVATION Lab संस्थाको प्राबिधिक सहयोगमा नगरपालिका भित्रका विपद जोखिम पहिचान, नक्साकन र जोखिमको विश्लेषण सहितको विपद सूचना व्यवस्थापन प्रणाली विपद् पोर्टल निर्माणको कार्य सम्पन्न भएको छ। फोहोरमैला व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग, बायोमेडिकल फोहोरकोउचित व्यवस्थापन, घरेलु फोहोरलाई स्रोतमै वर्गीकरण र जग्गाको व्यवस्थापन प्रस्तावदाताले नै गर्ने गरी सम्झौता समेत कार्यान्वन भएको छ। १३वटा वडाकै टोल विकास संस्थाका प्रतिनिधिहरुलाई फोहर वर्गिकरण, फोहोर न्यूनीकरण, जैविक फोहोरबाट कम्पोष्ट मल बनाउने कार्य गर्नका लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ। नगरपालिका क्षेत्रको मुख्य बजार क्षेत्रहरुमा फोहोरमैला व्यवस्थापन र बिशेष सरसफाईलाई ध्यानमा राखी दैनिक सरसफाई अभियान सञ्चालन गरिएको छ। नगरपालिका क्षेत्रको मुख्य बजारक्षेत्रहरुमा कुहिने र नकुहिने फोहोरको वर्गिकरणलाई ध्यानमा राखी दुई रङको डस्टबिन राखिएको छ। नगरपालिका क्षेत्र भित्रको विभिन्न उद्योगको वातावरण गुणस्तर सूचकको मापनको कार्य सम्पन्न भएको छ। सम्पूर्ण टोल विकास सस्थाका अध्यक्षहरु र निर्माण व्यवसायीहरुलाई भुकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ। वडा सदस्यहरुलाई जलवायु परिवर्तन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न्न भएको छ। खैरहनी नगरपालिकाको आगुवाई र मेड नेपालको प्राविधिक सहयोगमा विशेष गरि बाढी र आगलागीको समयमा प्रतिकार्य तयारीको लागि समुदायमा विपद प्रतिकार्य तथा कृत्रिम अभ्यास तालिम सञ्चालन भएको छ।

**ङ) सुशासन तथा संस्थागत विकास -:**

**(१) सूचना प्रविधि तर्फ**

राजश्व सिस्टमहरु जस्तै एकीकृत सम्पत्ति कर र आय लेखाको नगदी सबै वडाबाट नै लिने व्यवस्था मिलाइएको छ । नगरपालिकाको भौगोलिक श्रोत नक्सा तयार पारिएको छ । नगरपालिकालाई पेपरलेस बनाउने उद्देश्यले सम्पूर्ण दर्ता चलानी तथा सिफारिशहरु online system मार्फत अनुबन्ध गरी सिस्टम तयार पारिएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA मा बागमती प्रदेश मै चौथो र चितवन जिल्ला प्रथम, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन फ्रयाप (FRAPP) मा बागमती प्रदेश मै छैठौं र चितवन जिल्ला प्रथम, नेपाल नगरपालिका संघको मुल्यांकनमा खैरहनी नगरपालिका आर्थिक सुशासनमा देश भरिमा नै प्रथम हुन सफल भएर प्रधानमन्त्रीज्यूबाट पुरष्कार प्राप्त भएको छ ।

**(२) संस्थागत विकास**

खैरहनी नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु आफ्नै पक्कि भवन बनाउने उद्देश्य बमोजिम हालसम्म १० वटा वडा कार्यालयमा आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाह हुनेगरी व्यवस्था गरिएकोछ भने वडा नं. ७ को प्रशासकीय भवनको निर्माण कार्यको शुरुवात भएको छ । यस वडाको सेवा प्रवाह हाल भाडाको घरबाट भई रहेको छ । वडा नं. ५ ले खैरहनी मा.वि.को भवनबाट सेवा प्रवाह गरी रहेको छ भने यस वडाको पनि भवन निर्माणको कार्य भईरहेको छ । वडा नं. १३ ले कुमरोज मध्यवर्ति वन उपभोक्ता समितिको भवनबाट सेवा प्रवाह गरी रहेकोछ । खैरहनी नगरपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुबाट नै राजश्व उठाउन सक्ने गरी Online System व्यवस्था गरिएकोछ । सम्पूर्ण वडा र नगरपालिका कार्यालयलाई समेट्ने गरी एकीकृत अनलाइन हाजिरीको व्यवस्था गरिएकोछ । नगरपालिका कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई सुबिधा पुर्याउने उद्देश्यले स्वचालित टोकन प्रणालीको व्यवस्था गरिएको छ ।

**(३) कानून निर्माण तर्फ :**

नगरपालिकाले आर्थिक वर्ष २०७४/७५ देखि हालसम्म ८५ वटा कानून बनाएकोमा ऐन १४ वटा, नियमावली ९ , निर्देशिका ५, कार्यविधि ५४, मापदण्ड २ र आचारसंहिता १ तयार गरेकोछ भने आर्थिक वर्ष २०७९/८० को हालसम्म मापदण्ड १ र कार्यविधी ८ गरी ९ वटा कानून निर्माण गरेको छ ।

**(४) न्यायिक समिति तर्फ :**

नगरपालिकाका सबै वडाहरुमा वडा मेलमिलाप केन्द्र गठन भई कार्य सम्पादन गरीरहेका छन् भने नगरमा ५ सदस्यीय नगरस्तरीय मेलमिलाप केन्द्र पुर्नगठन गरिएको छ । यस आ.व.मा न्यायीक समितिमा कुल १९४ वटा विवाद दर्ता भएका छन् । तिनीहरु मध्ये १०२ वटा विवादको समाधान भएको, ६ वटा विवाद अदालतमा सिफारिस गरिएको र ८६ वटा विवादहरु प्रकृयामा रहेकोछ । यस अवधिमा न्यायिक निरुपणमा सरोकारवालाको भूमिका विषयक न्यायिक अन्तरसंवाद कार्यक्रम, खैरहनी नगरपालिका कार्यालयमा न्यायिक स्रोत केन्द्र स्थापना, मेलमिलाप सम्बन्धी तीन दिवसीय पुनर्ताजगी तालिम, मानसिक शान्ति मेलमिलाप र तनाव व्यवस्थापन सम्बन्धी फरक फरक स्थानमा एक/एक दिवसीय उत्प्रेरणात्मक कार्यक्रम, मेलमिलाप समितिहरुलाई फर्निचर तथा आवश्यक सामाग्रिको व्यवस्थापन गरिएकोछ ।

**सभाध्यक्षज्यू,**

**१०. आगामी आ.व. २०८०/८१ को बार्षिक बजेट तयार गर्दा प्राथमिकताका आधारमा विनियोजन गरिएको केही क्षेत्रगत कार्यक्रम र त्यस्ता कार्यक्रम सञ्चालन गर्ने बिनियोजीत बजेट प्रस्तुत गर्दछु :**

**अब म आर्थिक विकास क्षेत्रतर्फका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**क. कृषि विकास**

- ८० प्रतिशत अनुदानमा सिंचाई कार्यक्रम सञ्चालन (बोरिङ्ग निर्माण तथा कुलो मर्मत) रु. २० लाख बिनियोजन गरिएको छ ।
- एकीकृत कृषि उपज बजार कार्यक्रम सञ्चालनको लागि रु.२० लाख बिनियोजन गरिएको छ ।

- मेयर कृषि कार्यक्रम सञ्चालनको लागि रु.२० लाख बिनियोजन गरिएको छ।
- एक वडा एक कृषि सहकारी कृषि कार्यक्रमको लागि १३ लाख रकम बिनियोजन गरिएको छ।
- साना कृषिजन्य उद्योग सञ्चालनको लागि अनुदान सहयोग - चिप्स, मस्यौरा, केचप, सस, जुस, केराबालिसंग सम्बन्धित साना उद्योग आदिलाई १२ लाख रकम बिनियोजन गरिएको छ।
- मेशीनरी औजारको प्रयोगलाई प्रोत्साहन गर्न नयाँ प्रविधिमा आधारित मेशीनरी औजार तथा व्याट्रि स्प्रेयर वितरणका लागि रु.१५ लाख बजेट बिनियोजन गरिएको छ।
- कोल्ड स्टोर सञ्चालनमा प्रोत्साहन अनुदान १५ लाख रकम बिनियोजन गरिएकोछ।
- जग्गा नभएका कृषि पेशा गर्न ईच्छुक विपन्न किसानलाई जग्गा भाडामा अनुदान कार्यक्रमको लागि १० लाख रकम बिनियोजन गरिएकोछ।
- व्यवसायिक कृषकसंगको सहकार्यमा आधुनिक सिकाई केन्द्र सञ्चालनको लागि १० लाख रकम बिनियोजन गरिएकोछ।
- बैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रमको लागि १० लाख रकम बिनियोजन गरिएकोछ।
- नयाँ तरकारी पकेट कार्यक्रम सञ्चालनका लागि रु.१२ लाख रकम बिनियोजन गरिएकोछ।
- धानबाली प्रवर्द्धन कार्यक्रमका लागि १० लाख बिनियोजन गरिएकोछ।
- मकै खेती प्रवर्द्धनको लागि १० लाख रकम बिनियोजन गरिएको छ।
- खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान कार्यक्रममा १० लाख ७५ हजार बिनियोजन गरिएको छ।
- आ.व. २०७९/८० मा स्थापना भएको तरकारी पकेट कार्यक्रमको निरन्तरताकोलागि ५ लाख बिनियोजन गरिएको छ।

**कृषि विकास कार्यक्रम सञ्चालनका लागि रु. ३ करोड ८२ लाख रकम बिनियोजन गरिएको छ।**

**ख. पशु विकास कार्यक्रम :**

- व्यवसायिक फर्म विस्तारको लागि गाई/भैसीको गोठ सुधार कार्यक्रमको लागि १० लाख बिनियोजन गरिएको छ।
- पशु विकास तथा प्रवर्द्धन कार्यक्रमको लागि १६ लाख बिनियोजन गरिएको छ।
- पशु आहारमा आत्मा निर्भर कार्यक्रममा उन्नत घाँसको बीउ वितरण कार्यक्रमको लागि ६ लाख बिनियोजन गरिएको छ।
- विपन्न समुदायको लागि आर्यआर्जनको लागि खरी बाख्रा वितरणको लागि ४ लाख बिनियोजन गरिएको छ।
- ५० प्रतिशतमा अनुदानमा गाई/भैसीको लागि काउ म्याट वितरणको लागि ८ लाख बिनियोजन गरिएको छ।
- पशुपंक्षी तथा मत्स्य रोग अन्वेषण प्रयोगशाला सञ्चालन तथा U.S.G मेसिन खरिदको लागि ७ लाख बिनियोजन गरिएकोछ।
- सरुवा सक्रारात्मक रोगहरु पि पि आर, खोरेत, रेबिज, स्वाईनफिभर, लम्पि स्किन रोगको रोकथामको लागि धरधैलो भ्याक्सिनेशन कार्यक्रमको लागि ८ लाख बिनियोजन गरिएको छ।
- बाख्राको खोर सुधार तथा नश्ल सुधारको लागि उन्नत जातको बोका वितरणको लागि ३ लाख बजेट बिनियोजन गरिएकोछ।
- बंगुरपालन हब बिस्तार कार्यक्रम खैरहनी न,पा २,३ ,४ र अन्य वडामा सञ्चालनको लागि रु.५ लाख रकम बिनियोजन गरिएकोछ।
- गाई तथा भैसी प्रवर्द्धन कार्यक्रमका लागि ८ लाख १३ हजार बिनियोजन गरिएकोछ।
- माछा प्रवर्द्धन कार्यक्रमको लागि १५ लाख रकम बिनियोजन गरिएकोछ।

**पशु विकास कार्यक्रम सञ्चालनको लागि कूल रु.१ करोड ५१ लाख ५० हजार रकम बिनियोजन गरिएको छ।**

**ग. उद्योग तथा वाणिज्य :**

- उद्योग बाणिज्य संघ खैरहनी, चितवन उद्योग संघ खैरहनी ईकाई र नेपाल चेम्बर अफ कमर्ससंगको सहकार्यमा नगरका विभिन्न क्षेत्रमा उद्योग व्यावसायको क्षेत्रमा पूर्वाधार निर्माण तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न रु.१५ लाख बिनियोजन गरिएकोछ ।
- व्यवसाय तथ्यांङ्क अद्यावधिक दर्ता र नविकरणका लागि घुम्ती सेवा तथा अनुगमनको लागि ३ लाख ५० हजार बिनियोजन गरिएकोछ ।
- उद्योग व्यवसाय प्रवर्द्धन कार्यक्रमको लागि ३ लाख बिनियोजन गरिएकोछ ।

**घ. सहकारी विकास :**

- सहकारीहरुको क्षमता विकास अभिवृद्धिका लागि तालिम सञ्चालन गर्न रु.८ लाख बजेट बिनियोजन गरिएकोछ ।

**ङ. पर्यटन विकास :**

- पर्यटन विकासका लागि साझेदारी कार्यक्रमको लागि ५ लाख बजेट बिनियोजन गरिएकोछ ।
- दलित वस्तिमा होमस्टे प्रवर्द्धन कार्यक्रमको लागि ४ लाख बजेट बिनियोजन गरिएकोछ ।
- पर्यटन पूर्वाधार कार्यक्रमको लागि ३० लाख बजेट बिनियोजन गरिएकोछ ।
- खैरहनी न.पा. वडा नं.५ मा कृषि पर्यटन प्रवर्द्धन कार्क्रमको लागि १० लाख रकम बिनियोजन गरिएकोछ ।

**आर्थिक क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. ७ करोड ७० लाख २९ हजार बिनियोजन गरिएको छ ।**

**सभाध्यक्षज्यू,**

**अब म सामाजिक विकास क्षेत्रतर्फको कार्यक्रम तथा बिनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**क. शिक्षा :**

- युवा स्वयंसेवक शिक्षक व्यवस्थापनको लागि ८५ लाख २५ हजार बजेट बिनियोजन गरिएकोछ ।
- विषयगत रुपमा उच्चतम GPA हासिल गर्ने सफल शिक्षक पुरस्कृत कार्यक्रम सञ्चालन तथा उक्त कार्यको लागि सफ्टवयेर जडान गर्नको लागि १५ लाख बजेट बिनियोजन गरिएकोछ ।
- विद्यालय, कक्षाकोठा मर्मत एवम रंगरोगन, खानेपानी व्यवस्थापन, फर्निचर मर्मत एवम खरिद, शौचालय निर्माण एवम मर्मत, कम्पाउण्डवाल निर्माण एवम मर्मत, खेल मैदान व्यवस्थापन तथा निर्माणाधिन भवनको अधुरो कार्य सम्पन्न गर्नको लागि ४५ लाख बिनियोजन गरिएको छ ।
- खैरहनी मा. वि. कक्षा ११ मा विज्ञान संकाय सञ्चालनका लागि विद्यालयलाई अनुदानको लागि १० लाख बजेट बिनियोजन गरिएकोछ ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानको लागि १५ लाख २० हजार बिनियोजन गरिएको छ ।
- स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाईको लागि ९ लाख बिनियोजन गरिएको छ ।
- गरिब तथा अति विपन्न समुदायका विद्यार्थीहरुको लागि अतिरिक्त समयमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन "गृहकार्य कार्यक्रम" सञ्चालनको लागि २० लाख बिनियोजन गरिएको छ ।
- Six To Six कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ र १० का विद्यार्थीहरुका लागि "अतिरिक्त कक्षा" सञ्चालनको लागि ४० लाख ५७ हजार बिनियोजन गरिएको छ ।
- नगर भित्र सञ्चालित कलेज/क्याम्पसको लागि आवश्यता र मागको आधारमा कार्यक्रम सञ्चालन अनुदानको लागि १० लाख बिनियोजन गरिएको छ ।
- निशुल्क स्यानटरी प्याड वितरणका लागि रु.१४ लाख ६८ हजार बजेट बिनियोजन गरिएकोछ ।
- एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन र विस्तारका लागि रु.१९ लाख ८४ हजार रकम बिनियोजन गरिएको छ ।
- विद्यालयहरुमा दिवा खाजा कार्यक्रम अनुदानमा रु.१ करोड ४ लाख ५४ हजार रकम बिनियोजन गरिएको छ ।

**ख. युवा विकास :**

- लागुऔषध र दुर्व्यशन नियन्त्रण तथा घरेलु हिंसा नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनको लागि ३ लाख ५० हजार बिनियोजन गरिएकोछ।
- युवा परामर्श अभिमुखिकरण कार्यक्रम सञ्चालनको लागि २ लाख ५० हजार बिनियोजन गरिएकोछ।

**ग. खेलकुद विकास :**

- स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनको लागि ९ लाख बिनियोजन गरिएकोछ।
- मेयरकप फुटवल प्रतियोगिता सञ्चालनका लागि ८ लाख बिनियोजन गरिएकोछ।
- नगरस्तरीय भलिवल, एथलेटिक्स, कवड्डी, क्रिकेट, तेक्वान्दो, कराते लगायतका खेल प्रतियोगिता सञ्चालनको लागि ६ लाख बिनियोजन गरिएकोछ।
- प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा उत्कृष्टता हासिल गर्ने खेलाडीलाई सम्मान तथा पुरस्कारको लागि ३ लाख बिनियोजन गरिएकोछ।
- जिल्ला र प्रदेशस्तरीय खेलकुद कार्यक्रम सञ्चालन एवम सहभागिताको लागि ४ लाख बिनियोजन गरिएकोछ।
- वडास्तरीय विभिन्न खेलकुद कार्यक्रम सञ्चालनका लागि रु.३१ लाख रकम बिनियोजन गरिएको छ।

**शिक्षा, युवा तथा खेलकुद विकास कार्यक्रम सञ्चालनका लागि रु.२४ करोड ७५ लाख १२ हजार रकम बिनियोजन गरिएको छ।**

**ग. स्वास्थ्य सेवा :**

- विपन्न परिवारका बालबलीकाको लागि पोषण भत्ता कार्यक्रमको लागि रु. १० लाख रकम बिनियोजन गरिएको छ।
- नि:शुल्क औषधी तथा स्वास्थ्य सामाग्री खरिदको लागि ३३ लाख ६५ हजार रकम बिनियोजन गरिएको छ।
- विपन्न नागरिक, मृगौला रोग, कलेजो सिरोसिस बिरामी तथा म.स्वा.स्व.से.लाई स्वास्थ्य बिमामा अनुदान उपलब्ध गराउन १० लाख रकम बिनियोजन गरिएको छ।
- बा आमा स्वास्थ्य कार्यक्रम ( ६८ वर्ष माथि र लक्षित समुहलाई घर भेट स्वास्थ्य परिक्षण) को लागि १० लाख रकम बिनियोजन गरिएको छ।
- स्वास्थ्य संस्थाका लागि आवश्यक मेशीनरी औजार, ल्याब सामाग्री खरिद , कम्पुटर, प्रिन्टर, फर्निचर खरिद अनुदानको लागि ११ लाख रकम बिनियोजन गरिएको छ।
- स्वास्थ्य संस्थाहरुको कार्यालय सञ्चालन, विजुली पानी, ईन्टरनेट, ईन्धन खर्च, अतिथी सत्कार खर्च लगायत, आवश्यक फर्म फर्म्याट छपाईको लागि १४ लाख रकम बिनियोजन गरिएको छ।
- उप प्रमुखसंग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रमको लागि १२ लाख रकम बिनियोजन गरिएको छ।
- सुनौलो हजार दिन सुचना व्यवस्थापन प्रणाली खरिद तथा सञ्चालनको लागि ८ लाख रकम बिनियोजन गरिएको छ।
- किशोर किशोरी मनोसामाजिक परामर्श तथा लागु पदार्थ दुर्व्यसन नियन्त्रण कार्यक्रम सञ्चालन गर्न २ लाख रकम बिनियोजन गरिएको छ।
- मातृ तथा नवजात शिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार सेवाको लागि १० लाख ३६ हजार रकम बिनियोजन गरिएको छ।
- खैरहनी नगर अस्पताल खैरहनीलाई २५ लाख रकम बिनियोजन गरिएको छ।
- कठार स्वास्थ्य चौकी सवलीकरण कार्यक्रमलाई ५ लाख रकम बिनियोजन गरिएको छ।

**स्वास्थ्य तर्फका कार्यक्रम सञ्चालनको लागि जम्मा रु.७ करोड ८ लाख ५९ हजार रकम बिनियोजन गरिएको छ।**

**घ. लक्षित समुह विकास :**

- हिंसा पिडित महिला, किशोरी तथा बालिकाको अल्पकालिन संरक्षणको लागि सेफ हाउस व्यवस्थापन गर्न ५ लाख रकम बिनियोजन गरिएको छ।
- बालमैत्री नगर निर्माणको लागि कार्यक्रम सञ्चालनको लागि ११ लाख ५० हजार रकम बिनियोजन गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री खरीदको लागि ३ लाख रकम बिनियोजन गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रमको लागि ३ लाख रकम बिनियोजन गरिएको छ।
- अपाङ्गता भएका महिलाहरुको लागि सिप विकास तालिम तथा व्यवसाय स्थापना खर्च अनुदान प्रति व्यक्ति रु १०,००० का दरले (वस्तुगत टेवा) उपलब्ध गराउन ४ लाख २० हजार बिनियोजन गरिएको छ।
- दलित र एकल महिलाहरुको लागि सीप विकास तालिम ५ दिने र व्यवसाय स्थापना खर्च अनुदान प्रति व्यक्ति रु १०,००० का दरले (वस्तुगत टेवा) को लागि ४ लाख २० हजार बिनियोजन गरिएको छ।
- नगरक्षेत्र भित्रका विपन्न, दलित, अपाङ्ग, आदिवासी जनजातिहरुका लागि व्यवसायिक सीप विकास तालिम र व्यवसाय स्थापनार्थ प्रतिव्यक्ति रु.१० हजारका दरले वस्तुगत टेवा अनुदानका लागि रु.६ लाख रकम बिनियोजन गरिएको छ।
- नगरस्तरीय बालकोष र लैङ्गिक हिंसा निवारण कोष सञ्चालनका लागि रु.२ लाख रकम बिनियोजन गरिएकोछ।
- आमाबाबु बिहिन बालबालिका संरक्षणका लागि रु.९६ हजार रकम बिनियोजन गरिएकोछ।

**लक्षित कार्यक्रम सञ्चालनको लागि जम्मा १ करोड ७५ लाख ४८ हजार रकम बिनियोजन गरिएको छ।**

**ङ. गरिबी निवारण/रोजगार सृजना तथा उद्यम विकास कार्यक्रम :**

- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत २१६ वटा सुकुम्बासी घरधुरीको निरन्तरताको लागि २० लाख रकम बिनियोजन गरिएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनामा रु.३७ लाख रकम बिनियोजन गरिएकोछ।
- नगरपालिका स्तरमा रहेका रोजगारदाता र रोजगारीको लागि ईच्छुक व्यक्तिहरुको सहभागितामा सञ्चालन गरिने रोजगार मेलाको लागि ३ लाख रकम बिनियोजन गरिएकोछ।
- लघु उद्यम विकास कार्यक्रमको लागि १२ लाख बिनियोजन गरिएको छ।
- नगरपालिकाबाट सञ्चालित विभिन्न सीपमुलक तालिमहरुको संरक्षण गर्न तथा प्रविधि हस्तान्तरणको लागि १५ लाख बिनियोजन गरिएको छ।

**गरिबी निवारण/ रोजगार सृजना तथा उद्यम विकास कार्यक्रमका लागि ७६ लाख रकम बिनियोजन गरिएकोछ।**

**सामाजिक क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. ३३ करोड ७९ लाख ८८ हजार रकम बिनियोजन गरिएको छ।**

**सभाध्यक्षज्यू,**
**अब म पूर्वाधार क्षेत्र तर्फका कार्यक्रम तथा बिनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**क. पूर्वाधार विकास :**

- खैरहनी चोकदेखि वडा नं १२ को सडकमा ढल सहित बाटो निर्माण कार्यको निरन्तरताको लागि १ करोड ५० लाख बिनियोजन गरिएको छ।
- चैनपुर चोक देखि उत्तर तर्फ पुल देखि विन्दावासिनी चोक हुँदै शिवालय जाने बाटो निर्माण निरन्तरताको लागि १ करोड बिनियोजन गरिएको छ।
- डिज्नी पार्क देखि पम्पा पुल हुँदै बाबा ग्याससम्मको दुवै साइड बाटो सहितको ड्र्याक निर्माण निरन्तरताको लागि ७० लाख बिनियोजन गरिएको छ।
- वडा नं ८ मगनी चोक देखि उत्तर खैरहनी ३ को वडा कार्यालय जाने बाटो ढल पेटी सहितको सडक निर्माण निरन्तरताको लागि १ करोड बिनियोजन गरिएको छ।
- सिमलटांडी चोक उत्तर दक्षिण दुवै तर्फ नाला, पेटी सहितको सडक निर्माण निरन्तरताको लागि ५० लाख बिनियोजन गरिएको छ।
- पर्सा चोक, लाल्टिन बजार, सुल्तना हुँदै ढुंग्रे खोला पुलसम्म जाने सडक निर्माण निरन्तरताको लागि ५० लाख बिनियोजन गरिएको छ।
- खैरहनी - १ ज्यामिरेको दुवै तर्फ बाटो तथा नाला निर्माणको लागि १ करोड बिनियोजन गरिएको छ।
- शान्तिबजार कठार जाने बाटो तथा नाला निर्माणको लागि १ करोड बिनियोजन गरिएको छ।
- खैरहनी नगरपालिका वडा नं. ११ ढुंगाना चोकदेखि वडा कार्यालय जाने बाटो निर्माण गर्नको लागि ५० लाख बिनियोजन गरिएको छ।
- खैरहनी नगर भित्रका लोक मार्गसंग जोडिने सडक तथा नाला निर्माणको लागि ८० लाख बिनियोजन गरिएको छ।
- इश्वर विसुरालको घर देखि पश्चिम अजय पुरीको घरसम्म कालोपत्रे खैरहनी २ को लागि ४० लाख बिनियोजन गरिएको छ।
- वार्ड न. ८ मगनी गाँउ देखि उद्योग संघ हुदै लदरी खोला जाने ठुलो घोल तटबन्धन तथा आ.र.सी.सी. वाल निर्माणको लागि २ करोड रकम बिनियोजन गरिएको छ।
- खुखुरे खोला पुल पश्चिमको खोला नियन्त्रण खैरहनी - ७, को लागि २० रकम लाख बिनियोजन गरिएको छ।
- कोइलीधारा कुलो खैरहनी ११ को लागि २५ लाख बिनियोजन गरिएको छ।
- भगतीघोल कुलो खैरहनी - ११ को लागि २५ लाख बिनियोजन गरिएको छ।
- पुरानो पर्साबाट रत्ननगर -३ निस्कने सडक खैरहनी ६ को लागि ३० लाख बिनियोजन गरिएको छ।
- खैरहनी ६ र ८ को खोलाको बिचमा ग्रिनरी बाल उद्यान जाने सडक निर्माणको लागि २५ लाख बिनियोजन गरिएको छ।
- खानेपानी विस्तार, खैरहनी - १० र ११ को लागि १ करोड बिनियोजन गरिएको छ।
- चौविस कोठी चोकबाट उनान टोल हुँदै लदरी पटेनीसम्म र वडा नं. ५ बाट नयाँ पुल हुँदै गवै जाने बाटो नाला सहित सडक निर्माण खैरहनी ३, ५, ८, १२ र १३ को लागि १ करोड ५० लाख बिनियोजन गरिएको छ।
- खैरहनी २ को सिङ्गापुर डाडा र च्यामे डाडा बस्तीको सडक तथा ढल विस्तारको लागि १ करोड ५० लाख बिनियोजन गरिएको छ।
- कठार स्वास्थ्य चौकी भवन निर्माण खैरहनी १० को लागि १ करोड रकम बिनियोजन गरिएको छ
- वडा कार्यालयको प्रशासकीय भवन निर्माण तथा मर्मत संभारका लागि ५२ लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. १ मा खानेपानी पाईप लाईन विस्तारको लागि २० लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. १ समृद्दी टोल विकास अन्तर्गत बोडिङ अगाडीको बाटो ओभर ल्यापको लागि १० लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. २ साझाफुलवारी टोलको विभिन्न ठाउँमा मोज्याक टायल लगाउनको लागि २० लाख रकम बिनियोजन गरिएकोछ।

- वडा नं. २ रा.आ.वि पटिहानीलाई म्याजिक भ्यान खरिदको लागि २४ लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ३ मिन बहादुर कार्कीको घर अगाडीबाट उत्तराखण्ड जोडने बाटो, तातीको घर अगाडी बाट वडा नं. ३ र २ को सिमाना सम्मको बाटो, शिव खड्काको बारिबाट वडा नं. २ र ३ जोडने पटेनी पुलसम्म कालो पत्रे गर्नको लागि २० लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ३ पुर्ण बहादुर मोक्तानको घरदेखि लोक बहादुर आलेको घरसम्म कालो पत्रे गर्नको लागि १५ लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ४ यम बहादुर थापा को घर बाट साबुन फ्याक्ट्री जाने बाटो कालो पत्रे गर्नको लागि १५ लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ४ लिला बहादुरको घरबाट शारदा रानाभाटको घर जाने बाटो कालोपत्रे गर्नको लागि १३ लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ५ पिपल चोक देखी पूर्व जाने बाटो कालोपत्रे गर्नको लागि २० लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ५ फसेर्नी चोक देखी पुलसम्म बाटो ढलान गर्नको लागि १२ लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ६ स्वर्णतारा क्लबबाट बस्ताकोटी टोल जाने अधुरो कालोपत्रेको लागि २० लाख बिनियोजन गरिएको छ।
- वडा नं. ६ अर्जुन बर्तौलाको घर देखि पुर्व अधुरो पिच सम्पन्न गर्नको लागि १० लाख बिनियोजन गरिएको छ।
- वडा नं. ७ मझुई गाउँभित्रको नाला निर्माण र कुलो मर्मत संभारको लागि १९ लाख ३० हजार बिनियोजन गरिएको छ।
- वडा नं. ७ कतारी टोलको पश्चिम बाटो कालोपत्रे गर्नको लागि १५ लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ८ मगनी घोलमा कंक्रिट वाल निर्माण गर्नको लागि ४० लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ८ राजमार्गबाट अनिल श्रेष्ठको घरसम्म ढक्कन सहितको नाली निर्माणको लागि १२ लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ९ बस्यौली टोल विकास संस्था अन्तर्गत प्रेम चौधरीको घर देखि पुर्व च्यात्रा खोलामा विश्वनाथ टोल विकास संस्था जोड्ने गरी पुल/कल्भर्ट निर्माणको लागि २५ लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. ९ पिपरा टोल विकास संस्था अन्तर्गतको ऐलानी जग्गा संरक्षण तथा खेल मैदान निर्माणको लागि १५ लाख रकम बिनियोजन गरिएकोछ।
- वडा नं. १० जोगियाको घर देखि झोजियाको घरसम्म बाटोको दुवै तर्फ नाला निर्माणको लागि २० लाख रकम बिनियोजन गरिएको छ।
- वडा नं. १० कठार खेल मैदान मर्मत तथा व्यवस्थापनको लागि १० लाख रकम बिनियोजन गरिएको छ।
- वडा नं. ११ निता दरैको घरदेखि रामचन्द्र पाण्डेको घरसम्म कालोपत्रेको लागि २६ लाख रकम बिनियोजन गरिएको छ।
- वडा नं. ११ राप्ति ड्याक छेउमा झण्डा पार्क र चौर व्यवस्थापन लागि १० लाख रकम बिनियोजन गरिएको छ।
- वडा नं. १२ साइराम चोकबाट कुमरोज सडक नाला निर्माणको लागि २० लाख रकम बिनियोजन गरिएको छ।
- वडा नं. १२ ठाडी कुलो लाइनिङ गर्नको लागि १० लाख रकम बिनियोजन गरिएको छ।
- वडा नं. १३ बोटेघाट पुलबाट पश्चिम हर्नरी पुलसम्म खोला तटबन्धन तथा ड्याक निर्माण गर्नको लागि २० लाख रकम बिनियोजन गरिएको छ।
- वडा नं. १३ लामाढिकबाट बालकुमार उप्रेतीको घरजाने बाटोमा नाला निर्माण र बाटो मर्मत गर्नको लागि ११ लाख रकम बिनियोजन गरिएको छ।

**पूर्वाधार क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. ३५ करोड ६३ लाख २७ हजार रकम बिनियोजन गरिएको छ ।**

**सभाध्यक्षज्यू,**

**अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फको कार्यक्रम तथा बिनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**क. वातावरण तथा विपद् व्यवस्थापन :**

- वातावरण तथा विपद् व्यवस्थापनका विभिन्न कार्यक्रमका लागि रु.१ करोड १४ लाख रकम बिनियोजन गरिएको छ ।
- आगलागी नियन्त्रणको लागी व्यवस्थापन तथा बारुणयन्त्र सञ्चालन खर्चको लागि १९ लाख रकम बिनियोजन गरिएको छ ।
- मुख्य बजार क्षेत्रमा दैनिक ज्यालादारीमा सरसफाई कर्मचारीको व्यवस्थाका लागि रु.३ लाख रकम बिनियोजन गरिएको छ ।
- नगरभित्रका सामुदायिक कुकुर व्यवस्थापनका लागि रु.६ लाख रकम बिनियोजन गरिएको छ ।
- CLEAN Khairahani अभियान कार्यक्रमको लागि रु.३ लाख रकम बिनियोजन गरिएको छ ।
- खैरहनी नगरपालिकाका नदीहरुको जोखिम विश्लेषण (Flood Vulnerability Analysis of rivers of Khairahani) कार्यक्रमको लागि रु.३ लाख रकम बिनियोजन गरिएको छ ।
- वातावरण तथा विपद् व्यवस्थापन कोषमा रु.६२ लाख ९९ हजार रकम बिनियोजन गरिएकोछ ।

**वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु.२ करोड ४५ लाख रकम बिनियोजन गरिएको छ ।**

**सभाध्यक्षज्यू,**

**अब म सुशासन तथा संस्थागत विकास क्षेत्रतर्फको कार्यक्रम तथा बिनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

**क. सुशासन तथा संस्थागत विकास :**

- सेवा प्रवाहको प्रभावकारीता, नागरिकको सेवाप्रतिको सन्तुष्टि मापनको लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र आय व्यय प्रक्षेपण कार्यक्रम सञ्चालनका लागि रु. ११ लाख २५ हजार बजेट बिनियोजन गरिएको छ ।
- उपभोक्ता समिति तथा टोल विकास संस्थाहरुको क्षमता विकास गर्न सार्वजनिक खरिद, कर प्रणाली आदिको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नको लागि रु.१० लाख रकम बिनियोजन गरिएकोछ ।
- कर्मचारी कल्याण कोषमा जम्मा गर्न रु.१५ लाख रकम बिनियोजन गरिएकोछ ।
- पदाधिकारी तथा कर्मचारीको सीप तथा क्षमता विकासका लागि रु.८ लाख रकम बिनियोजन गरिएकोछ ।

**ख. न्याय तथा मेलमिलाप :**

- वडास्तरीय मेलमिलाप केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि रु.१५ लाख रकम बिनियोजन गरिएको छ ।
- न्यायीक समिति सञ्चालन तथा व्यवस्थापनका लागि रु.४ लाख रकम बिनियोजन गरिएको छ ।
- न्यायिक सहयोग तथा उद्धार कार्यक्रमको लागि रु.५ लाख रकम बिनियोजन गरिएको छ ।
- मेलमिलाप समितिका सदस्यहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन, पूर्वाधार निर्माणका लागि रु.२१ लाख रकम बिनियोजन गरिएको छ ।

**ग. सूचना प्रविधि विकास :**

- खैरहनी नगरपालिकाको एकीकृत सूचना प्रणाली (Integrated Information System) स्थापना गर्नको लागि रु.१२ लाख रकम बिनियोजन गरिएको छ ।
- पूर्व पश्चिम राजमार्गको विभिन्न स्थानमा सिसि क्यामरा जडान गरेको लागि १३ लाख रकम बिनियोजन गरिएको छ ।
- नगरपालिका लगायत वडा कार्यालयहरुमा RGB डिजिटल बोर्ड राख्नको लागि १० लाख रकम बिनियोजन गरिएको छ ।

**सभाध्यक्षज्यू,**

**अब म सुशासन तथा संस्थागत विकास क्षेत्रतर्फको कार्यक्रमका सम्बन्धमा केही नीतिगत व्यवस्था प्रस्तुत गर्न चाहन्छु ।**

- नगरपालिका तथा अन्तरगत कार्यरत करारका कर्मचारीहरुलाई दिईदै आएको कर्मचारी संचयकोषमा थपरकम पालिकाको तर्फबाट जम्मा गर्ने सुबिधा खारेज गरिएको छ ।
- खैरहनी नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यविधि (संशोधन सिहत) २०७५ अनुसार कर्मचारीहरुलाई उपलब्ध गराउँदै आएका सबै किसिमका अतिरिक्त भत्ताहरु खारेज गरिएको छ ।
- अतिरिक्त भत्तालाई कानूनमा संशोधन गरी आवश्यकता र औचित्यका आधारमा कार्यपालिकाबाट निर्णय गरी व्यवस्थित गर्दै लगिनेछ ।
- विगतका वर्ष देखि असुल गर्नु पर्ने बेरुजु बाँकी रहेका व्यक्ति, संघ/संस्थालाई त्यस्तो बेरुजु रकम दाखिला नगर्दासम्म र पेश्कि बेरुजु बाँकी रहेका व्यक्ति, संघ/संस्थालाई त्यस्तो पेश्कि फर्छयौट नगर्दासम्म नगरपालिकाबाट कुनै किसिमको सेवा उपलब्ध नगराउने व्यवस्था मिलाईने छ ।

**सुशासन तथा संस्थागत विकास क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालनका लागि जम्मा रु.१२ करोड ७१ लाख ९६ हजार रकम बिनियोजन गरिएकोछ ।**

**सभाध्यक्षज्यू,**

**११. अब म आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**क. आ.व. २०७८/७९ को यथार्थ विवरण :**

आ.व. २०७८/७९ मा कुल आय रु. १ अर्व २८ करोड २ लाख ४७ हजार मध्ये आन्तरिक स्रोतबाट २३ करोड ९७ लाख ८० हजार, बाह्य श्रोतबाट रु. ७५ करोड ५ लाख १२ हजार र गत वर्षको बैङ्क मौज्दात रु.२८ करोड ९९ लाख ५५ हजार रहेको थियो । त्यस्तै गरी कुल खर्च रु. ९३ करोड ९८ लाख ८७ हजार मध्ये चालु खर्च ४२ करोड २० लाख ७० हजार, पूँजिगत खर्च ५१ करोड ७८ लाख ८ हजार रहेको थियो । जस मध्ये अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फको खर्च रु. २५ करोड ७६ लाख ७९ हजार र अन्य अनुदान तर्फको खर्च रु.८० लाख ५७ हजार भएको थियो । जसमा ३५ करोड ९६ लाख ९३ हजार बैङ्क मौज्दात रहेको थियो । त्यस मध्ये संघ र प्रदेशको अनुदान फिर्ता समेत संलग्न रहेको थियो ।

**ख. चालु आ.ब.२०७९/८० को संशोधित अनुमान :**

यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० का लागि कुल आय-व्यय रु. १ अर्ब ३६ करोड २३ लाख ७७ हजार हुने संशोधित अनुमान गरिएको छ । संशोधित आय मध्ये आन्तरिक आयमा रु. १९ करोड ८० लाख ७० हजार, बाह्य श्रोतबाट रु. ८० करोड ४६ लाख १४ हजार र गत वर्षको बैंक मौज्दात रु.३५ करोड ९६ लाख ९३ हजार रहेको थियो । कुल खर्च १ अर्ब ३२ करोड २३ लाख ७७ हजार हुने संशोधित अनुमान मध्ये चालु खर्च रु.४९ करोड ६८ लाख २१ हजार र पूजीगत खर्च रु. ८२ करोड ५५ लाख ५६ हजार हुने संशोधित अनुमान छ । चालु आ.व.को अन्त्यमा करीब रु. ४ करोड रकम बैङ्क मौज्दात रहने अनुमान गरिएको छ ।

**ग. अब म आगामी आ.ब.२०८०/८१ को प्रस्तावित अनुमानीत आय, व्यय र क्षेत्रगत बजेट प्रस्तुत गर्न चाहन्छु:**

यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ का लागि कुल आय-व्यय रु. ९४ करोड ८८ लाख ९५ हजार रहेकोछ । कुल खर्च मध्ये चालु खर्च तर्फ रु. ४८ करोड २६ लाख ८४ हजार (५० दशमलव ८६ प्रतिशत) र पुँजीगत खर्च रु. ४६ करोड ६२ लाख ११ हजार (४९ दशमलव १४ प्रतिशत) रहेकोछ । विभिन्न कोषहरुमा रु. ३ करोड २८ लाख ५५ हजार रकम रहेकोछ । कुल बजेटमा गत आ.व. २०७८/७९ को यथार्थ खर्च भन्दा शुन्य दशमलव ९६ प्रतिशतले वृद्धि भएको छ भने यस चालु आ.व. २०७९/८० को संशोधित अनुमान भन्दा २८ दशमलब २४ प्रतिशतले ऋणत्मक हुन आउँछ ।

**घ. कुल आय तथा व्ययको श्रोत/क्षेत्रगत विवरण:**

१. **आय तर्फ :**

आन्तरिक आय रु.१७ करोड ७० लाख ३८ हजार रहेको छ । सङ्घीय सरकार सशर्त अनुदान रु.२४ करोड १४ लाख, सङ्घीय सरकार समानीकरण अनुदान १५ करोड ७६ लाख, सङ्घीय सरकारबाट बाँडफाँड भई प्राप्त हुने रु.११ करोड ३४ लाख २० हजार, संरक्षित वन रोयल्टी रु.३० लाख, सङ्घीय सरकार विशेष अनुदान रु.२ करोड, संघीय सरकार समपुरक अनुदान ८० लाख, प्रदेश सरकार सशर्त अनुदान रु.२ करोड ५ लाख ३० हजार, प्रदेश सरकार समानिकरण अनुदान रु.१ करोड ६८ लाख २८ हजार, प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने रकम रु.७ करोड ६० लाख ७९ हजार, प्रदेश सरकार समपुरक अनुदान रु.४ करोड, प्रदेश सरकार विशेष अनुदान रु.१ करोड, भारतीय राजदुतावासबाट प्राप्त हुने आय रु.१ करोड, सडक बोर्ड नेपालबाट प्राप्त हुने रु.५० लाख, र चालु वर्षको अनुमानीत बैंक मौज्दात रु.४ करोड गरी कुल जम्मा रु. ९४ करोड, ८८ लाख ९५ हजार आय अनुमान गरिएकोछ ।

२. **व्यय तर्फ :**

कार्यसञ्चालन तथा प्रशासनिक खर्च रु.११ करोड ९९ लाख, नगरस्तरीय गौरवका आयोजनामा रु.७ करोड ७० लाख, नगरस्तरीय योजना तथा कार्यक्रम खर्च तर्फ रु.४९ लाख २५ हजार, नगरस्तरीय पूर्वाधारका कार्यक्रमहरु रु.३ करोड ४० लाख ४० हजार, वडास्तरीय योजना तर्फ रु.१७ करोड २६ लाख, विषयगत शाखा तर्फ रु.१४ करोड ५ लाख, नगरस्तरीय विभिन्न कोष तर्फ रु.१ करोड ५० लाख, म्याचिङ्ग फण्डमा २ करोड र अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फ रु.३६ करोड ४९ लाख ३० हजार गरी जम्मा रु.९४ करोड ८८ लाख ९५ हजार व्यय अनुमान गरिएकोछ ।

**३. विभिन्न क्षेत्रगत व्यय विवरण**

आर्थिक विकास क्षेत्र तर्फ रु. ७ करोड ७० लाख २९ हजार, सामाजिक विकास क्षेत्र तर्फ रु. ३३ करोड ७९ लाख ८८ हजार, पुर्वाधार विकास क्षेत्र तर्फ रु. ३५ करोड ६३ लाख २७ हजार, वातावरण तथा विपद् व्यवस्थापन २ करोड ४५ लाख, र सुशासन तथा संस्थागत विकास १२ करोड १ लाख ९६ हजार हुने अनुमान गरिएको छ ।

**४. क्षेत्रगत रुपमा व्ययको अनुपात:**

आर्थिक विकास क्षेत्र तर्फ कुल विकास बजेटको ८ दशमलव १२ प्रतिशत, सामाजिक विकास तर्फ ३५ दशमलव ६२ प्रतिशत, पूर्वाधार विकास तर्फ ३७ दशमलव ५५ प्रतिशत, वातावरण तथा विपद् व्यवस्थापन तर्फ २ दशमलव ५८ प्रतिशत र संस्थागत विकास र सुशासनमा १२ दशमलव ६७ प्रतिशत बिनियोजन गरिएकोछ ।

**सभाध्यक्षज्यू,**

**१२. अब म आगामी आर्थिक वर्ष २०८०/८१ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**(क) राजस्व सम्बन्धी विवरण**

- यस चालु आर्थिक वर्ष २०७९/८० को राजस्व रु. १५ करोड ८० लाख ७० हजार अनुमान रहेकोमा जेष्ठ मसान्तसम्ममा रु.१२ करोड ५२ लाख ८८ हजार असुल भएकोछ । जुन यस वर्षको लक्ष्यको ७९ दशमलव २६ प्रतिशत हुन आउँछ । यस अनुसार चालु आ.व.मा राजस्वको लक्ष्य पुरा हुने अनुमान गरिएको छ ।
- राजस्वका दरहरुमा स्थानीय राजस्व परामर्श समितिको सिफारिशलाई आधार लिदैं नगरकार्यपालिका बैठकबाट सिफारिस भई आएका दरहरुलाई यस नगरसभामा पेश गरिएकोछ । जसमा आर्थिक वर्ष २०७९/८० का लागि नगरसभाबाट पारित भई लगाईएका कर, शुल्क तथा दस्तुरका दरहरुमा सामान्य संशोधन गरी प्रस्ताव गरिएको छ । राजस्व अभिवृद्धीको लागि करका दरमा वृद्धि नगरी कराधारमा वृद्धि गरिनेछ ।

**(ख) आर्थिक वर्ष २०८०/८१ मा राजस्व परिचालनको नीतिहरु :**

- कानुन बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र कर तथा शुल्क लगाउन पाउने र कर तथा शुल्क उठन सक्ने सम्भव्य सबै क्षेत्रमा कर तथा शुल्क लगाउने नीति लिइएकोछ ।
- करको दायरालाई विस्तार गर्दै लगिने नीति लिइएकोछ ।

➢ थोरै आय हुनेले कम र धेरै आय हुनेले बढी कर तिर्नु पर्ने प्रगतीशील कर नीति लिईएकोछ ।

➢ विपद्को कारण समस्यामा परेका व्यापार व्यवसायलाई करको माध्यमबाट राहत प्रदान गर्ने नीति लिइएकोछ ।

➢ Covid-19 को कारणबाट प्रभावित भएका नगरपालिका क्षेत्रमा उद्योग, कलकारखाना, व्यापार, व्यवसायहरुको लगत संकलन गरी संभाव्यताका आधारमा विभन्न करछुट सुबिधा प्रदान गर्दै लगिनेछ ।

१. राजस्व परामर्श समितिले सिफारिश गरी कार्यपालिकाबाट पारीत समेत भएका राजस्वका दररेटहरुलाई अनुसूचीमा प्रस्तुत गरिएकोछ ।

२. राजस्व परामर्श समितिले आगामी आर्थिक वर्ष २०८०/८१ को लागि राजस्वका दररेट सिफारिश गर्दा चालु आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐनमा छुट भएका र थप गर्नुपर्ने नयाँ शिर्षक बाहेक अन्यको हकमा चालु आर्थिक वर्ष २०७९/८० को आर्थिक ऐनमा उल्लेखित दरलाई सामान्य संशोधन गरी अन्य दरलाई यथावत राखिएकोछ ।

३. साविकमा सम्पतिकरमा दिईदै आएको सोही आर्थिक वर्षको पौष मसान्तसम्ममा कर दाखिला गरेमा दिइने छुट सुविधालाई यथावत राखी आर्थिक वर्ष २०८०/८१ को सम्पतिकर २०८० पौष मसान्त सम्ममा दाखिला गर्ने करदातालाई लाग्ने करको १५ प्रतिशत छुट दिने व्यवस्थालाई यथावत राखिएकोछ ।

४. घर निर्माण सम्पन्न गर्नु पर्ने तोकिएको अवधी भित्र कार्य सम्पन्न गर्न नसकी म्याद थप गर्नु पर्ने भएमा साविकमा लागेको दस्तुरको १५ प्रतिशत थप शुल्क लाग्ने व्यवस्था मिलाईएकोछ ।

५. नगरपालिकामा हालसम्म दर्ता नभएका उद्योग तथा व्यवसायले २०८० पौष मसान्तसम्म दर्ता गरी नियमानुसार दर्ता तथा वार्षिक कर दाखिला गरेमा तथा दर्ता भएका उद्योग तथा व्यवसायले सो अवधिभित्र नविकरण गराएमा आ.व.२०८०/८१ को वार्षिक करमा १५ प्रतिशत छुट दिने व्यवस्था मिलाईएकोछ ।

६. घरबहाल कर दाखिला गर्नु पर्ने कर्तव्य भएको संस्था तथा व्यक्तिले २०८० पौष मसान्तसम्म घरबहालको विवरण दाखिला गरी सोही अवधिभित्र कर दायित्व समेत दाखिला गरेमा आ.व. २०८०/८१ मा लाग्ने घरबहाल करमा १० प्रतिशत छुट दिने व्यवस्था मिलाईएकोछ ।

७. महिला व्यवसायीको नाममा दर्ता हुने व्यवसायको दर्ता शुल्कमा ५० प्रतिशत छुट दिइनेछ ।

८. जुनसुकै उद्योग तथा व्यवसाय नयाँ दर्ता हुँदा आर्थिक वर्षको पहिलो ६ महिना भित्रमा दर्ता भएमा तोकीए बमोजिमको दर्ता शुल्कको साथै वार्षिक व्यवसाय कर समेत लाग्नेछ । माघ १ गते भन्दा पछाडि दर्ता भएका उद्योग तथा व्यवसायलाई सो आर्थिक वर्षको व्यवसाय कर असुल नगरी दर्ता शुल्क मात्र लिएर दर्ता गर्ने व्यवस्था मिलाइएको छ । अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका तर नगरपालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायलाई भने नगरपालिकामा दर्ता हुँदा यस किसिमको छुट सुबिधा उपलब्ध हुने छैन ।

९. पूर्वाधार निर्माण गर्नु पर्ने नयाँ दर्ता हुने उद्योगको हकमा सो आर्थिक वर्षको वार्षिक व्यवसाय कर असुल गरिने छैन ।

**सभाध्यक्षज्यू,**

बजेट तर्जुमा गर्ने सिलसिलामा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठकमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने नगरसभा सदस्यज्यूहरू, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै आवश्यक सल्लाह सुझाब दिनु हुने संङ्घीय संसद तथा प्रदेश सभाका माननीय सांसदज्यूहरु, जिल्ला समन्वय समितिको प्रमुखज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नुहुने नगर कार्यपालिकाको कार्यालयका कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण राजनीतिक दलका नगर समितिका प्रमुखज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, यस नगरसभा अधिवेशनमा उपस्थित हुनु हुने नगरसभा अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नगरसभाका सचिव, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकारमित्रहरु प्रति हार्दीक आभार तथा धन्यवाद व्यक्त गर्दछु । विगतमा जस्तै प्रस्तुत बजेट कार्यान्वयनको निमित्त पनि यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझाबलाई मार्गदर्शनको रूपमा लिएर खैरहनी

नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको रचनात्मक सहयोग निरन्तर रहने अपेक्षा गरेका छौं ।

**धन्यावाद !**

**कबिता उप्रेती**

**दिनाङ्क : २०८० साल आषाढ १० गते आईतबार**

**नगर उप-प्रमुख**

**खैरहनी नगरपालिका, खैरहनी चितवन**

खैरहनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८०

प्रस्तावनाः

खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क तथा दस्तुर संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खैरहनी नगरपालिकाको तेह्रौं नगरसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "खैरहनी नगरपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि खैरहनी नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. परिभाषा र व्याख्याःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "नगरपालिका" भन्नाले खैरहनी नगरपालिकालाई सम्झनु पर्दछ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्दछ।

(ग) "कर" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५, ५६, ५७, ५८, ६१ बमोजिम नगरपालिकाले लगाउन पाउने कर लगायत संविधानको अनुसूची – ८ बमोजिमका एकल अधिकार सूचीलाई कार्यान्वयन गर्दा कानून बमोजिम लगाईएका करलाई सम्झनु पर्दछ।

(घ) "शुल्क तथा दस्तुर" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९, ६०, ६२ बमोजिम नगरपालिकाले लगाउन पाउने विभिन्न शुल्क, सेवा शुल्क तथा दस्तुर लगायत नगरपालिकाले सेवा प्रवाह गर्दा लिन पाउने शुल्क तथा दस्तुरलाई सम्झनु पर्दछ।

(ङ) "चर्चेको जग्गा" भन्नाले नक्सापास गर्दाको बखतमा समावेश भएका कित्ताहरु समेतको जग्गा सम्झनु पर्दछ।

(च) "दण्ड जरिवाना" भन्नाले कानूनले निर्धारण गरेको मापदण्ड, विधि र समय बमोजिम काम नगरेको कारण कानूनद्धारा निर्धारीत थप कर, शुल्क, दस्तुरलाई दण्ड जरिवाना सम्झनु पर्दछ।

३. सम्पत्तिकरः (१) खैरहनी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र सो जग्गामा बनेको स्थाई संरचना (घर, गोठ, टहरा, गोदाम आदि समेत) मा सम्पत्तिकर लगाइने र असूलउपर गरिनेछ। आर्थिक वर्ष २०८०/८१ को लागि सम्पतिकरको दर अनुसूची–१ बमोजिम हुनेछ।

(२) सम्पत्तिकर निर्धारण प्रयोजनका लागि जग्गाको मूल्यांकन गर्दा राजश्व परामर्श समितिको सिफारिश बमोजिम नगर सभाले स्वीकृत गरेको मुल्याङ्कन अनुरुप हुनेछ।

(३) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका जग्गा तथा सो जग्गामा बनेका भौतिक संरचनामा सम्पत्तिकर लगाइने छैन।

(४) सम्पत्तिकर लागेको सम्पतिमा घरजग्गा कर तथा मालपोत वा भूमीकर लाग्ने छैन। तर सम्पत्तिकर लागू हुनु भन्दा अघि (आ.व. २०७४/०७५ भन्दा अघिल्लो आ.व. सम्म) को बक्यौता घरजग्गा कर तथा मालपोत असूली गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।

(५) सम्पत्ति कर निर्धारण प्रयोजनका लागि भौतिक संरचनाको मुल्याङ्कन गर्दा अनुसूची–१ मा उल्लेखित दर अनुसार ह्रास कट्टी गरी मुल्याङ्कन गरिनेछ।

(६) सम्पत्ति करका लागि सिफारिश गरिएको जग्गाको मुल्याङ्कन गर्दा घर टहरा तथा अन्य भौतिक पुर्वाधारहरुलाई करदाताले त्यस्तो क्षेत्रफल स्वघोषणा गरी लागु गर्ने र नक्शापास भईसके पछि फरक परेमा एक पटक थप लाग्ने शुल्क मात्र लिई शंसोधन गरि लिने र अन्य पटकका लागि थप भएको सम्पत्तिमा लाग्ने थप कर रकमको दोब्बर रकम जरिवाना लिईनेछ।

(७) घरजग्गा विवरण फरक पारी कर तिरेका करदाताहरुले पुनः विवरण सुधारका लागि पेश गरेको विवरणमा पहिलो पटक फरक परेमा थप भएको सम्पत्तिमा लाग्ने थप कर रकम लिने र दोश्रो वा सो भन्दा बढी पटक विवरण सच्चाई कर निर्धारण गर्नु पर्ने भएमा थप भएको कर रकमको दुई गुना जरीवाना लिने।

(८) जग्गाको मुल्याङ्कन गर्दा एकमुष्ठ धेरै क्षेत्रफल भएको जग्गाबाट ३० फिट मोहडा र १२० फिट पिछाड भएकालाई घडेरी मान्ने र बाँकी जग्गालाई बाटो नभएको जग्गाको मुल्याङ्कनको आधारमा कुल रकम तोकिनेछ ।

(९) कुनै जग्गामा घर भएको तर करदाताले बाटो नभएको भनी विवरण पेश गरेमा त्यस्तो जग्गाको मूल्याङ्गन गर्दा सहमतीको बाटो कायम गरी मूल्याङ्गन गरिनेछ ।

४. मालपोत (भुमिकर) : यस खैरहनी नगरपालिकामा आ.व. २०७४/७५ सम्मको मालपोत (भुमिकर), घरधुरीकर तथा स्थानीय विकास शुल्क बक्यौता रहेको अवस्थामा सोको कुल हिसाब गरी विलम्ब शुल्कवापत प्रति वर्ष १० प्रतिशतका दरले हिसाब गरी असुल गरिनेछ । मालपोत (भुमिकर) बक्यौता असुली गर्दा अनुसूची–१ बमोजिमको दरमा गरिनेछ ।

५. व्यवसाय कर : (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबार समेतका आधारमा अनुसूचि–१ बमोजिम व्यवसायकर लगाइने र असूलउपर गरिनेछ ।

(२) व्यवसायकर संकलन तथा व्यवस्थापनका लागि देहाय बमोजिम गर्न उपयुक्त हुने भएकोले देहाय बमोजिम गर्ने :

(क) यस नगरपालिका क्षेत्रभित्र व्यवसाय गर्ने व्यावसायी मध्ये नियमित कर बुझाउने व्यावसायीको संख्यामा वृद्धिगर्न तथा सबै व्यवसायलाई करको दायरामा ल्याउन तथ्यांक अद्यावधिक गर्ने, सबै वडाहरुमा व्यवसाय दर्ताका लागि प्रचारप्रसार, घुम्तीटोली कार्यक्रम, नियमित अनुगमन जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने र सो का लागि खैरहनी उद्योग बाणिज्य संघ, चितवन उद्योग संघ खैरहनी इकाई, चेम्बर अफ कमर्स खैरहनी तथा सम्बन्धित क्षेत्रका टोलविकास संस्थाहरु, सम्बन्धित निकायसंग समन्वय गरी कर्मचारीहरु परिचालन गर्ने । आगामी आ.व. २०८०/८१ का लागि स्थानीय राजस्व परामर्श समितिबाट प्रस्ताव गरिएका अनुसूची–१ बमोजिमका कर दर कार्यान्वयन गर्ने ।

(ख) नगरक्षेत्रमा कार्यरत सहकारी संस्थाहरु, बिमा कम्पनीहरु, निजी विद्यालयहरु, साना–ठुला उद्योगहरु, सामुदायिक वन, सञ्चार तथा केवल नेटवर्किङ्ग आदिलाई करको दायरामा ल्याउन विशेष कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।

६. घरबहाल कर : बहालकर संकलनलाई प्रभावकारी बनाउन निम्न बमोजिम गर्ने:

(क) घर बहालकर आ.व. २०८०/८१ का लागि विभिन्न संघ सस्थाको हकमा बहाल सम्झौतामा उल्लेखित बहाल रकममा १० प्रतिशत र अन्यको हकमा अनुसूची–१ मा उल्लेखित आधारमा बहाल रकम कायम गरी कुल रकमको ५ प्रतिशत बहाल कर लगाउने । तर अनुसूची–१ मा उल्लेखित आधारमा बहाल रकम कायम गरीएको क्षेत्रको घर बहाल सम्झौता भएको रहेछ र सो सम्झौतामा उल्लेखित रकम अनुसूची–१ मा उल्लेखित भाडादर भन्दा बढी भएमा सोही समझौता रकमलाई आधार मानी ५ प्रतिशत कर असुल गरिनेछ ।

(ख) बहालकर संकलनलाई सहज र सरल बनाउन आन्तरिक राजश्व कार्यालय, उद्योग वाणिज्य संघ, चितवन उद्योग संघ खैरहनी इकाई, चेम्बर अफ कमर्स खैरहनी तथा टोल विकास संस्थाहरुसंगको समन्वय एवं सहकार्य गर्ने । साथै कर संकलनलाई सरलीकरण गर्ने ।

(ग) नगरपालिकाले कुनै भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी आदि पूरै वा आंशिक तवरले बहालमा दिने व्यक्ति वा संस्थालाई आफ्नो सम्पत्ति बहालमा दिंदा बहालमा बस्नेसंग अनिवार्यरूपमा सम्झौता गर्नुपर्ने गरी आदेश दिन सक्नेछ ।

(घ) बहालमा बस्ने व्यक्ति वा संस्थाको व्यक्तिगत विवरण तथा निजसँग भएको सम्झौताको एक प्रति सम्बन्धित वडा समितिको कार्यालयमा समेत बुझाउन नगरपालिकाले अनिवार्य गर्न सक्नेछ ।

(ङ) बहालकर निर्धारण प्रयोजनका लागि नगरपालिकाले उद्योग बाणिज्य संघ खैरहनीसंगको समन्वय तथा राजस्व परामर्श समितिको सिफारिशमा बहाल रकमलाई समसामयिक एवं व्यवहारिक बनाउन नगरका विभिन्न स्थानको बहालमा लाग्न सक्ने सम्भावना, व्यावसायीक क्षेत्र वा सडक वा बस्तीलाई आधार मानेर बिगतमा बहालको न्यूनतम दर निर्धारण गरेको हुँदा सोही दरलाई आधार मानी यस वर्ष बहाल कर असुल गरिनेछ ।

(च) नगर कार्यपालिकाले बहालकर संकलनको प्रभावकारिता बृद्धि गर्नका लागि आवश्यक निर्णय लिन सक्नेछ ।

(छ) कुनै पनि सम्पति बहालमा लगाउन दुई पक्षबीच सम्झौता गर्दा न्यूनतम छ महिनाको म्याद राखीएको हुनु पर्नेछ । सो भन्दा कम अवधिको म्याद राखी गरिएको सम्झौता पत्रलाई स्वीकार गरिनेछैन ।

(ज) कुनै कम्पनीको नाउँमा रहेको घरजग्गामा सोही कम्पनी सञ्चालन भएमा बहालकर लाग्नेछैन । तर कम्पनीको सञ्चालक घरधनी भई निजको नाममा रहेको घरमा कम्पनी सञ्चालन भएमा बहालकर लाग्नेछ ।

(झ) अनुसूची–१ मा बहालदरका सम्बन्धमा जेसुकै लेखिएतापनि घरधनीसंग सम्झौता गरी बहालमा लिएको स्थानको बहालकर लिंदा सम्झौतापत्रमा उल्लेखित बहाल रकमलाई आधार मानी बहालकर निर्धारण गरिनेछ।

(ञ) बहालमा लिएको घरजग्गा दोस्रो पक्षले तेस्रो पक्षलाई बहालमा दिएमा उक्त दोस्रोपक्ष र तेस्रोपक्ष बीचको सम्झौतामा उल्लेख भए बमोजिमको बहाल रकमका आधारमा बहाल कर असूल गरिनेछ।

६. सवारीकरः पटके तथा वार्षिक सवारीकर संकलनलाई व्यवस्थित एवं प्रभावकारी बनाउन वार्षिक सवारी कर अभिवृद्धिका लागि खैरहनी नगरपालिकाबाट काठमाडौ, पोखरा तथा स्थानीय रुटमा सञ्चालन हुने भाडाका सवारी साधन तथा अन्य निजी सवारी साधन धनी संघसस्था तथा व्याक्तिहरुले नगरपालिकामा दर्ता गरी वार्षिक सवारीकरको दायरामा ल्याउन सम्बन्धित संघसंस्थाहरु संगको सहकार्यमा विशेष कार्यक्रम बनाई कार्यान्वयनमा ल्याउने। आर्थिक वर्ष २०८०/८१ को लागि पटके तथा वार्षिक सवारीकरको दर अनुसूची–१ बमोजिम हुनेछ।

कुनै व्याक्ति वा संघ संस्थाले सवारी साधनबाट प्राप्त आय प्रमाणीत गर्न चाहेमा कुल आयको ५ प्रतिशतका दरले कर असुल गरिनेछ।

५. मनोरञ्जनकरः हालसम्म नगरपालिकाले मनोरञ्जन व्यवसाय सञ्चालन गर्ने सञ्चालकहरु करको दायरामा नआएकोले करको क्षेत्र विस्तार गरी सिनेमा हल, थ्रियटर, च्यारेटी सो, कन्सर्ट, केवल नेटवर्क व्यवसायी, अस्थाई मेला तथा महोत्सव, पिकनिक स्पर्ट, पार्क, स्वीमिङ पुल साथै पर्यटन व्यवसायसंग सम्बन्धित सम्पुर्णलाई करको दायरामा ल्याउन विशेष पहल गर्ने। आर्थिक वर्ष २०८०/८१ को लागि मनोरञ्जनकरको दर अनुसूची–१ बमोजिम हुनेछ।

६. विज्ञापनकर : नगरपालिका क्षेत्र भित्र राखिने विभिन्न प्रकारका व्यवसायिक होर्डिङ्ग वोर्ड तथा अन्य विज्ञापन सामाग्रीहरुमा लाग्ने विज्ञापन कर संकलन तथा व्यवस्थापन प्रणालीमा सुधारका सम्बन्धमा सरोकारवाला पक्षहरुसंग समन्वय गरी प्रक्रिया अगाडी बढाउने। आर्थिक वर्ष २०८०/८१ को लागि विज्ञापन करकोदर अनुसूची–१ बमोजिम हुनेछ।

७. सरसफाई तथा वातावरण शुल्क : सरसफाई तथा वातावरण शुल्क लगाउने सम्बन्धमा देहाय बमोजिम गर्न उपयुक्त हुनेः

(क) सरसफाई सेवा शुल्कः हाल नगरपालिकाले नगरका मुख्य मुख्य स्थानहरुमा बनेका घरहरुबाट निस्कने फोहर व्यवस्थापन गर्न निश्चित संस्थालाई जिम्मा लगाएको छ। उक्त संस्थासंगको सम्झौता अनुसार नगरपालिकाले तोकेको दरमा सरसफाई तथा वातावरण शुल्क संस्थाले संकलन गर्ने र नगरपालिकालाई एक निश्चिचत रकम बुझाउने व्यवस्था गरिएकोले नगरपालिकाले यस भन्दा अगाडि देखि निर्धारण गरेका सरसफाई तथा वातावरण शुल्कका आधारमा सम्बन्धित संस्थालाई शुल्क संकलन गर्न लगाउने र सम्झौता बमोजिम प्राप्त रकम प्रभावित व्यक्ति, संस्था वा समूहको हितमा संकलित शुल्कको निश्चित प्रतिशत रकम खर्च गर्ने व्यवस्था गर्नुपर्ने। आर्थिक वर्ष २०८०/८१ को लागि सरसफाई शुल्कको दर अनुसूची–१ बमोजिम हुनेछ।

(ख) वातावरण प्रदूषण शुल्कः नगरक्षेत्र भित्र प्रवेश गर्ने प्रदुषणजन्य सामानहरु जस्तै पेट्रोलियम पदार्थ, प्लाष्टिकजन्य गिलास, प्लेट, मिनरल वाटर, हल्का पेय पदार्थ, तरकारी तथा फलफूल, माछा मासुजन्य पशुचौपाया तथा पंक्षी, प्याकेजिङ्ग तयारी खाजा, चाउचाउ, लेज लगायत तयारी खाद्य, सवारी इन्धन, प्रदूषणजन्य औद्योगिक उत्पादनहरुको वास्तविक परिमाणको समेत अध्ययन विश्लेषण गरी आयात बिन्दुमा र उत्पादनमा निश्चित प्रतिशत वा रकम प्रदूषण शुल्क लगाउने तर्फ विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने। आर्थिक वर्ष २०८०/८१ को लागि वातावरण प्रदूषण शुल्कको दर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

८. बसपार्क व्यवस्थापन तथा सवारी पार्किङ शुल्कः नगरका चारैतर्फ सञ्चालन हुने सवारी साधनहरुका लागि बसपार्कको व्यवस्था गर्नुपर्ने। व्यवस्थित बसपार्क निर्माण पश्चात् पार्किङ शुल्क संकलन गर्न शुरु गर्ने। सबै प्रकारका सबारी साधनहरुलाई शुल्कको दायरामा ल्याउनुपर्ने। आर्थिक वर्ष २०८०/८१ को लागि बसपार्क व्यवस्थापन तथा सवारी पार्किङ शुल्कको दर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

९. नक्सापास दस्तुरः यस सम्बन्धमा देहाय बमोजिम गर्ने :

(क) भुकम्प प्रतिरोधी घर निर्माण गर्ने सन्दर्भमा विगत आ.व. २०६७/६८ देखि लागू गरिएको National Building Code को कार्यान्वयनले पारेको प्रभावका कारण घरनक्सा पासका लागि अनुमति लिनेहरुको संख्यामा वृद्धि गर्न National Building Code को कार्यान्वयनलाई सहज बनाउने विषयमा नगरपालिकाले पुनर्विचार गरी हाल कार्यान्वयनमा रहेको नक्सापासको प्रक्रियामा थप सरलीकरण गर्नुपर्ने तथा यसको अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने। नगरमा समावेश भएका

साविकका गा. वि. स. क्षेत्र समेत नगरका सम्पूर्ण नक्सा नियमित गर्न बाँकी घरहरुको घरनक्सा नियमित गरी दायरामा ल्याउनुपर्ने। नगरपालिकामा सिफारिश भए बमोजिमको वर्गीकरण अनुसार नक्शापास दस्तुर कार्यान्वयनमा ल्याउने।

(ख) सरकारी, सामुदायिक तथा संस्थागत क्षेत्रमा निर्माण हुने भवन तथा संरचनाहरुको नक्सापास गर्नुपर्ने प्रकृतिका संरचनाहरुको नक्सापास गर्ने सम्बन्धमा खैरहनी नगरपालिका संलग्न नभइरहेको सन्दर्भमा प्रचलित कानूनका आधारमा सम्बन्धित निकायहरुसंग छलफल गरी निर्माण भएका वा हुने संरचनाहरुको नक्सापास सम्बन्धमा टुङ्गो लगाउन उपयुक्त नीति अवलम्बन गर्ने।

(ग) नगरपालिका स्थापना हुनु भन्दा पहिल्यै निमार्ण भएका तर हालको मापदण्ड बमोजिम अभिलेखीकरण समेत हुन नसकेका घर तथा भौतिक संरचनाहरुको नगरपालिकामा अभिलेख प्रयोजनको लागि पछि नेपाल सरकार वा नगरपालिकालाई आवश्यक परेको अवस्थामा हटाउने शर्तमा अनुसूची -१ मा उल्लेखित दरमा राजस्व लिई अभिलेख जनाई दिने व्यवस्था मिलाउने।

१०. हाट बजार व्यवस्थापनः कृषि उपजको मूल्य अधिकाधिक कृषकहरुलाई नै दिलाउन, बिचौलियाको प्रभाव न्युनीकरण गर्दै उचित मूल्यमा दैनिक उपभोग्य बस्तु उपभोक्ता समक्ष सहज रुपमा पुगोस भन्ने उद्देश्यका साथ कम्तीमा साप्ताहिकरुपमा चल्ने हाटबजारको व्यवस्था गर्न पहल गर्नुपर्ने। आर्थिक वर्ष २०८०/८१ को लागि हाट बजार व्यवस्थापन शुल्कको दर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

११. प्लटिङ्ग व्यवस्थापन : भू-उपयोग नीतिसंग मेल नखाने गरी विभिन्न व्यक्ति वा संस्थाहरुबाट यत्रतत्ररुपमा भैरहेको प्लटिङ्ग कार्यलाई निरुत्साहन समेत गर्नुपर्ने भएकोले कार्यालयबाट प्लटिङ्ग अनुमति प्रदान गर्दा दस्तुर लिने व्यवस्था गर्ने। आर्थिक वर्ष २०८०/८१ को लागि प्लटिङ्ग व्यवस्थापन शुल्कको दर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

१२. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूची–१ मा उल्लेखीत दर बाहेक सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन। विशेष परिस्थिति परी कर छुट दिनु पर्ने देखिएमा राजस्व परामर्श समितिको सिफारीशमा कार्यपालिकाले छुट दिन सक्नेछ।

१३. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगर कार्यपालिकाले तोके अनुसार हुनेछ।

१४. विविधः (१) नेपालको संविधान २०७२ को धारा ५७(५), १०९, १६२(४), १९७, २१४(२), २२१(२), र २२६ (१) सँग सम्बन्धित अनुसूचि–९ अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा परेका अधिकारहरूको हकमा संघीय तथा प्रदेश कानूनहरूमा व्यवस्था भए बमोजिम हुनेछ।

(२) ऐलानी जग्गामा बसोबास गर्नेहरुलाई करको दायरमा ल्याउन नगरपालिकाले उपयुक्त विधि अवलम्वन गर्न सक्नेछ।

(३) कर, शुल्क तथा दस्तुरहरूको दर निर्धारण गर्दा प्रचलीत कानूनलाई आधार मानिएको छ। प्रचलीत कानूनलाई आधार लिई तय भएका कर, शुल्क तथा दस्तुरहरूको दर वा सीमाहरू कुनै कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन्।

(४) यस ऐन बमोजिमको कर, शुल्क तथा दस्तुर संकलनका लागि नगरपालिकाले निजी क्षेत्रको सीप, क्षमता र पूँजीलाई अधिकतम उपयोग गर्नेगरी आवश्यक रणनीति निर्माण गरी सार्वजनिक निजी साझेदारी (Public, private partnership–PPP) को अवधारणा अनुसार आवश्यकता र प्रभावकारिता समेतलाई मध्यनजर गरी केही आयोजनाहरू कार्यान्वयन गर्न सक्नेछ।

(५) आफ्नो अधिकार क्षेत्रभित्रको कर, शुल्क तथा दस्तुरहरू निर्धारण एवं संकलन गर्ने सन्दर्भमा नगरपालिकाले सरकारी वा गैरसरकारी संस्था, नगरवासीहरू र सरोकारवालाहरू समेतको आवश्यक परामर्श एवं सहयोग लिन सक्नेछ। साथै कर, शुल्क तथा दस्तुरहरू नगरपालिका आफैले संकलन गर्नु भन्दा अन्य संघ तथा संस्थालाई जिम्मा दिंदा आर्थिक तथा प्रशासनीक रुपले सरल तथा कम खर्चिलो हुने भएमा अन्य संघ तथा संस्थालाई तेस्तो कर, शुल्क तथा दस्तुर संकलन गर्न दिन सकिनेछ।

(६) नगरका विभिन्न स्थानमा अस्थायी रूपमा बसोबास गरिरहेका नागरिकहरूलाई करको दायरामा ल्याउन नगरपालिकाले आवश्यक कार्यिविधि तयार गरी लागू गर्न सक्नेछ।

(७) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिम गठीत स्थानीय राजश्व परामर्श समितिको सिफारिस बमोजिम आगामी आ.व. २०८०/८१ का लागि आन्तरिक आय प्रक्षेपण गर्दा विगत आ.व.हरुको अनुमान, यथार्थ प्रगतिको अवस्था, नगरपालिकाबाट विगतमा गरिएको राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण प्रतिवेदनले गरेको प्रक्षेपण तथा सुझाबहरुको विश्लेषण र व्यवहारिक पक्षलाई समेत आधार मानि गरिएको छ।

(८) मर्मत वर्कसपबाट हुने प्रदुषणबाट मुख्य बजार क्षेत्र जोगाउन सम्बन्धित व्यवसायीहरुलाई आवश्यक पूर्वाधार विकास गरी स्थानान्तरण गर्ने र सबै व्यवसायीहरुलाई करको दायरामा ल्याउनु पर्ने।

(९) पर्यटन प्रबर्द्धनका लागि साविक कुमरोज, चैनपुर, कठार गा.वि.स.हरुमा पर्यटन क्षेत्रहरुको थप विकास गरी पर्यटन शुल्क लगाउनु पर्ने।

(१०) नगरका विभिन्न स्थानहरुमा घुम्ती शौचालयको व्यवस्था गरी सःशुल्क घुम्ती शौचालय सेवा सञ्चालन गर्नुपर्ने।

(११) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालुवा, एवं माटो वा माटोजन्य वस्तु तथा आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्नेछ।

(१२) कानूनले निर्धारण गरेको मापदण्ड, विधि र समय बमोजिम काम नगरेको कारण वा कानूनद्धारा तोकिएको भन्दा विपरीत कार्य गरी दण्ड जरिवाना असुल गर्दा अनुसूची–१ बमोजिम असुल गरिनेछ।

**आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्व दरहरु :**

**सम्पत्ति करको प्रस्तावित दर**

**(ऐनको दाफा ५५ संग सम्बन्धित)**

**जग्गाको मूल्याङ्कनको लागि**

| क्र.सं. | विवरण | सम्पति कर रु. मा | छुट दर प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| १ | रु. १ देखि ५,००,००० सम्म | १०० | १५ | छुट २०८० पौष मसान्तसम्ममा कर दाखिला गर्ने दाखिलालाई मात्र उपलब्ध गराईने छ। |
| २ | रु. ५,००,००१ देखि ७,००,००० सम्म | १५० | १५ | |
| ३ | रु. ७,००,००१ देखि १०,००,००० सम्म | २०० | १५ | |
| ४ | १०,००,००१ देखि १५,००,००० सम्म | ३०० | १५ | |
| ५ | १५,००,००१ देखि २०,००,००० सम्म | ४०० | १५ | |
| ६ | २०,००,००१ देखि २५,००,००० सम्म | ७०० | १५ | |
| ७ | २५,००,००१ देखि २८,००,००० सम्म | ९०० | १५ | |
| ८ | २८,००,००१ देखि ३०,००,००० सम्म | १,००० | १५ | |
| ९ | ३०,००,००१ देखि ३५,००,००० सम्म | १,२०० | १५ | |
| १० | ३५,००,००१ देखि ४०,००,००० सम्म | १,७०० | १५ | |
| ११ | ४०,००,००१ देखि ४५,००,००० सम्म | २,२०० | १५ | |
| १२ | ४५,००,००१ देखि ४८,००,००० सम्म | २,७०० | १५ | |
| १३ | ४८,००,००१ देखि ५०,००,००० सम्म | ३,००० | १५ | |
| १४ | ५०,००,००१ देखि ६०,००,००० सम्म | ३,५०० | १५ | |
| १५ | ६०,००,००१ देखि ७०,००,००० सम्म | ४,५०० | १५ | |
| १६ | ७०,००,००१ देखि ८०,००,००० सम्म | ५,५०० | १५ | |
| १७ | ८०,००,००१ देखि ९०,००,००० सम्म | ६,५०० | १५ | |
| १८ | ९०,००,००१ देखि ९५,००,००० सम्म | ७,५०० | १५ | |
| १९ | ९५,००,००१ देखि १,००,००,००० सम्म | १०,००० | १५ | |
| २० | १,००,००,००१ देखि १,२०,००,००० सम्म | १२,००० | १५ | |
| २१ | १,२०,००,००१ देखि १,४०,००,००० सम्म | १३,५०० | १५ | |
| २२ | १,४०,००,००१ देखि १,६०,००,००० सम्म | १५,००० | १५ | |
| २३ | १,६०,००,००१ देखि १,८०,००,००० सम्म | १६,५०० | १५ | |
| २४ | १,८०,००,००१ देखि १,९०,००,००० सम्म | १८,००० | १५ | |
| २५ | १,९०,००,००१ देखि २,००,००,००० सम्म | २०,००० | १५ | |

| | | | | |
|---|---|---|---|---|
| २६ | २,००,००,००१ देखि २,५०,००,००० सम्म | २५,००० | १५ | |
| २७ | २,५०,००,००१ देखि ३,००,००,००० सम्म | ३२,००० | १५ | |
| २८ | ३,००,००,००१ देखि ३,५०,००,००० सम्म | ३९,००० | १५ | |
| २९ | ३,५०,००,००१ देखि ४,००,००,००० सम्म | ४०,००० | १५ | |
| ३० | ४,००,००,००१ देखि ४,५०,००,००० सम्म | ५३,००० | १५ | |
| ३१ | ४,५०,००,००१ देखि ५,००,००,००० सम्म | ६०,००० | १५ | |
| ३२ | ५,००,००,००१ भन्दा माथि | रु. २।–प्रति हजार | १५ | |

सम्पत्ति कर प्रयोजनको लागि भौतीक संरचनाको मूल्याङ्कन दर

| क्र.सं. | विवरण | दररेट (प्रति वर्ग फिट रु.मा) पहिलो तल्ला | दररेट (प्रति वर्ग फिट रु.मा) दोश्रो तल्ला | दररेट (प्रति वर्ग फिट रु.मा) तेस्रो तल्ला र सो भन्दा माथि | ह्रास कट्टी दर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आर सि.सि फ्रेम स्ट्रकचर | १२०० | ९६० | ८०० | ५ | |
| २ | आर सि.सि फ्रेम स्ट्रकचर (फ्रेम नभएको) | १००० | ८०० | ६५० | ५ | |
| ३ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाहो आर सि सि छाना | १००० | ८०० | ६५० | ७ | |
| ४ | माटोको जोडाइमा इट्टा वा ढुंगाको गाहो आर सी सी छाना | ९०० | ७२० | ६०० | ७ | |
| ५ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाहो जस्ता छाना | ६०० | | | १० | |
| ६ | माटोको जोडाइमा इट्टा वा ढुंगाको गाहो जस्ता छाना | ५०० | | | १० | |
| ७ | सोरुम, उद्योग सञ्चालनको लागि वरिपरी गाहो लगाई बनाइएको जस्ताको छाना, सामान्य बसोवासको लागि काठको वा सिमेन्टको खम्बामा बनेका जस्ता, टायल वा झिंगटिको छाना इट्टा वा ब्लक लगाई बनाइएको सामन्य घर तथा ग्यारेज | २५० | | | १० | |
| ८ | सोरुम, उद्योग सञ्चालनको लागि वरीपरी गाहो नलगाइ बनाइएको जस्ताको छाना भएको टहरा तथा ग्यारेज | २०० | | | १० | |
| ९ | १ देखि ८ सम्म बाहेकका अस्थायी तथा कच्ची घर, टहरा, गोठ, सेड आदी | एक मुष्ठ रु. ५०,००० | | | | |
| १० | ढुंगाका वा इट्टाको पर्खाल प्रति रनीङ फिट | २०० | | | | |

## करका दरहरु

| क्र.सं . | विवरण | आगामी आको लागि प्रस्तावित दर ८१/२०८० .व. |
|---|---|---|
| **१** | **नागरिकता सिफारीश तथा प्रतिलिपि सिफारिश** | |
| क | नागरिकता सिफारीश | १००।– |
| ख | प्रतिलिपि सिफारिश | ५०। – |

| | | |
|---|---|---|
| २ | **नाता प्रमाणित, विभिन्न शिर्षकको** | |
| | क) अंग्रेजीमा गरिने सिफारिस टाइप समेत | ५५०/- |

| | | |
|---|---|---|
| | ख) नेपालीमा गरिने सिफारिस | २००/- |
| | ग) वडा सर्जिमन शुल्क/ अन्य सबै सिफारिस | १५०/- |
| | घ) सर्जमिन सहितको सिफारिस | २५०/- |
| | एकपटक नियमानुसारको शुल्क तिरेर अंग्रेजीमा प्रमाणित गरेका विभिन्न कागजातहरु विभिन्न कारणले बिग्रिनगई पुन बनाउन परेमा ३० दिन सम्मको लागि तयारी शुल्क रु ५०।- मात्र लिएर प्रमाणित गरी दिने । सो भन्दा पछाडि सिफारिश शुल्क र तयारी शुल्क दुवै असुल गर्ने ।<br><br>आय प्रमाणित तथा धितो मुल्यांकनको शुल्क लिई प्रमाणित गरी सकेपछि मुल्य थप वा घट गरी पुन बनाउन आएमा पुरै रकम लिएर पुन प्रमाणित गरी दिने । सामान्य भाषागत समस्या, मितिको समस्याले पुन बनाउनु पर्ने भएमा ३० दिन भित्र तयारी शुल्क मात्र लिएर बनाउने सो समय भन्दा पछि पुरै शुल्क लिने । | |
| ३ | **विद्युत जडान सिफारिस तथा काठ निकासी सिफारिस** | |
| | क) घरायसी/कृषि प्रयोजन | १५०/- |
| | ख) व्यवसायिक प्रयोजनको लागि | ५००/- |
| | **ग)** व्यवसायिक प्रयोजनको लागि काठ निकासी | २०००/- |
| | **घ)** घरायसीप्रयोजनको लागि | १५०/- |
| ४ | **उद्योग बन्द गर्ने सिफारिस** | **१०००/-** |
| ५ | **चार किल्ला प्रमाणित प्रति कित्ता** | |
| | क) खैरहनी वडा नं. १, २, ८ र ९ को राजमार्गसँग जोडिएको जग्गा मात्र | १०००/- |
| | ख) वडा नं. ६ को पुरानो राजमार्गको खैरहनी चोक देखि स्वर्णतारा युवा क्लबसम्म जोडिएको जग्गा, वडा नं. २ को चैनपुरचोक देखि वडा नं. ६ नगरपालिका गेटसम्मको पिच सडक संग जोडिएको जग्गा मात्र । | ७००/- |
| | ग) माथिका (क) र (ख) बाहेक सबै वडाका पिच सडकसँग जोडिएका जग्गा मात्र | ५००/- |
| | घ) माथिका (क) र (ख) बाहेक सबै वडाका ग्राभेल तथा कच्ची बाटोसँग जोडिएका जग्गा मात्र | ३००/- |
| | ङ) अन्य स्थानको बाटो नभएको जग्गा मात्र<br>(नापी नक्सामा बाटो नदेखीए तापनि फिल्डमा बाटो भएको जग्गालाई बाटो भएको मान्नु पर्नेछ ।)<br>➢ माथि जे सुकै लेखिएको भएतापनि घडेरी प्रयोजनको लागि प्रयोग हुने सगै जोडिएका कित्ताहरुको क्षेत्रफल बढीमा एक कठ्ठासम्म भएमा सबै कित्ताहरु जनाई एक कित्ता मानी सिफारिश गरिनेछ ।<br>➢ चारकिल्ला सिफारिश गर्दा फरक फरक स्थानमा रहेका नजोडिकएका कित्ताको कित्ता अनुसार नै चारकिल्ला सिफारिश गरी दस्तुर नियमानुसार राजस्व असुल गर्ने । जोडिका कित्ता नै भएपनि १ कठ्ठा भन्दा बढी क्षेत्रफल भएमा फरक फरक कित्ताको हिसाबले चारकिल्ला सिफारिश गर्ने ।<br>➢ घरबाटो सिफारिश गर्दा प्रति कित्ताको क्षेत्रफलको आधारमा दस्तुर असुल गर्ने । यसमा सगै जोडिएका कित्ता नै भएपनि र १ कठ्ठा भन्दा कम क्षेत्रफल नै भएपनि फरक फरक कित्ताको हिसाब गर्ने । | २००/- |
| | च) उपरोक्त खण्ड क, ख, ग र घ मा उल्लेखित जग्गामा घर, मिल, उद्योग भएमा जग्गाको नियमानुसार लाग्ने दस्तुरमा घर भएमा ५००, मिल भएमा १०००, उद्योग भएमा २५०० थप दस्तुर लाग्नेछ । | |
| ६ | घर, बाटो सिफारिस | |
| | क) राजमार्गसँग जोडिएको प्रति कित्ता | |
| | ➢ १ कठ्ठा भन्दा कमको लागि | १२००/- |
| | ➢ १ कठ्ठा देखि माथि दुई कठ्ठा सम्मको लागि | २०००/- |
| | ➢ दुई कठ्ठा भन्दा माथि जतिसुकै भएपनि प्रति कठ्ठा रु १००/- का दरले थप दस्तुर लाग्ने छ | |
| | ख)राजमार्गबाट उत्तर, दक्षिण खोलिएको पिच बाटो प्रति कित्ता | |
| | ➢ १ कठ्ठा भन्दा कमको लागि | १०००/- |
| | ➢ १ कठ्ठा देखी माथि दुई कठ्ठा सम्मको लागि | १२००/- |
| | ➢ दुई कठ्ठा भन्दा माथि जतिसुकै भएपनि प्रति कठ्ठा रु.१००।– का दरले थप दस्तुर लाग्ने छ। | |
| | ग)राजमार्गबाट उत्तर, दक्षिण ग्रावेल, कच्चि बाटो प्रति कित्ता | |
| | ➢ १ कठ्ठा भन्दा कमको लागि | ८००/- |
| | ➢ १ कठ्ठा देखी माथि दुई कठ्ठा सम्मको लागि | १०००/- |
| | ➢ दुई कठ्ठा भन्दा माथि जतिसुकै भएपनि प्रति कठ्ठा रु.१००।– का दरले थप दस्तुर लाग्ने छ। | |

| | | |
|---|---|---|
| | घ)बाटो नभएको प्रति कित्ता | |
| | ➢ दुई कठ्ठा सम्मको लागि | ५००/- |
| | ➢ दुई कठ्ठा भन्दा माथि जतिसुकै भएपनि प्रति कठ्ठा रु.१००।– का दरले थप दस्तुर लाग्ने छ। | |
| | बाटो भन्नाले नापी नक्सामा उल्लेख नभएता पनि व्यक्ति वा दुई पक्षको सहमतीमा खोलिएका बाटोहरुलाई समेत जनाउँछ। | |
| ७ | पञ्जिकरण (म्याद नाघेको हकमा) | |
| | जन्मदर्ता | २००/- |
| | मृत्यु दर्ता | २००/- |
| | विवाह दर्ता | २००/- |
| | बसाइ सराइ | २००/- |
| | सम्बन्ध विच्छेद | २००/- |
| | पंजीकरण प्रतिलिपि | ५००/- |
| ८ | व्यक्ति प्रमाणित | ५००/- |
| ९ | क) अविवाहित प्रमाणित | ५००/- |
| | ख) पुन प्रमाणिकरण दस्तुर | २००/- |
| १० | धितो/सम्पत्ती मूल्याङ्कन तथा आय प्रमाणित | |
| | क. ५०,०००/– सम्म | १००/- |
| | ख. ३,००,०००/– सम्म | २००/- |
| | ग. ५,००,०००/– सम्म | ५००/- |
| | घ. १०,००,०००/– सम्म | ७००/- |
| | ङ. १५,००,०००/– सम्म | १०००/- |
| | च. २०,००,०००/– सम्म | १५००/- |
| | छ. ५०,००,०००/– सम्म | २०००/- |
| | ज. १,००,००,०००/– सम्म | २५००/- |
| | झ. २,००,००,०००/– सम्म | ३०००/- |
| | ञ. २,००,००,०००/– सम्म | ०.०४ प्रतिशत |
| **उद्योग एवं व्यवसाय नयाँ दर्ता दस्तुर** | | |
| (नयाँ दर्ता भन्नाले अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेको तर नगरपालिकामा दर्ता नभएकोलाई समेत सम्झनु पर्दछ।) | | |
| ११ | नयाँ इट्टा चिम्नी दर्ता (नयाँ) | १,००,०००/- |
| १२ | पेट्रोल पम्प नयाँ दर्ता | २५,०००/- |
| १३ | चिउरा तथा भुजा मिल नयाँ दर्ता | |
| | क) अटोमेटिक | २५,०००/- |
| | ख) अन्य | १०,०००/- |
| १४ | ग्याँस उद्योग नयाँ दर्ता | १,५०,०००/- |
| १५ | स-मिल काठ चिरानी नयाँ दर्ता | |
| | क) बेण्ड स र ट्रली समेत भएको | ५०,०००/- |
| | ख) अन्य | ३०,०००/- |
| १६ | डिस्टिलरी उद्योग तथा वियर उद्योग नयाँ दर्ता | १,२०,०००/- |
| १७ | बैंक तथा वित्तीय संस्था नयाँ दर्ता | |
| | क. वर्गको बैंक तथा वित्तीय संस्था | २०,०००/- |
| | ख. वर्गको बैंक तथा वित्तीय संस्था | १२,०००/- |
| | ग. वर्गको बैंक तथा वित्तीय संस्था | ६,०००/- |
| | घ. लघुवित्त तथा सिमित बैंकिंग कारोबार | ५,०००/- |
| १८ | सहकारी संस्थाहरु दर्ता शुल्क | २,०००/- |
| १९ | ह्याचरी नयाँ दर्ता | ५०,०००/- |
| २० | क्रसर उद्योग नयाँ दर्ता | ५०,०००/- |
| २१ | कापी उद्योग नयाँ दर्ता | १०,०००/- |

| | | |
|---|---|---|
| २२ | क्रेट/कार्टुन उद्योग नयाँ दर्ता | १०,०००/- |
| २३ | बोरा उद्योग नयाँ दर्ता | १०,०००/- |
| २४ | इको ब्लक उद्योग | २५,०००/- |
| २५ | राइस मिल नयाँ दर्ता | |
| | क) स्टिम प्लान्ट | २०,०००/- |
| | ख) अटोमेटिक प्लान्ट | १०,०००/- |
| | ग) अन्य राइस तथा तेल मिल | ३०००/- |
| २६ | स्टिल/फलाम उद्योग नयाँ दर्ता | ७५,०००/- |
| २७ | दैनिक रुपमा फिल्म प्रदर्शन गर्ने चलचित्र घरको दर्ता शुल्क | २५,०००/- |
| २८ | एसम्बल गरि इलेक्ट्रिकल्स समान उत्पादन तथा प्याकिंग गर्ने उद्योगको दर्ता शुल्क | ८०००/- |
| २९ | अटोरिक्सा/ टेम्पो व्यवसाय संचालन गर्ने संस्था दर्ता | १०,०००/- |
| ३० | सुपर मार्केट/ मार्ट दर्ता | १०,०००/- |
| ३१ | स्वास्थ्य संस्था दर्ता दस्तुर | |
| | क) अस्पताल तथा नर्सिंग होम | २५,०००/- |
| | ख) डाईग्नोष्टिक सेन्टर/पोली क्लिनिक | १५,०००/- |
| | ग) क्लिनिक | ५,०००/- |
| | घ) आयुर्वेद अस्पताल/क्लिनिक/ वैकल्पिक चिकित्सा अस्पताल(औषधालय समेत) | ५,०००/- |
| ३२ | **All in on service** सेवा (इलेक्ट्रिक सामान सप्लाई/विक्री, मर्मत गर्ने, फर्निचर, होम डेलिभरी व्यवसाय) | ५,०००/- |
| ३३ | अनलाइन शेयर बजार सिस्टम व्यवसायको दर्ता शुल्क | १०,०००/- |
| ३४ | औषधी उद्योगको दर्ता शुल्क | ३०,०००।- |
| ३५ | न्युज पोर्टल व्यवसायको दर्ता शुल्क | २,५००।- |
| ३६ | क्यान जुस वा स्लाइडर उत्पादन बहुउदेश्यीय पेय पदार्थ दर्ता शुल्क | २५,०००।- |
| ३७ | क्रसर उद्योगबाट धुलो पाउडर लिई फेसमा लगाउने क्रिम पाउडर सावुन अन्य पदार्थ उत्पादन सप्लायर्स गर्ने व्यवसायको दर्ता शुल्क | ५०,०००।- |
| ३८ | इभेन्ट म्यानेजमेन्ट दर्ता शुल्क | १३,०००।- |
| ३९ | बाँयोग्याँस प्रालि दर्ता शुल्क | ३०,०००।- |
| ४० | मिक्सर्च रेलिङ्ग ढलान स्ल्याव बनाउने सानो किसिमका मेसिनहरु भाडा लगाउनको लागि संचालन गर्ने व्यवसायको दर्ता शुल्क | ८,०००।- |
| ४१ | सेक्युरीटी गार्ड संचालन व्यवसाय दर्ता शुल्क | १०,०००।- |
| ४२ | उपरोक्त उद्योग बाहेक अन्य उद्योग र व्यवसाय दर्ताको हकमा अधिकृत पुंजी | |
| | क) ५ लाख सम्म | ५००/- |
| | ख) १० लाख सम्म | १,०००/- |
| | ग) १५ लाख सम्म | १,५००/- |
| | घ) २० लाख सम्म | २,०००/- |
| | ङ) ३० लाख सम्म | ३,०००/- |
| | च) ५० लाख सम्म | ५,०००/- |
| | छ) १ करोड सम्म | ८,०००/- |
| | ज) ३ करोड सम्म | १०,०००/- |
| | झ) ५ करोड सम्म | १५,०००/- |
| | ञ) १० करोड सम्म | २०,०००/- |
| | ट) ५० करोड सम्मको लागि | ३५,०००/- |
| | ठ) ५० करोड भन्दा माथि | ०.००७ प्रतिशत |
| यस खण्डमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि उद्योग तथा व्यवसायको वार्षिक कर भन्दा दर्ता शुल्क कम हुनेछैन | | |

**(ऐनको दफा ५५ देखी ६२ संग सम्बन्धित)**

**मालपोत कार्यालयमा गर्ने सिफारिसहरु**

| क्र.सं. | विवरण | कर दर |
|---|---|---|
| १ | नाम, थर, वतन, संसोधन, प्रतिलिपि सिफारिस | २००/- |

| | | |
|---|---|---|
| २ | नामसारी, दाखिला खारेज | ३००/- |
| ३ | फोटो प्रमाणित | ३००/- |
| ४ | अन्य सिफारिस | २००/- |

**पेन्सनको सिफारीश**

| क्र.सं. | विवरण | कर दर |
|---|---|---|
| १ | स्वदेशको लागि | २००/- |
| २ | विदेशको लागि | ५००/- |

**नक्सा पास दस्तुर**

| क्र.सं. | घरको बनावट | राजमार्गको दायाँ बायाँ प्रति वर्ग फुट लाग्ने दस्तुर रु मा | शाखा पिच सडकको दाँया बायाँ प्रति वर्गफुट लाग्ने दस्तुर रु. मा | अन्य सडकको दायाँ बायाँ तथा अन्य स्थानमा प्रति वर्गफुट लाग्ने दस्तुर रु. मा |
|---|---|---|---|---|
| १ | **औद्योगिक तथा व्यासायिक प्रयोजन तर्फ** | | | |
| | **क. RCC फ्रेस स्टक्चर तर्फ** | | | |
| | जमिनतला | ५/- | ४/- | ३/- |
| | प्रथम तला | ६/- | ५/- | ४/- |
| | दोस्रो तला सो भन्दा माथि | ७/- | ६/- | ५/- |
| | **ख. लोडवेयरिङ्ग स्टक्चर तर्फ** | | | |
| | जमिन तला | ४/- | ३/- | २/- |
| | प्रथम तला | ५/- | ४/- | ३/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | ६/- | ५/- | ४/- |
| | **ग. स्टिलबाट निर्मित संरचनाको लागि** | | | |
| | जमिन तला | ४/- | ३/- | २/- |
| | प्रथम तला | ५/- | ४/- | ३/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | ६/- | ५/- | ४/- |
| | | | | |
| | **घ. ईट्टालाई सिमेन्ट वा माटोको जोडाई गरी बनेको जस्ताको छाना भएको घर** | | | |
| | जमिन तला | २/- | १/५० | १/२५ |
| | प्रथम तला | ३/- | २/५० | २/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | ४/- | ३/५० | ३/- |
| २ | **आवासीय प्रयोजन तर्फ** | | | |
| | **क. RCC फ्रेम स्टक्चर तर्फ** | | | |
| | जमिन तला | ४/- | ३/- | २/- |
| | प्रथम तला | ५/- | ४/- | ३/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | ६/- | ५/- | ४/- |
| | ख. **लोडवेयरिङ्ग स्टक्चर तर्फ** | | | |
| | जमिन तला | ३/- | २/- | १/५० |
| | प्रथम तला | ४/- | ३/- | २/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | ५/- | ४/- | ३/- |
| | **ग. ईट्टालाई सिमेन्ट वा माटोको जोडाई गरी बनेको जस्ताको छाना भएको घर** | | | |
| | जमिन तला | १/५० | १/२५ | १/- |
| | प्रथम तला | २/- | १/५० | १/२५ |
| | दोस्रो तला तथा सो भन्दा माथि | ३/- | २/- | १/- |
| | **घ. स्टिलबाट निर्मित संरचनाको लागि** | | | |
| | जमिन तला | ३/- | २/- | १/५० |

| | | | | |
|---|---|---|---|---|
| | प्रथम तला | ४/- | ३/- | २/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | ५/- | ४/- | ३/- |
| | माथि उल्लेखित जुनसुकै प्रकृतिका घरहरुकोनक्शापास दस्तुर न्यूनतम रु.५००।–भन्दा कमी हुनेछैन। | | | |
| | **ङ. कम्पाउण्डवाल** | | | |
| | आर.सी.सी वाल | ३/- | २/५० | २/- |
| | इट्टा र सिमेन्ट तथा अन्य | २/५० | २/- | १/७५ |
| ३ | सडकको पहुँच नपुगेको ग्रामिण बस्तीमा बनेको पक्की गाह्रो नभएको अस्थायी प्रकृतिको ढलान नभएको घर टहरा तथा एक दिने घर तथा टहराहरुको विवरण रेकर्ड राखि प्रमाणपत्र जारी गर्ने | | | ५००/- |

१) घर नक्साको प्रतिलिपि दस्तुर रु. ३००/–

२) घर नक्साको नामसारी दस्तुर २०% (प्रचलित मूल्यमा त्यस्तै प्रकृतिको घरका लागि लाग्ने दस्तुरको)

३) नक्सापास निवेदन दस्तुर रु.५००/–

४) नक्सापास गर्नु पर्ने तोकिएको अवधी भित्र कार्य सम्पन्न गर्न नसकीने भएमा सोही समयावधी भित्र म्याद थपको लागि आवेदन दिएमा १५ प्रतिशत थप शुल्क लिई बढीमा दुई वर्ष म्याद थप गर्न सकिनेछ।

५) पहिला पास भएको नक्सा भन्दा फरक गरी भौतीक संरचना बनाई पछि नक्सा संशोधनको लागि पेश गर्न आएमा सामान्य संशोधन भएमा १० प्रतिशत र संरचना नै संशोधन गर्नु पर्ने भएमा २० प्रतिशत थप शुल्क लिई पास गर्न सकिनेछ।

६) माथि उल्लेख नभएका सार्वजनिक पाटि, पौवा, मन्दिर, गुम्बा, मस्जिद, चर्च, स्कूल आदि वा उल्लेख नभएका अन्यको हकमा आवासिय प्रयोजनको लागि लाग्ने दस्तुर सरह लाग्नेछ।

(७) नगरपालिका स्थापना हुनु भन्दा अगाडी बनेका घरहरुको अभिलेखीकरण गर्दा नियमानुसार लाग्ने राजस्वमा ५० प्रतिशत थप दस्तुर लिई र नगरपालिका स्थापना भएपछी नक्सा पास नगराई आफुखुसी ढंगले निर्माण भएकाघरको अभिलेखीकरण गर्दा नियमानुसार लाग्ने राजस्वमा १०० प्रतिशत थप दस्तुर लिई अभिलेखीकरण गरी दिन सकिने छ। नगरपालिका स्थापना हुनु भन्दा अगाडि बनेको घर हो होईन भन्ने कुराको सिफारिश वडा कार्यालयले दिनेछ।

## वार्षिक व्यवसाय कर तथा स्थानीय विकास शुल्क दरहरु

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| | **उद्योग क्षेत्र** | |
| १ | **पाउरोटी** | |
| | क) श्रेणी (पाउरोटी उद्योग) | ५०००/- |
| | ख) श्रेणी (बेकरी,केक दुनोट आदि) | २०००/- |
| २ | **बरफ, बिस्कुट तथा दालमोठ उद्योग** | |
| | क. श्रेणी (१,२,६,८ र ९ को लागि) | १०००/- |
| | ख. श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| ३ | **अमिलो, चकलेट, मसला, तितौरा, मस्यौरा उत्पादन गर्ने घरेलु उद्योग** | |
| | क) श्रेणी (प्लाष्टिक प्याकेजिंग) | ५००/- |
| | ख) श्रेणी (कागज प्याकेजिंग) | ३००/- |
| ४ | कन्फेक्सनरी उद्योग | १५००/- |
| ५ | पास्ता, म्याकरोनी, नुडल्स, चिप्स जस्ता खाध्य सामग्री उत्पादन उद्योग (१ करोड भन्दा माथि पुंजी लगानी भएका) | १०,०००/- |
| ६ | डेरी उद्योग (दुग्ध तथा दुग्धजन्य अन्य व्यवसाय) | |
| | क) श्रेणी (डेरी उद्योग) | ५०००/- |
| | ख) श्रेणी (चिलिंग भ्याट राखी दुग्ध संकलन गरि विक्री गर्ने) | १५००/- |
| | ग) श्रेणी (दुग्ध संकलन गरि विक्री गर्ने) | ५००/- |
| ७ | मिल (कुटानी, पिसानी, पेलानी, सेलर, टेल आदि) | |
| | क) श्रेणी (एकभन्दा बढी भएमा) | २०००/- |
| | ख) श्रेणी (मसला मिल) | १०००/- |
| | ग) मसला मिल वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| | घ) मैदा मिल | १००००/- |
| | ङ) भुजा चिउरा दुवै उत्पादन गर्ने मिल | ७०००/- |
| | च) चिउरा मिल | ५०००/- |
| ८ | प्लान्ट वा उद्योग (राइस मिल) | |
| | क) स्टिम प्लान्ट | १५०००/- |

| | | |
|---|---|---|
| | ख) अटोमेटिक प्लान्ट | ७५००/- |
| | ग) अन्य राइस मिल, तेल मिल | १०००/- |
| ९ | चिप्स उद्योग | १०००/- |
| १० | विविध खाद्यान्न उत्पादन | १०००/- |
| ११ | केरा, मेवा तथा उखु बगान/फलफुल जन्य उत्पादन | ७५०/- |
| १२ | पशुआहार उद्योग फिड्स | ७०००/- |
| १३ | मिनरल वाटर उद्योग | ५०००/- |
| १४ | कुखुरा पालन व्यवसाय | |
| | कुखुरा संख्या १००० सम्मको | ५००/- |
| | कुखुरा संख्या १००१ देखि १०००० सम्म | १०००/- |
| | कुखुरा संख्या १०००१ देखि २०००० सम्म | २०००/- |
| | कुखुरा संख्या २०००१ देखि माथिको | ५०००/- |
| | ह्याचरी उद्योग वार्षिक | १००००/- |
| १५ | गाइ तथा भैंसी, बंगुर, बाख्रा पालन एबम अन्य पशुपालन व्यवसाय | १०००/- |
| १६ | **ब्लक, रिङ्ग टायल र तारबार पोल उद्योग** | |
| | क) श्रेणी (मेसिनबाट बनाउने) | २०००/- |
| | ख) श्रेणी (म्यानुयल) | १५००/- |
| | ग) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | १०००/- |
| १७ | **पोलिथिन पाइप तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग** | |
| | क) औद्योगिक | १००००/- |
| | ख) घरेलु | ४०००/- |
| १८ | **मैनबत्ती तथा अगरबत्ती उद्योग** | |
| | क) श्रेणी (मेसिनको प्रयोग गरि उत्पादन गर्ने) | १०००/- |
| | ख) श्रेणी (हातले उत्पादन गर्ने) | ५००/- |
| १९ | **ह्युमपाइप, विद्युत पोल उद्योग** | १००००/- |
| २० | रंग रोगन उद्योग | १००००/- |
| २१ | ग्रिल स्तर उद्योग तथा स्टिल रेलिंग जडान | |
| | क) वडा नं १,२,६,८,र ९ भित्रको लागि | १५००/- |
| | ख) वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि | १०००/- |
| | ग) स्टिल रेलिंग जडान व्यवसाय | २५००/- |
| २२ | **झोला तयारी गर्ने उद्योग** | |
| | क) औद्योगिक उत्पादन | ५०००/- |
| | ख) घरेलु | १०००/- |
| २३ | मेटलको भाँडा, मुर्ति र गरगहना बनाउने व्यवसाय | ७५०/- |
| २४ | माटोको भाँडा बनाउने व्यवसाय | ५००/- |
| २५ | छापाखाना तथा किताब | |
| | क) प्रेस सिलिन्डर अफसेट सहित | २०००/- |
| | ख) ३ भन्दा बढी मेसिन भएको | १५००/- |
| | ग) ३ वटा सम्म मेशिन भएको | १०००/- |
| | घ) फ्लेक्स प्रिन्ट | १०००/- |
| २६ | माछा पालन | |
| | ५ कठ्ठा सम्म | ५००/- |
| | ५ कठ्ठा देखि माथि १ बिगाह सम्म | १५००/- |
| | १ बिगाह देखि माथि २ बिगाह सम्म | २०००/- |
| | २ बिगाह देखि माथि ३ बिगाह सम्म | ३०००/- |
| | ३ बिगाह देखि माथि ४ बिगाह सम्म | ४०००/- |
| | ४ बिगाह भन्दा माथि जतिसुकै भए पनि | ५०००/- |
| २७ | साबुन उद्योग | ५०००/- |
| २८ | इट्टा चिम्नी उद्योग | ५००००/- |
| २९ | ग्याँस उद्योग | ५००००/- |
| ३० | स-मिल काठ चिरानी | |

| | | |
|---|---|---|
| | क) क श्रेणी (बेन्ड स र ट्रली समेत भएको) | १००००/- |
| | ख) ख श्रेणी (३६ ईन्चको बेन्ड स. भएको) | ७०००/- |
| | ग) ग श्रेणी (२४ वा १८ इन्चको बेन्ड स भएको) | ४०००/- |
| | घ) घ श्रेणी (बेन्ड स नभएको) | २०००/- |
| ३१ | क्रसर उद्योग | २००००/- |
| ३२ | कापी उद्योग | १००००/- |
| ३३ | क्रेट/कार्टुन उद्योग | १००००/- |
| ३४ | बोरा उद्योग | १००००/- |
| ३५ | डिष्टिलरी उद्योग | ५००००/- |
| ३६ | वियर उद्योग | ७५०००/- |
| ३७ | स्टिल/फलाम उद्योग | |
| | स्टील फ्रेब्रीकेसनका सामाग्री उत्पादक (ग्याल्नाईजीङ्ग प्लान्ट समेत) | ५००००/- |
| | स्टील फ्रेब्रीकेसनका सामाग्री उत्पादक (ग्याल्नाईजीङ्ग प्लान्ट बाहेक) रु. ५० लाख भन्दा माथि पुँजी भएका) | १००००/- |
| | स्टील फ्रेब्रीकेसनका सामाग्री उत्पादक (ग्याल्नाईजीङ्ग प्लान्ट बाहेक)<br>रु. ५० लाख भन्दा कम पुँजी भएका | ५०००/- |
| ३८ | दाना उद्योगको लागि प्लेट दाना, तथा त्यस्तै प्रकृतिका पशुदाना उद्योगहरु) | १५०००/- |
| ३९ | जिप्सन, कार्लेस बुट्टा बनाउने उद्योग | ५०००/- |
| ४० | अन्य कृषि जन्य उद्योग व्यवसाय | १०००/- |
| ४१ | पुराना कपडाबाट कपास तयार गर्ने उद्योग | १०००/- |
| ४२ | केमिकल उद्योग | १००००/- |
| ४३ | पशुपन्क्षि आहार उत्पादन | ७०००/- |
| ४४ | मेटल प्याकेजिंग उद्योग | १५०००/- |
| ४५ | हट मिक्स (अलकत्रा घोल्ने) उद्योग | २५०००/- |
| ४६ | **एकीकृत कृषि फर्म** | |
| | क) १० कट्ठा देखि २ बिघा सम्म | १५००/- |
| | ख) २ बिघा देखि ५ बिघा सम्म | २०००/- |
| | ग) ५ बिघा देखि १० बिघा सम्म | ५०००/- |
| | घ) १० बिघा भन्दा माथि | १००००/- |
| ४७ | मूर्तिकला उद्योग | २०००/- |
| ४८ | हस्तकला उद्योग, थान्का उत्पादन तथा विक्री वितरण | १०००/- |
| ४९ | **चाउचाउ उद्योग** | |
| | क) ५० लाख सम्म पुंजी | ३०००/- |
| | ख) ५० लाख भन्दा माथि | २००००/- |
| | ग) कच्चा चाउमिन उत्पादक र वितरक | १५००/- |
| ५० | क्यान जुस वा स्लाइडर उत्पादन (बहुउद्देश्यीय पेय पदार्थ) | २००००/- |
| ५१ | एक्वेरियम व्यवसाय (चारो विक्री समेत) | १५००/- |
| ५२ | बायोग्यास प्रा.लि | २५०००/- |
| ५३ | अक्सिजन प्लान्ट | ४०००/- |
| ५४ | फोहोर रिसाइकलिंग सेन्टर | ३०००/- |
| ५५ | ईको ब्लक उद्योग | २००००/- |
| ५६ | भ्यानियर उद्योग (प्लाइबोर्ड) | १५०००/- |
| ५७ | **सुनचाँदी पसल** | |
| | क) ३ जना भन्दा बढी कामदार राखी व्यवसाय गर्ने | ५०००/- |
| | ख) ३ जना सम्म कामदार राखी व्यवसाय गर्ने | ३०००/- |
| | ग) आफै गहना बनाइ व्यवसाय गर्ने | २०००/- |
| | घ) आधुनिक गहना (सुनको जलप लगाएको वा नक्कली गहना) | २०००/- |
| ५८ | औषधि उद्योग | २५०००/- |
| ५९ | **सुर्तीजन्य उद्योग** | |
| | क) श्रेणी (प्याकेजिंग सहित विक्री गर्ने) | १००००/- |

| | | |
|---|---|---|
| | ख) श्रेणी (अन्य) | २०००/- |
| ६० | फर्निचर उद्योग | |
| | क श्रेणीको उद्योग | ५०००/- |
| | साधारण फर्निचर उद्योग | १०००/- |
| ६१ | **मोटर बडी बिल्डर्स** | |
| | क) श्रेणी (बस,ट्रक) | ५०००/- |
| | ख) श्रेणी (हलुका सवारी ) | ३०००/- |
| ६२ | **एसम्बल गरि इलेक्ट्रिकलस समान उत्पादन /प्याकिंग गर्ने उद्योग** | ५०००/- |
| ६३ | **कृषि सम्बन्धि उद्योग** | ५०००/- |
| ६४ | Led light **प्याकिंग उद्योग** | ५०००/- |
| ६५ | अनलाइन शेयर बजार सिस्टम व्यवसाय वार्षिक शुल्क | ८०००/- |
| ६६ | क्रसर उद्योगबाट धुलो पाउडर लिई फेसमा लगाउने क्रिम पाउडर सावुन अन्य पदार्थ उत्पादन सप्लायर्स गर्ने व्यवसाय | २०,०००।- |
| ६७ | आल्मुनियम युपिभिसी प्रिफेव कार्डवोर्ड झ्याल ढोका उत्पादन | ८०००/- |
| | **व्यापारिक क्षेत्र** | |
| १ | **इलेक्ट्रोनिक समान** | |
| | क) कम्प्युटर,टिभी,फ्रिज लगायत इलेक्ट्रोनिक सामाग्री विक्री तथा मर्मत | २५००/- |
| | ख) कम्प्युटर,टिभी,फ्रिज लगायत इलेक्ट्रोनिक मर्मत | १०००/- |
| | ग) मोबाइल मर्मत तथा विक्री | २०००/- |
| | घ) मोबाइल मर्मत मात्र | १०००/– |
| | ङ) रेडियो, घडी, टेलिफोन, क्यालकुलेटर विक्री तथा मर्मत | ७५०/- |
| | च) रेडियो, घडी, टेलिफोन, क्यालकुलेटर मर्मतमात्र | ५००/- |
| २ | **डिलर व्यवसाय ( थोक विक्रेता)** | |
| | ५ भन्दा बढी ब्राण्डका सामानहरु डिलर | ८०००/- |
| | ३ भन्दा बढी ५ वटासम्म ब्राण्डका सामानहरुको डिलर | ४०००/- |
| | १ भन्दा बढी ३ वटासम्म ब्राण्डका सामानहरुको डिलर | २०००/- |
| | १ मात्र ब्राण्डको समानहरुको डिलर | १०००/- |
| ३ | औषधिजन्य व्यवसाय | |
| | औषधि पसलथोक विक्रेता | २०००/- |
| | औषधि पसलखुद्रा विक्रेता | १०००/- |
| ४ | रासायनिक मल,बिउ विजन, किटनासक औषधि विक्री | |
| | क) थोक | २०००/- |
| | ख) श्रेणी वडा नं १,२,६,८ र ९ को लागि | १०००/- |
| | ग) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| ५ | पान पसल | ५००/- |
| ६ | इलेक्ट्रिकल्स सामानहरुको विक्री तथा (वडा नं १, २, ६, ८ र ९ का लागि) | |
| | क) थोक र खुद्रा समेत | २०००/- |
| | ख) श्रेणी थोक मात्र | १५००/- |
| | ग) श्रेणी खुद्रा मात्र | १०००/- |
| | घ) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| | ङ) इलेक्ट्रिक सामानको मर्मत मात्र सबैको लागि | ५००/- |
| ७ | भाँडा पसल | |
| | क) थोक | १५००/- |
| | ख) खुद्रा | १०००/- |
| | ग) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| ८ | गिफ्ट तथा कस्मेटिक पसल | |
| | क) थोक | १५००/- |
| | ख) खुद्रा | १०००/- |
| ९ | पेट्रोल पम्प | |

| | | |
|---|---|---|
| | डिजेल, पेट्रोल दुवै विक्री गर्ने | १००००/- |
| | डिजेल मात्र | ५०००/- |
| | पेट्रोल मात्र | ५०००/- |
| | मट्टीतेल नोजलबाट विक्री गर्ने | १०००/- |
| | मट्टीतेल लिटरले भरेर विक्री गर्ने | ७५०/- |
| १० | ग्याँस सिलिन्डर विक्रेता | |
| | क) थोक,डिलर | २०००/- |
| | ख) खुद्रा मात्र | १०००/- |
| ११ | साइकल तथा रिक्सा विक्री | |
| | क) साइकल तथा रिक्सा दुवै थोक | २०००/- |
| | ख) साइकल तथा रिक्सा दुवै खुद्रा | १५००/- |
| | ग) साइकल तथा रिक्सा दुवै मर्मत | १०००/- |
| १२ | अटोमेकानिकल तथा ईन्जिनियरिङ्ग, पार्टस वा वर्कसप | |
| | श्रेणी (पार्ट्स थोक २ भन्दा बढी ब्राण्ड) | १००००/- |
| | श्रेणी (पार्ट्स थोक २ ब्राण्ड सम्म) | ५०००/- |
| | श्रेणी (पार्ट्स खुद्रा) | १५००/- |
| १३ | मोटरसाइकल रिकन्डिसन | ५०००/- |
| | मोटरसाइकल सोरुम | ७५००/- |
| | श्रेणी (ब्याट्रीबाट चल्ने) | १०००/- |
| १४ | मोटरसाइकल, इलेक्ट्रिक अटो तथा पेट्रोलबाट चल्ने अटो आदिको पार्ट्स विक्री तथा मर्मत | |
| | क) श्रेणी (थोक) | ५०००/- |
| | ख) श्रेणी (खुद्रा) | १०००/- |
| | ग) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| | घ ) इलेक्ट्रिक अटो तथा पेट्रोलबाट चल्ने अटो मर्मत गर्ने | 1200/- |
| १५ | जिप कार भ्यान सो रुम | १५०००/- |
| १६ | मोबिल, ग्रिज विक्री | १०००/- |
| १७ | टायर पसल सोरुम | १००००/- |
| १८ | मेसिनरी सामान विक्री | |
| | क) श्रेणी थोक | ५०००/- |
| | ख) श्रेणी खुद्रा | ३०००/- |
| १९ | किराना पसल, डिपार्टमेन्टल स्टोर | |
| | क. थोक र खुद्रा दुवै | २०००/- |
| | ख. खुद्रा वडा नं १,२,६,८ र ९ को लागि | १५००/- |
| | ग. खुद्रा वडा नं ३,४,५,७,१०,११,१२,१३ कालागि | १०००/- |
| | घ. किराना साना घुम्ती वा सो सरहका वडा १,२,६,८ र ९ | १०००/- |
| | ङ. घुम्ती खुद्रा | ३००/- |
| | च. डिपार्टमेन्टल स्टोर्स | ५०००/- |
| | छ. कोल्ड स्टोर्स, प्रोभिजनल स्टोर्स | १५००/- |
| | ज. सुपर मार्केट/मार्ट | ७०००/- |
| २० | गल्ला व्यापार (धान,मकै, गहुँ तथा अन्य खाद्यान्न आदि) | |
| | श्रेणी (वडा नं १,२,६,८ र ९ को लागि) | ३०००/- |
| | श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | २०००/- |
| २१ | आलु,प्याज, लसुन व्यापार | |
| | थोक विक्रेता | १५००/- |
| | खुद्रा विक्रेता | ७५०/- |
| २२ | घुमिफिरी खाद्यान्न तथा अन्य सामान विक्री गर्ने ठेला व्यवसाय समेत | ५००/- |

| | | |
|---|---|---|
| २३ | तरकारी, फलफुल, साग सब्जी तथा पुष्प व्यवसाय | |
| | थोक विक्रेता | १०००/- |
| | खुद्रा विक्रेता वडा नं १,२,६,८ र ९ भित्रको लागि | ७५०/- |
| | खुद्रा विक्रेता वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि | ५००/- |
| २४ | माछा, मासु पसल | |
| | वडा नं १,२,६,८ र ९ भित्रको लागि | १०००/- |
| | वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि | ७५०/- |
| २५ | अण्डा र दाना तथा पशु आहार | |
| | क) श्रेणी (थोक) | ५०००/- |
| | ख) श्रेणी (खुद्रा) | २०००/- |
| २६ | प्लाई,सिसा, कार्पेट आदि विक्री गर्ने | |
| | क) थोक र खुद्रा समेत | २०००/- |
| | ख) खुद्रा मात्र | १५००/- |
| २७ | एग्रोभेट तथा भेटनरी सम्बन्धि औषधि विक्री | |
| | एग्रोभेट र भेटनरी सहित | १०००/- |
| | एग्रोभेट र भेटनरी मध्ये एकमात्र भएमा | ७५०/- |
| २८ | छाला संकलन तथा विक्री | १५००/- |
| २९ | मादल मर्मत तथा विक्री | ५००/- |
